**शोधनिर्देशक**
मुकुन्दप्रसाद गुरागाईं
शिक्षण सहायक

# चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली विभाग महेन्द्र रत्न बहुमुखी
क्याम्पस इलामको स्नातकोत्तर तह द्वितीय
वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**अस्मिता पाण्डे**
क्याम्पस रोल नं. : १०/२०७३
परीक्षा रोल नं. : १०१७८
त्रि.वि.द.नं. : ९-२-४६७-१०९-२०१३

महेन्द्ररत्न बहुमुखी क्याम्पस
नेपाली विभाग इलाम
२०७८

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा अस्मिता पाण्डेले **चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो। अत्यन्त मेहनतका साथ तयार पारिएको यस शोधको प्रक्रिया एवम् प्राप्तिमा म पूर्ण सन्तुष्ट छु। यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि महेन्द्र रत्न बहुमुखी क्याम्पसको नेपाली विभाग समक्ष सिफारिस गर्दछु।

मिति : २०७८।०३।३२

सन् : १६ जुलाई २०२१

..................................

मुकुन्दप्रसाद गुरागाईं

(शोधनिर्देशक)

महेन्द्ररत्न बहुमुखी क्याम्पस

इलाम

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह द्वितीय वर्षका छात्रा **अस्मिता पाण्डे**ले तयार पार्नुभएको **चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्रलाई नेपाली विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

१. रोमनाथ आचार्य ..............................
उपप्राध्यापक
विभागीय प्रमुख

२. मुकुन्दप्रसाद गुरागाई ............................
शिक्षण सहायक
शोधनिर्देशक

३. ................ ............................

बाह्य परीक्षक

मिति : २०७८। ।

सन् : २०२१

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्रको **चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन** शीर्षक रहेको छ । यो शोधपत्र मैले आदरणीय गुरु मुकुन्दप्रसाद गुरागाईंका कुशल निर्देशनमा तयार पारेकी हुँ । उहाँले मलाई प्राध्यापन र अन्य व्यस्तताका बाबजुद पनि समय दिन सफल हुनुभएको छ । उहाँले दिनुभएको प्रेरणा र कुशल निर्देशनले गर्दा नै यो शोधपत्रले मूर्त रूप लिएको हो । प्रस्तुत विषयमा अनुसन्धान गर्न स्वीकृति दिने महेन्द्ररत्न बहुमुखी क्याम्पसको नेपाली विभागप्रति पनि म कृतज्ञ रहेकी छु ।

शिक्षण पेसामा आबद्ध हुँदै राजनीतिकको गरिमामय पद ओगटेर पनि साहित्यमा हात लगाएर २०७६ सालको मदन पुरस्कार पाउन सफल हुनुहुने महारानी उपन्यासका लेखक दाजु चन्द्रप्रकाश बानियाँलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँको ऐतिहासिक लेखनले मलाई पनि इतिहाससँग नजिक पुऱ्याएको छ । यस शोधकार्यको तयारीका क्रममा उहाँ टाढा भएर पनि मलाई टेलिफोनका साथै सामाजिक सञ्जालबाट विभिन्न सामग्री उपलब्ध गराइदिएर मलाई ठूलो गुन लगाउनु भएको छ । उहाँको गुनलाई म आजीवन भुल्न सक्दिन । प्रस्तुत शोधपत्र तयार गर्ने काममा महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरूले महत्त्वपूर्ण जानकारीका साथ उपयुक्त परामर्श तथा सल्लाह सुझाव दिई ठूलो सहयोग गर्नु भएकामा उहाँहरू सबैप्रति म हृदयतः कृतज्ञ रहेको छु ।

जन्मदेखि यो अवस्थासम्म मलाई ताते गराउनु हुने बुबाआमालाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको स्वीकृतिका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

वि.सं. : २०७८।०३।३२

इ.सं. : १६ जुलाई २०२१

शोधार्थी

------------

अस्मिता पाण्डे

महेन्द्ररत्न बहुमुखी क्याम्पस

इलाम

# शोधसार

प्रस्तुत शोधपत्रको शीर्षक **चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन** रहेको छ। यस शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ। शोधपत्र अध्ययनका क्रममा चन्द्रप्रकाश बानियाँको जीवनी, व्यक्तित्व र बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको सिलसिलाबद्ध एवं पूर्ण बनाउनका लागि विभिन्न शीर्षक तथा उपशीर्षकहरू क्रमिकरूपमा राखिएका छन् ।

यसमा रहेको परिच्छेद, शीर्षक तथा उपशीर्षकहरूमा समेटिएका विषयवस्तु समावेश गरिएको छ। जसमा परिच्छेद एकमा शोधपत्रको शीर्षक तथा उपशीर्षकअन्तर्गत शोधकार्यको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्व तथा उपयोगिता, सीमा, शोधविधिका साथै शोधपत्रको रूपरेखा आदि समावेश गरिएको छ ।

त्यसैगरी दोस्रो अध्यायमा चन्द्रप्रकाश बानियाँको जन्म, जन्म स्थान, बाल्यकाल, शिक्षादीक्षा, साहित्य लेखन निबन्धकार व्यक्तित्व, दाम्पत्य जीवन, कर्मक्षेत्रमा प्रवेश, रूचि तथा स्वभाव, राजनीतिमा प्रवेश, विवाह तथा सन्तान साहित्य क्षेत्रमा प्रवेश स्वभाव तथा रुचि भ्रमण मानसिक आघातका क्षणहरू मानसम्मान सम्पादक/प्रकाशक, अविस्मरणीय क्षणहरू, साहित्यिक व्यक्तित्व, चन्द्रप्रकाश बानियाँको औपन्यासिक यात्रा, जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध जस्ता उपशीर्षकहरू समावेश गरिएको छ ।

त्यस्तै यस शोधपत्रको तेस्रो अध्यायमा उपन्यासको परिचय उपन्यासको सैद्धान्तिक अध्ययन रहेको छ। जसमा उपन्यासको परिचय, औपन्यासिक तत्त्वहरू समावेश गरिएको छ। ती तत्त्वमा कथावस्तु/कथानक, चरित्र चित्रण, भाषाशैली, परिवेश, उद्देश्य, देश काल परिस्थिति, दृष्टिबिन्दु रहेका छन् । त्यस्तै उपन्यासको वर्गीकरण, आधुनिक नेपाली उपन्यास प्रवृत्ति र प्रयोग रहेका छन् । त्यस्तै चौथो परिच्छेदमा चन्द्रप्रकाश बानियाँको चरण विभाजन गरिएको छ। त्यसमा पूर्वार्ध चरण (आभ्यासिक काल) र उत्तरार्ध चरण (प्रकाशन काल २०६५ देखि हालसम्म), चन्द्रप्रकाश बानियाँको साहित्यिक प्रवृत्ति, संस्कार र तिनका विकृति रूप, दरबारिया स्थिति, आर्थिक स्थिति जस्ता विभिन्न उपशीर्षकहरू छन् ।

त्यस्तै पाँचौं परिच्छेदमा 'महारानी' उपन्यासको कृतिपरक अध्ययन गरिएको छ। त्यसमा विभिन्न उपशीर्षकहरू दिँदै अध्ययन गरिएको छ। यो उपन्यास जम्मा ३६८ पृष्ठ रहेको उक्त पृष्ठमा त्रिपन्न अङ्कको लमाइको उपन्यास रहेको छ।

परिच्छेदमा उपन्यासको कथानक, अङ्कगत व्याख्या गरिएको छ भने उपन्यासको चरित्रचित्रण, भाषाशैली, परिवेश, देश काल परिस्थिति, उद्देश्य, दृष्टिबिन्दुयस छैटौं परिच्छेदमा उपसंहार राखिएको राखिएको छ। यसै अध्यायको अन्त्यमा आगामी दिनमा शोध गर्न इच्छुक व्यक्तिहरूलाई यस शोधपत्रस"ग सम्बद्ध सम्भावित शीर्षकहरू पनि प्रस्तुत गरिएको छ। अन्त्यमा सन्दर्भसूची र परिशिष्ट राखिएको छ।

# विषयसूची

विषय | पृष्ठ


**परिच्छेद : एक**

**शोधपत्रको परिचय** **१-७**

१.१ शोध शीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन २

१.५ शोधपत्रको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ६

१.८ अध्ययनको सीमा ७

१.९ सामाग्री सङ्कलन ७

१.१० शोधविधि ७

१.११ शोधपत्रको रूपरेखा ७

**परिच्छेद : दुई**

**उपन्यासकार चन्द्रप्रकाश बानियाँको परिचय** **८-१८**

२.१ जीवनी ८

२.१.१ जन्म र जन्म स्थान ८

२.१.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि ८

२.१.३ बाल्यकाल ८

२.१.४ शिक्षादीक्षा ९

२.१.५ पेसा ९

२.१.६ जीवनका प्रमुख क्षणहरू १०

२.१.७ राजनीतिमा प्रवेश १०

२.१.८ विवाह तथा सन्तान ११

२.१.९ साहित्य क्षेत्रमा प्रवेश ११

२.१.१० स्वभाव तथा रुचि १२

२.१.११ भ्रमण १२

२.१.१२ मानसिक आघातका क्षणहरू १३
२.१.१३ मान सम्मान १३
२.१.१४ सम्पादक/प्रकाशक १३
२.१.१५ अविस्मरणीय क्षणहरू १४
२.२ व्यक्तित्व १५
२.२.१ बाह्य व्यक्तित्व १५
२.२.२ आन्तरिक व्यक्तित्व १६
२.२.३ साहित्यिक व्यक्तित्व १६
३.३ चन्द्रप्रकाश बानियाँको औपन्यासिक यात्रा १७
२.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध १७
**परिच्छेद : तीन**
**उपन्यासको सैद्धान्तिक अध्ययन १९-३७**
३.१ उपन्यासको परिचय १९
३.२ उपन्यासको परिभाषा १९
३.३ औपन्यासिक तत्त्वहरू २०
३.३.१ कथावस्तु/कथानक २०
३.३.२ चरित्र चित्रण २१
३.३.३ भाषाशैली २१
३.३.४ परिवेश २२
३.३.५ उद्देश्य २२
३.३.६ देश काल परिस्थिति २२
३.३.७ दृष्टिबिन्दु २३
३.४ उपन्यासको वर्गीकरण २३
३.४.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण २४
३.४.२ कथानकको आधारमा उपन्यासको वर्गीकरण २५
३.४.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण २६
२.५ आधुनिक नेपाली उपन्यास प्रवृत्ति र प्रयोग २७
२.६ नेपाली उपन्यासको विकासक्रम ३२

## परिच्छेद : चार

**चन्द्रप्रकाश बानियाँको साहित्यिक यात्रा र प्रवृत्ति** **३८-४३**

४.१ पृष्ठभूमि ३८

४.२ चन्द्रप्रकाश बानियाँको चरण विभाजन ३८

४.२.१ पूर्वार्ध चरण (आभ्यासिक काल) ३९

४.२.२ उत्तरार्ध चरण (प्रकाशन काल २०६५ देखि हालसम्म) ३९

४.३ चन्द्रप्रकाश बानियाँको साहित्यिक प्रवृत्ति ३९

४.३.१ मानवतावाद ३९

४.३.२ सामाजिकता ४०

४.३.३ प्रकृति चित्रण ४०

४.४ संस्कार र तिनका विकृत रूप ४१

४.५ दरबारिया स्थिति ४१

४.६ आर्थिक स्थिति ४२

## परिच्छेद : पाँच

**'महारानी' उपन्यासको कृतिपरक अध्ययन** **४४-८९**

५.१ परिचय ४४

५.२ महारानी उपन्यासको संरचना ४४

४.२.१ कथानक/विषयवस्तु ४६

५.२.२ चरित्रचित्रण ७२

५.२.३ भाषाशैली ७८

५.१.४ परिवेश ८०

५.२.५ देश काल परिस्थिति ८३

५.२.६ उद्देश्य ८४

४.२.७ दृष्टिबिन्दु ८५

५.३ निष्कर्ष ८८

## परिच्छेद : छ

**उपसंहार तथा निष्कर्ष** **९०-९६**

सन्दर्भ सामग्री ९७-९९

परिशिष्टहरू १००-१०१

# संक्षेपीकृत सूची

| | | |
|---|---|---|
| आइ.ए. | = | इन्टरमेडियम एजुकेशन |
| उपप्रा. | = | उपप्राध्यापक |
| एस.एल.सी. | = | स्कुल लिभिङ सर्टिफिकेट |
| एम.ए. | = | मास्टर अफ आट्स |
| डा. | = | डाक्टर |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| पृ.सं. | = | पृष्ठ सङ्ख्या |
| बी.ए. | = | व्याचलर अफ आट्स |
| मा.वि. | = | माध्यमिक विद्यालय |
| वि.सं. | = | विक्रम संवत् |
| सम्पा. | = | सम्पादक |
| सप्रा. | = | सहायक प्राध्यापक |
| सन् | = | इस्वी सम्वत |
| स्व. | = | स्वर्गीय |

## परिच्छेद : एक

## शोधपत्रको परिचय

### १.१ शोध शीर्षक

**प्रस्तुत शोधपत्रको शीर्षक** चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन **रहेको छ ।**

### १.२ शोधकार्यको प्रयोजन

**प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तहका दसौं पत्रका प्रयोजनका लागि तयार पारिएको हो ।**

### १.३ विषय परिचय

**उपन्यासकार चन्द्रप्रकाश बानियाँको जन्म म्याग्दी जिल्लाको साविक पुलाचौर ९, हाल बेनी नगरपालिका वार्ड नं ५ भिरमुनीमा २००७ साल चैत २५ गते भएको हो । उनी बुबा हस्तदल बानियाँ र आमा नन्दकुमारी बानियाँका दुई दिदी र पाँच भाइमध्येका कनिष्ठ हुन् । उनले विद्यामन्दिर माध्यमिक विद्यालय बागलुङबाट एसएलसी र सरस्वती क्याम्पस, ठमेल, काठमाडौँबाट स्नातक गरेका छन् । उनले विसं २०२४ मा बालबोधिनी प्रावि भिरमुनिबाट शिक्षण कार्य शुरु गरी पौलस्त्य निमावि भीरमुनि, मुक्तिधाम मावि राखु भगवती र मङ्गला मावि बाबियाचौरमा अध्यापन गराएका थिए । अध्यापनकै सिलसिलामा शिक्षक आन्दोलनमा सशक्त भूमिका खेल्दै पञ्चायती व्यवस्थाको विरोधमा लागेको आरोपमा २०३६ सालमा शिक्षक पदबाट उनलाई बर्खास्त गरिएको थियो । चन्द्रप्रकाश बानियाँका पाण्डुलिपि** बिग्रह (**२०५५**) **उपन्यास,** अभिलेख (२०६०) **उपन्यास र** गीता अनुवाद विश्लेषण (**२०५८**) **अप्रकाशित नै रहेका थिए । उनले लेखेका यी कृतिहरू माओवादी द्वन्द्व कालमा माओवादीहरूलाई सघाएको भन्दै बानियाँलाई प्रशासनले लगेको र पछि यी कृतिहरू पनि प्रकाशन हुन नपाउँदै घरमा छापा पारेर लगेका थिए । हाल उनका चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । ऐतिहासिक पर्वत राज्य (२०६५), मृत्यु संस्कार मन्थन (२०७५), महारानी (२०७६) भौंज्यहा (२०७७) रहेका छन् । उनका केही पुस्तकहरू शिखा बुक्स काठमाडौँले प्रकाशन गरेको हो ।**

## १.४ समस्या कथन

उपन्यासकार चन्द्रप्रकाश बानियाँका दुईवटा प्रकाशित कृतिहरू रहेका छन् भने फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन्। उनले सङ्ख्यात्मकभन्दा पनि गुणात्मक हिसाबले उत्कृष्ट कृतिहरूको रचना गरेका छन्। जसले २०७६ सालको मदन पुरस्कार पाउन सफल भएको छ। साहित्यलाई समुन्नत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरे पनि उनका बारेमा सामान्य चर्चा र परिचर्चा भइसकेको छ। उनको गहन अध्ययन गरिएको पाइँदैन। तसर्थ प्रस्तुत शोधपत्रमा निम्नलिखित शोध समस्यामा केन्द्रित रही महारानी उपन्यासको कृतित्वको अध्ययन गरिएको छ :

क) चन्द्रप्रकाश बानियाँको जीवनी, व्यक्तित्वका पक्षहरू के कस्ता छन् ?

ख) चन्द्रप्रकाश बानियाँको उपन्यास कस्तो रहेको छ ?

ग) चन्द्रप्रकाश बानियाँको महारानीका बारेमा अध्ययन कसरी गर्नु उपयुक्त हुन्छ ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्र माथि उल्लेख गरिएका शोध समस्यामा केन्द्रित भई निम्नलिखित उद्देश्य प्राप्तिका निम्ति प्रयत्नशील रहेको छ :

क) चन्द्रप्रकाश बानियाँको जीवनी, व्यक्तित्वका पक्षहरूको खोजी गरी अध्ययन गर्नु,

ख) चन्द्रप्रकाश बानियाँको उपन्यासको अध्ययन गर्नु,

ग) चन्द्रप्रकाश बानियाँका सिर्जनात्मक कृतिमध्ये महारानी उपन्यासका बारेमा अध्ययन गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

उपन्यासकार चन्द्रप्रकाश बानियाँको कृतित्वका विषयमा यस अघि विभिन्न लेखक समालोचकहरूले छिटफुट रूपमा विभिन्न पत्रपत्रिकामा चर्चा परिचर्चा गरेको पाइन्छ। उनको कृतित्वको समग्र अध्ययन चाहिँ कमै भएको पाइन्छ। चन्द्रप्रकाश बानियाँको कृतित्वका बारेमा निम्नअनुसार चर्चा गरिएको छ :

– रमा अधिकारी (२०७७) ले भाइभाइबीचको द्वन्द्व र त्यसको चपेटमा परेका आमजनता, महिला तथा बालबालिकाको जीवन कथा कारूणिक बन्दै आएका प्रसङ्गले इतिहास र मिथकहरू भरिएका छन्। ती इतिहास र मिथकहरूको नवइतिहासवादी विपठनले उक्त द्वन्द्वहरू आफ्ना कतिपय सङ्कथनको गर्तमा

लुकाएको सत्यहरूलाई अगाडि ल्याइदिन्छ र नयाँ सत्यहरू स्थापित गरिदिन्छ। महारानी उपन्यासले यस्तै भातृद्वन्द्वको जगमा उभिएको ऐतिहासिक कथा बोकेको छ भनी उल्लेख गरेकी छिन्।

- भीम गौतम (२०७७) ले ऐतिहासिक उपन्यास महारानीले नेपालको इतिहासको एउटा महत्वपूर्ण कालखण्डलाई समेट्ने प्रयास गरेको छ। खासगरी नेपाल एकीकरण हुनुभन्दा अघिको पर्वत राज्य र यसभित्र भएका उतार-चढावहरूलाई कथाकृत गरिएको यो उपन्यासले समाज, संस्कृति र कुटनीतिको पनि चर्चा गरेको छ। एकीकरण अघिको खस नेपाली भाषा, पर्वत राज्य र त्यसको प्रभाव आधुनिक पर्वते भाषिकामा कसरी निरन्तर छ भन्ने कुराको पनि उपन्यासको माध्यमबाट अनुमान गर्न सकिन्छ भनेका छन्।

- दिनबहादुर थापा (२०७७) ले उपन्यासमा इतिहासको प्रतिनिधित्व र नायकको भूमिका निर्वाह गर्ने मुख्य पात्रहरू राजा घनश्याम र उनका छोरा युवराज मलेबम हुन्। पर्वतराज्यको इतिहासमा यी दुई पुस्ताको राज्य सञ्चालन अवधि वि.सं. १७४३ देखि १७८९ सम्मलाई मानिन्छ। यही अवधिको घटना, स्थान र पात्रलाई उपन्यासको मूल आधार बनाइएको छ। भद्रीबम, प्रेमनिधि पन्त, कालु थापा, मणिरञ्जन बानियाँ, रन्के मगर, जैचन छन्त्याल, भृगु भट्ट, कमल जैसी, डिल्ली भुजेल, पृथ्वीपति आदि पात्रहरू लोकपरम्परामा जीवित रहेका नाम हुन्। विश्वप्रभा, महलवसन्ता, गुलवदन, जयन्ती, सुमन्त, मकरध्वज, जङ्गे सुनार, बुधे पुर्जा, गौमती सुनार, कीर्तिमान घर्ती, सन्तु कुमाल, ढल्के पुन, मने आरने, लोहासुर, रम्भा, चपली, वैजन्ती, जमदग्नी, राकसे गुरुङ, नलिनी, सुनयान, जयन्त छन्त्याल, सकतबम, धर्मजयबम आदि पात्रहरू काल्पनिक वा यथार्थ कुन स्रोतका हुन् भन्ने विषयमा लेखकसँगै विमर्श गर्नुपर्ने हुन्छ। यीमध्ये कतिपय पात्रहरू र उनीहरूको समयावधि भने अझै सन्दिग्ध नै देखिन्छ भनेका छन्।

- ध्रुवसागर शर्मा (२०७७) ले महारानी उपन्यासमा तत्कालीन पर्वत राज्यको साङ्गो पाङ्गो वर्णनको दस्तावेज हो। महारानी उपन्यासमा तत्कालीन चौबिसे राज्यअन्तर्गत पर्वत राज्यको कथा समेटिएको छ। तत्कालीन पर्वत राज्यको राजधानी म्याग्दीको बेनीमा थियो। त्यतिबेलै बेनीमा एउटा देवीको मन्दिर

बनाइएको किंवदन्ती छ। ती देवीलाई अहिले पनि महारानी भनेर पूजा गर्ने चलन रहेको छ। पर्वत राज्यको इतिहास, यहाँका अनेकन किम्वदन्ती, त्यतिबेलाको संस्कृति, भाषा, कला र बेनीमा रहेको महारानी देवीको मन्दिर लगायतका विषयवस्तुहरू यस उपन्यासमा उठान गरिएको छ भनी उल्लेख गरिएको छ।

– बिन्दु शर्मा (२०७७) ले 'महारानी' तीन सय वर्ष पहिलेको चौबिसी राज्यहरूमध्येको पर्वत राज्यको राजपरिवारभित्र गद्दीका लागि भएको खिचातानीको घटनामा आधारित ऐतिहासिक उपन्यास हो। ऐतिहासिक आख्यानमा अधिकांशतः इतिहासमा अभिलेख भएका परिवेश, घटना, पात्रका चरित्र, द्वन्द्व आदिलाई यथार्थवादी ढङ्गले चित्रण गरिन्छ। तर, सम्मोहक आख्यान यसको पहिलो सर्त हो भने ऐतिहासिक सूचनाहरूसँग मिल्तीचाहिँ दोस्रो महत्त्वको हुन्छ। यसमा स्वतन्त्र कल्पनाको पनि स्थान रहन्छ अन्यथा कृति इतिहासको दस्तावेज मात्र हुन सक्छ। त्यसैले उपन्यासकारले ऐतिहासिक जीवनको सर्वाङ्गीण पक्षको सूक्ष्म र गम्भीर अध्ययन गरेको हुनुपर्छ अनि ती सम्पूर्ण कुरालाई कलात्मक प्रस्तुतिका लागि कुन कुरा हटाउने र कुन राख्ने विवेकसम्मत निर्क्योल पनि उसले निकाल्नुपर्छ भनी उल्लेख गरिएको छ।

– दीपक परियार (२०७७) ले 'महारानी'मा विक्रम संवत् १७७० को दशकको पर्वत राज्यको इतिहास, तत्कालीन समाज रीतिथिति, भाषा र राज्य व्यवस्थाको गठजोड छ। उनकै भाषामा भन्ने हो भने 'यो इतिहास मात्रै पनि होइन, उपन्यास वा सामान्य साहित्य मात्रै होइन। प्रगतिवादी चिन्तन पनि छ त्यसभित्र।' प्रगतिवादी धारबाट किंवदन्तीहरूको खण्डन गरेर तथ्यमा टेक्ने कोसिस गरेका छन् उनले। उपन्यासमा छुवाछुतको समस्या देखाइएको छ। विश्वकर्मालाई सम्मानित पात्र बनाएका छन्। महिलालाई वस्तुको रूपमा नभएर ठूलो निर्णय गर्दा उनीहरूको राय लिनुपर्ने विषय उठान गरेका छन्। यी प्रगतिवादी धारका लेखकले पात्रको मुखबाट आफ्नो भावना पोखेका छन्। एकजना पात्रबाट उनले पूजाआजा गरेर रोग निको हुन्छ भन्नेमा प्रश्न उठाएका छन्। 'देवताको बोलीले होइन नीति नियम समाजले बनाउने हो' भनी उल्लेख गरिएको छ।

- रामकुमार शाही (२०७७) ले महारानी उपन्यासमा तत्कालीन चौबिसे राज्यअन्तर्गत पर्वत राज्यको कथा रहेको छ। तत्कालीन पर्वत राज्यको राजधानी म्याग्दीको बेनीमा थियो। त्यतिबेलै बेनीमा एउटा देवीको मन्दिर बनाइएको किम्बदन्ती छ। ती देवीलाई अहिले पनि महारानी भनेर पूजा गर्ने चलन रहेको छ। पर्वत राज्यको इतिहास, किम्बदन्ती, त्यतिबेलाको संस्कृति, भाषा, कला र बेनीमा रहेको महारानी देवीको मन्दिर लगायतका विषय उपन्यासमा छन्" भनी उल्लेख गरिएको छ।

- मनोजकुमार श्रेष्ठ (सन् २०२०) ले बेनी बजारको पश्चिमस्थित कुरिलाखर्कमा रहेको महारानी थानमा परम्परादेखि नै पुजिँदै आएकी देवी हु महारानी। ऐतिहासिक तथ्यका आधारमा उनी राजा घनश्यामका माहिला राजकुमार भद्रिबम (जो राजगद्दीका लागि भएको षड्यन्त्रमा मारिएका थिए) की पत्नी थिइन्। भद्रिबम मारिएपछि उनलाई राजा मलेबमले बलजफ्ती रानीवास (राजाका यौनदासीहरूलाई राखिने दरबार) मा राखेको, उनले आत्महत्या गरेको, बेपत्ता भएको जस्ता अनेकौं लोकोक्तिहरू पनि प्रचलित छन्। तर, यस उपन्यासमा चाहिँ मलेबम प्रदेशका नामबाट लोकप्रसिद्धि कमाएको सोह्र हजार पर्वत राज्यमा तिनै राजा मलेबम युवराज हुँदा उनीसँग बिहे गराउनका लागि डोला ल्याइएकी देउपुरकी राजकुमारी विश्वप्रभालाई नै महारानी मानिएको छ भनी उल्लेख गरिएको छ।

- केशवराज जोशी (२०७७) ले 'प्रायः ऐतिहासिक प्रसङ्गहरूको अध्ययन अनुसन्धान गरी लेख्न रुचाउने बानियाँले यो किताबमा पर्वतको एउटा ऐतिहासिक घटनालाई समेटेका छन्। तत्कालीन चौबिसे राज्य पाल्पाको राजधानी बेनीबजारको पश्चिमखण्ड कुरिलाखर्कमा देवीको मन्दिर छ। जुन देवी महारानीको नामले प्रसिद्ध छिन्। महारानी त्यतै हराएकी हुन् भन्ने किंवदन्ती छ। सोही ऐतिहासिक/पौराणिक घटनाको गहन खोज अनुसन्धान गरी तयार पारिएको उपन्यास हो महारानी' भनी उल्लेख गरिएको छ।

- अनिष भट्टराई (२०७७) ले 'आउँदा गह्रुङ्गो मन लिएर आएका उनी म्याग्दी फर्कँदा भने ठीक विपरीत भाव लिएर फर्किए। तर अहिले पनि बानियाँ पोखरामा अपरिचित भन्न चाहन्छन्। उनी आफू बढी चर्चित नभएको भए हुने जस्तो लाग्ने बताउँछन्। महारानी लेख्नु अगाडि उनीसँग थुप्रै कथाहरू थिए। म्याग्दीको एक

धार्मिक स्थल जहाँ मन्दिर छैन, त्यहाँकी देवीको कथा पनि छैन । बानियाँलाई त्यहाँको कथालाई नै उपन्यास बनाउने निधो गरे । महारानी केवल एक कथा मात्र नभएर इतिहास पनि हो भनेका छन्' ।

– रूपक अलङ्कार (२०७७) ले 'उपन्यासको आधरभूमि पर्वत राज्य हो । गोरखादेखि पश्चिम जुम्लादेखि पूर्वको नेपाल यस उपन्यासमा पाइन्छ तर कथा वर्तमान विशाल नेपाल निर्माण हुनुभन्दा पहिलेकै हो । तीन सय वर्षअघिको पर्वतराज्यको एउटा ऐतिहासिक कालखण्डलाई महारानी उपन्यासले उधिनेको छ । बाइसे चौबिसे राज्यहरूमा पर्वत राज्य शक्ति सम्पन्न र प्रभावशाली थियो' भनेका छन् ।

– राजकुमार बानियाँ (२०७७) ले २०३६ को शिक्षक आन्दोलनमा लागेबापत उनको जागिर खोसुवा भयो । उसो त अंग्रेजी शिक्षक चन्द्रप्रकाश राजनीतिमा प्रत्यक्ष रुचि राख्ने व्यक्ति थिएनन् । स्कुल जीवनमा दब्बु खालकै विद्यार्थी थिए । शिक्षक आन्दोलनमा पनि अग्रपंक्तिमा थिएनन् । तर, प्रशासनले उनैलाई आँखी बनायो । सार्वजनिक अपराधको मुद्दामा वर्षौं तारेख बोकायो । झन्डै आठ वर्ष गाउँघरमै एक हल गोरु र भैंसी पालेर बसे । वल्तिरपल्तिरका केटाकेटीलाई ट्युसन पनि पढाइदिन्थे स्वयंसेवीका रूपमा । उनका काका कर्णबहादुर र उनै थिए गाउँमा पहिलो छिमलमा स्नातक । आफूभन्दा पाँच वर्ष कान्छा काका कर्णका पनि उनी गुरू हुन् । जागिर खोसुवापछि उनी सामाजिक कार्यकर्ताका रूपमा पत्तै नपाई राजनीतिसँग जोडिएछन् । एक दिन नेकपा मालेको म्याग्दीको सचिव रहेका लमजुङे भूमिगत नेताले सेल्टरमा बोलाए । चन्द्रप्रकाशले मधेस झरेर बस्ने योजना सुनाए । उनले भनेछन्, 'मधेस झर्‍यो भने तपाईंको सामाजिक हैसियत शून्यबाट सुरु हुन्छ । त्यसैले नजानूस् ।' ती कमरेडको योजना चन्द्रप्रकाशलाई चुनाव उठाउने नै रहेछ भनी उल्लेख गरेका छन् ।

यसरी उनका कृतिका बारेमा माथि प्रस्तुत गरिएका अध्ययन, टिप्पणी र चर्चा परिचर्चा अपूर्ण र अपुग देखिन्छ । विशेषतः पूर्व अध्येताहरूले उनको सामान्य चर्चा गर्दै वा सामान्य परिचय मात्र दिएका छन् । तसर्थ बानियाँको कृतिको विश्लेषण गरी उपन्यासको विशेषता उद्घाटनका निम्ति प्रस्तुत अध्ययन आवश्यक देखिन्छ ।

### १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

साहित्यका क्षेत्रमा आफ्ना योगदानलाई जीवन्त तुल्याउने बानियाँका बारेमा पूर्व अध्येताहरूले दिएका सूचना र सङ्केतहरू पर्याप्त देखिँदैनन्। तसर्थ यस बारेमा यथासम्भव सुव्यवस्थित रूपमा अध्ययन गरिएको हुँदा शोधकार्यको स्वतः औचित्य स्थापित हुने देखिन्छ।

### १.८ अध्ययनको सीमा

यस शोधकार्यमा उपन्यासकार बानियाँद्वारा रचित 'महारानी' उपन्यासभित्र सीमित रहेर शोध अध्ययन गरिएको छ। औपन्यासिक तत्वका आधारमा महारानी उपन्यासको समीक्षा गरिएको छ।

### १.९ सामाग्री सङ्कलन

यस शोधकार्यको निर्माण गर्दा सामग्री सङ्कलनको रूपमा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतहरूका उपयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा स्वयम् व्यक्तिलाई भेट्ने, टेलिफोन, अनलाइन तथा निजको उपन्यासको कृतिलाई अङ्गिकार गरिएको छ भने द्वितीयक स्रोतका रूपमा विभिन्न पत्रपत्रिका, अनलाइन समाचार पेज तथा पुस्तकहरूको प्रयोग र पुस्तकालय अध्ययन रहेको छ।

### १.१० शोधविधि

यस शोधकार्यको अध्ययन विधिअन्तर्गत बानियाँको जीवनी र व्यक्तित्वका महत्वपूर्ण पक्षहरूको कालक्रमिक रूपमा टिपोट र आवश्यक रूपमा व्याख्या गरिएको छ। उनका पुस्तकाकार कृतिको अध्ययन र विश्लेषण गरिएको छ। यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई सङ्कलन, वर्गीकरण, विश्लेषण तथा मूल्याङ्कन गरी प्रस्तुत गरिएको अध्ययन विधि अगाडि बढाइएको छ।

### १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नअनुसार अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : उपन्यासकार चन्द्रप्रकाश बानियाँको परिचय

अध्याय तीन : उपन्यासको सैद्धान्तिक परिचय

अध्याय चार : 'महारानी' उपन्यासको अध्ययन तथा विश्लेषण

अध्याय पाँच : उपसंहार तथा निष्कर्ष

सन्दर्भसामग्री सूची

# परिच्छेद : दुई

## उपन्यासकार चन्द्रप्रकाश बानियाँको परिचय

## २.१ जीवनी

### २.१.१ जन्म र जन्म स्थान

साहित्यकार बानियाँको जन्म म्याग्दी जिल्लाको साविक पुलाचौर ९, हाल बेनी नगरपालिका वार्ड नं ५ भिरमुनीमा २००७ साल चैत २५ गते भएको हो। उनी बुबा हस्तदल बानियाँ र आमा नन्दकुमारी बानियाँका कान्छा सुपुत्र हुन् (शोधनायकबाट प्राप्त जानकारी २०७७।१२।२०)।

### २.१.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि

चन्द्रप्रकाश बानियाँका पुर्खा नै पुला, बेनी नगरपालिका-५, म्याग्दी बसोबास गरेको पाइन्छ। उनका हजुरबुबा पहलसिंह बानियाँ हुन् भने पिता हस्तदल हुन्। म्याग्दीको पुला, भीरमुनिको बूढाघरमा जन्मिएका चन्द्रप्रकाशका पुर्खा थिए जेठा बूढा पदवी पाएका रतन बानियाँ। पर्वत राज्य निर्माणमा योगदान गरेका उनको घडेरीलाई अहिले पनि ‘बूढाघर’ भन्छन्। चन्द्रप्रकाशको सग्लो परिचय त्यही ‘बूढाघरे कान्छो’ हो। उनी दुई दिदी र पाँच भाइमध्येका कनिष्ठ हुन्। उनको वंश लहरो हेर्दा बाजेका बाजे डिट्ठा, बाजेका बा अमाली डिट्ठा, बाजे जिम्माल मुखिया, बा हस्तदल जिम्माल भएका देखिन्छन्। उनका ठूलदाइ लालबहादुर बानियाँ तत्कालीन जिल्ला उपसभापति र धौलागिरीका अञ्चल जाँचबुझ अध्यक्षसम्म भएका थिए। कान्छा भाइका रूपमा जन्मिएका चन्द्रप्रकाश सबैभन्दा तीक्ष्ण बुद्धि भएका व्यक्ति हुन् (शोधनायकबाट प्राप्त जानकारी)।

### २.१.३ बाल्यकाल

चन्द्रप्रकाश बानियाँको बाल्यकाल म्याग्दी बितेको थियो। दाजु दिदीहरूको मायाममतामा भुलिएर उनी गाउँघरमा घाँस, दाउरा, वस्तुभाउ जस्ता काममा रमाएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी २०७७।१२।२०)।

२.१.४ शिक्षादीक्षा

चन्द्रप्रकाशका बुबा शिक्षित भएका कारण सानै उमेरबाट शिक्षाको उज्यालो पाउने अवसर प्राप्त भएको देखिन्छ । उनले प्राथमिक शिक्षा गाउँकै बालबोधिनी प्राथमिक विद्यालय कुलाचौर म्यादीमा भएको थियो । त्यस्तै विद्या मन्दिर माध्यमिक विद्यालय बागलुङबाट एसएलसी पास गरेका थिए । त्यस्तै गरी सरस्वती क्याम्पस, ठमेल, काठमाडौंबाट स्नातक गरेका छन् । उनका काका कर्णबहादुर र उनै थिए गाउँमा पहिलो छिमलमा स्नातक गर्ने व्यक्ति । आफूभन्दा पाँच वर्ष कान्छा काका कर्णका पनि उनी गुरू हुन् । उनले स्नातकोत्तर गर्न सकेनन् (शोधनायकबाट प्राप्त जानकारी २०७७।१२।२०) ।

२.१.५ पेसा

चन्द्रप्रकाश बानियाँ विद्यामन्दिर मावि बागलुङबाट एसएलसी गरेलगत्तै विभिन्न विद्यालयमा पढाउन थालेका चन्द्रप्रकाशले म्याग्देली समाजमा 'गुरु' को सम्मान पनि पाएका छन् । वि.सं. २०२४ मा बालबोधिनी प्रा.वि. भिरमुनीबाट शिक्षण सुरु गरी पौलस्त्य नि.मा.वि. भीरमुनि, मुक्तिधाम मावि राखु भगवती र मङ्गला मावि बाबिया चौरमा अध्यापन गरेका थिए । अध्यापनकै सिलसिलामा शिक्षक आन्दोलनमा सशक्त भूमिका खेल्दै पञ्चायती व्यवस्थाको विरोधमा लागेका आरोपमा २०३६ मा उनलाई शिक्षकबाट बर्खास्त गरी सार्वजनिक अपराधको मुद्दा लगाइएको थियो । निजामती सेवा प्रवेश गर्ने चाहना राखेका उनले ०३४ र ०३५ मा दुईपटक लोकसेवा आयोगको लिखित परीक्षा पास गरे । योग्यता क्रममा दुई र पाँच नम्बरमा नाम निकाल्न सफल उनलाई पञ्चायत व्यवस्था विरोधी भन्दै अन्तर्वार्तामा अनुत्तीर्ण गराइयो । २०४७ भदौमा उनी पुनर्बहाली भए । बाबियाचौरको मंगला माविमा पढाउन थाले । उनले झन्डै आठ वर्ष गाउँघरमै एक हल गोरु र भैंसी पालेर बसे । उनले सरकारले जागिर खोसिदिएको समयमा वल्तिरपल्तिरका केटाकेटीलाई ट्युसन पनि पढाइदिन्थे । साबिक मंगल मावि बाबियाचौरमा पढाउन जाँदा एकखाले हीनताबोधजस्तो भइरहेका बेला तत्कालीन मालेले योग्यता नपुगेका उनलाई पार्टी सदस्यता मात्रै दिएन, आम चुनाव लड्ने प्रस्ताव गर्यो । त्यही झोकमा पेन्सन पाक्न दुई वर्ष बाँकी रहेको स्थायी जागिर छाडिदिए । पेन्सन पनि पाकेन, उपदान पनि लिएनन् । (भाइ कृष्णबहादुर बानियाँबाट प्राप्त जानकारी २०७७।१२।२२) । उनी अहिले पोखरामा गुफाबासको अनुभव गर्छन् । कसैसित चिनजान र सरसंगत छैन । तन पोखरामा छ, मन म्याग्दीमै ।

कतिसम्म भने मदन पुरस्कारको उत्कृष्ट सूचीमा उनीसँगै रहेका कवि तीर्थ श्रेष्ठसँग पनि उनको चिनजान छैन । उनी आफ्नो अनुभव सुनाउँछन् ।

### २.१.६ जीवनका प्रमुख क्षणहरू

चन्द्रप्रकाश बानियाँको प्रमुख क्षणमा अध्यापनकै सिलसिलामा शिक्षक आन्दोलनमा सशक्त भूमिका खेल्दै पञ्चायती व्यवस्थाको विरोधमा लागेको आरोपमा २०३६ मा उनलाई शिक्षकबाट बर्खास्त गरी सार्वजनिक अपराधको मुद्दा लगाइएको थियो । त्यस समयको प्रशासनले माफी मागेर पञ्चायती व्यवस्थाको पक्षमा मत जाहेर गरेमा मुद्दा खारेज गरी शिक्षकमा पुनर्बहाली गरिदिने प्रलोभन देखाइएको भए पनि बानियाँले स्वीकार नगरेको पाइन्छ (साहित्यकार कृष्णबहादुर बानियाँसँगको टेलिफोन संवाद २०७७।१२।२०) । फलस्वरूप उनलाई लगातार १० वर्ष तारेख थमाइएको थियो । ०५९ भदौ ५ मा तत्कालीन नेकपा माओवादीमा लागेको आरोपमा प्रशासनले गिरफ्तार गरी पटक-पटक नजरबन्दमा राख्यो । सर्वोच्च अदालतको आदेशबाट जेलमुक्त भएपछि ज्यानको सुरक्षामा खतरा देखिएको २०६१ देखि सपरिवार काठमाडौंमा डेरावास थाले (शोधनायकसँगको टेलिफोन संवाद २०७७।१२।२२) ।

### २.१.७ राजनीतिमा प्रवेश

चन्द्रप्रकाश बानियाँ अङ्ग्रेजी शिक्षक चन्द्रप्रकाश राजनीतिमा प्रत्यक्ष रुचि राख्ने व्यक्ति थिएनन् । स्कुल जीवनमा दब्बु खालकै विद्यार्थी थिए । शिक्षक आन्दोलनमा पनि अग्रपंक्तिमा थिएनन् तर, प्रशासनले उनैलाई आँखी बनायो । सार्वजनिक अपराधको मुद्दामा वर्षौं तारेख बोकायो । त्यसपछि राजनीतिमा प्रवेश हेर्दा ०४० तिर तत्कालीन भूमिगत पार्टी नेकपा मालेको सम्पर्कमा रहेर ०४४ देखि सङ्गठित सदस्यका रूपमा काम गरे । सुरुमा ‘प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च’ र त्यसपछि ‘क्रान्तिकारी बुद्धिजीवी संघ’को अध्यक्ष भूमिका निर्वाह गरे (ध्रुवसागर शर्मासँगको टेलिफोन संवाद २०७७।१२।२३) । चन्द्रप्रकाश बानियाँ ०४६/४७ को जनआन्दोलनको पक्षमा उनी सक्रिय सहभागी थिए । त्यसपछि ०४८ मा सम्पन्न संसदीय निर्वाचनमा उनी म्याग्दीबाट प्रतिनिधिसभा सदस्यमा एमालेबाट उम्मेदवार भई विजयी भए । उनी संसद्मा ‘कवि सांसद’ को नामले पनि परिचित थिए । आफ्नो कमजोर स्वास्थ्य अवस्थाका साथै राजनीतिमा आफूलाई उपयुक्त पात्र नठानेको बताउने उनी सङ्गठित राजनीतिबाट अलग भए (शोधनायकसँगको टेलिफोन संवाद) ।

राजनीतिमा प्रवेश गरी चुनावमा होमिदा उनको घर म्याग्दी-१ मा थियो। उनलाई पार्टीले टिकट म्याग्दी-२ को दिएको थियो। तैपनि चुनाव लड्ने आधार भैदियो, जागिर खोसुवापछिको त्यही सामाजिक जीवन। उनी भन्छन् 'मैले नबुझीकन पार्टी सदस्यता लिएछु। पद्मरत्न तुलाधरले जस्तै सूर्य चिह्न मात्र लिन मिल्ने थाहा भएको भए म पार्टीमा जान्नथेँ। मलाई पार्टीले संगठन भएको र जित्ने ठाउँमा टिकट दिएको पनि थिएन' ( शोधनायक)। जीवनमा कहिल्यै राजनीतिको बाङ्गोटिङ्गो नहिँडेका चन्द्रप्रकाशले केही सय मतान्तरले जिते। त्यो पनि आफ्नो पाकेटको एक मोहर पनि खर्च नगरी। उनी कतैबाट हेर्दा पनि एमालेको सांसद लाग्थेनन्। उनी पार्टीका विषय बाहिरका विषय पनि उठाइदिन्थे (शोधनायकका काकाबाट प्राप्त जानकारी)। साढे दुई वर्षपछि संसद् विघटन भयो। पार्टीले चुनाव लड्न भने पनि उनी तयार भएनन्। उनले छोराछोरी पढिसकेपछि राजनीतिमा लागौँला भनेर स्वैच्छिक बिदा लिए। उनले पार्टी सदस्यता नवीकरण नै गरेनन्। 'साँच्चै भन्ने हो भने म जे भनेर पार्टीमा लागेको थिएँ, त्यो पार्टी त मैले भेट्टाउनै नसक्ने गरी धेरै टाढा पुगिसकेको रहेछ' (शोधनायकबाट टेलिफोन संवाद, २०७८।१।१४)। त्यसपछि एमाले विभाजन भयो। एकैचोटि नेकपा (माले) को जिल्ला सचिव बनाइएका चन्द्रप्रकाश बानियाँ। त्यो पनि रहरले होइन, करले। उनलाई चाहिँ माले एमालेबाट माओवादीमा फड्को हाल्दा टेक्ने ठाउँ मात्र भएजस्तो लाग्न थाल्यो। त्यो पनि केही महिनामै छाडे। राजनीति कहाँ सकिँदोरहेछ र ! माओवादीमा लागेका उनका विद्यार्थीले सम्पर्क गर्न थाले। माओवादीको आरोपमा उनी पटकपटक समातिए, नजरबन्द भए।

२.१.८ विवाह तथा सन्तान

चन्द्रप्रकाश बानियाँको विवाह मित्रकुमारी पुवार खड्का भएको हो। उनका एक छोरा प्रवीण र एक छोरी प्रमिला छन्। छोरा डाक्टर प्रवीण बानियाँ पोखरामा कार्यरत रहेको बुझिएको छ।

२.१.९ साहित्य क्षेत्रमा प्रवेश

चन्द्रप्रकाश बानियाँ शिक्षक जीवनबाट राजनीतिक र पत्रकारिता हुँदै लेखनमा लागेका व्यक्ति हुन्। उमेरमा वेद, उपनिषद् भारतबाट झिकाएर पनि पढे। उनको अम्मलै पढ्ने हो। उनका जेठा दाजु भनिरहन्थे, 'तेरो भाषा राम्रो छ। लेख् न।' यही दाजुको आवाज नै उनको प्रेरणाको स्रोत बन्न पुग्यो। त्यस्तै चन्द्रप्रकाशमा साहित्यिक अङ्कुरण

बाल्यकालदेखि थियो । स्कुले जीवनमा उनी सवाई-झ्याउरे लेख्थे । प्रायः कविता प्रतियोगिता चन्द्रप्रकाश नै प्रथम हुँदा सबैभन्दा अप्ठ्यारो पर्थ्यो । उनकै ठूल्दाजु लालबहादुर हेडमास्टर थिए । सधैँ आफ्नै भाइलाई मात्र पुरस्कार दिन्छ भन्ने अवगाल आउला भन्ने उनलाई चिन्ता थियो । उनले कतिपटक त चन्द्रप्रकाशलाई अप्रतियोगीमा राखिदिन थाले । यसरी पुरस्कारको हकदाबी खोसिँदा उनको प्रतिभा कुण्ठित हुँदै गएको थियो । त्यसपछि लामो समयसम्म उनले साहित्यमा कलम चलाएनन् (भाइ राजकुमार बानियाँ) । सामाजिक, साँस्कृतिक तथा राजनीतिक विषयप्रति लगाव देखिन्छ । विद्यालय जीवनदेखि नै फुटकर रचनाहरू प्रकाशित गरे पनि उनका उनका पाण्डुलिपि बिग्रह (२०५५) उपन्यास, अभिलेख ( २०६०) उपन्यास र गीता अनुवाद विश्लेषण (२०५८) थिए तर कृतिहरू प्रकाशन हुन पाएनन् । 'ऐतिहासिक पर्वत राज्य' (२०६५ इतिहास), 'मृत्यु संस्कार मन्थन' (२०७५ संस्कृति चिन्तन) तथा 'खस राज्य र कुल पूजा' (२०७० सम्पादक मात्र) नामक पुस्तक प्रकाशित छन् । ऐतिहासिक पर्वत राज्य उनको पहिलो पुस्तक हो । ख्यालख्यालैमा लेखेको भए पनि महारानी उपन्यासले मदन पुरस्कार २०७६ पाउन सफल भएको छ (शोधनायकसँग अनलाइनबाट सम्पर्क २०७७।१।११) ।

### २.१.१० स्वभाव तथा रुचि

चन्द्रप्रकाश बानियाँ थोरै तर स्पष्ट बोल्ने गर्दछन् । खाइलाग्दो ज्यान र अन्तरमुखी स्वभाव छ । मिलनसार स्वभावका बानियाँ साहित्य सिर्जना गर्ने तर छपाउन चाहिँ आर्थिक समस्या हुने र उनी कर परेर मात्र लेख्ने स्वभाव यिनको छ । बानियाँ किताब नपढी निद्रा लाग्दैन भन्ने गर्दछन् । आफ्नो गाउँ बेनीमा बसेर सामाजिक, बौद्धिक गतिविधिमा सक्रिय हुन मन पराउँछन् तर परिस्थितिले उनले पोखरा बस्नु परेको छ ।

### २.१.११ भ्रमण

चन्द्रप्रकाश बानियाँ यात्रा तथा घुमफिरमा विशेष रुचि राख्ने व्यक्तिका रूपमा देखिन्छन् । नेपालको राजनीतिमा विद्यालयीय उमेरदेखि नै अनेरास्ववियु वा एमालेबाट सक्रिय कार्यकर्ता हुँदै २०४८ देखि २०५१ सम्म प्रतिनिधिसभा सदस्य रहेको बुझिन्छ । यसै समयमा उनले भोट माग्ने सिलसिलामा विभिन्न ठाउँमा आमसभा तथा अन्य कार्यक्रममा पूर्व मेचीदेखि पश्चिमको महाकालीसम्मको भ्रमण गरेको पाइन्छ । त्यस्तै साहित्यिक कार्यक्रममा सामेल हुन साथै अतिथिको आमन्त्रणलाई स्वीकार गर्न विभिन्न ठाउँमा गएका

देखिन्छन् । उनी विशेष गरेर काठमाडौं र पोखराका विभिन्न साहित्यिक कार्यक्रम तथा अन्य कार्यक्रमहरूको निमन्त्रणालाई स्वीकार गरेर बोलाएका ठाउँमा पुगेको देखिन्छ ।

२.१.१२ मानसिक आघातका क्षणहरू

चन्द्रप्रकाश बानियाँको मानसिक आघातको क्षण २०५२ पछिको प्रहरीले घर खानतलासी गरी जफत गरेका उनका दुई सामाजिक उपन्यास र 'गीताको नयाँ भाष्य' पनि २०५९ को बेनी आक्रमणमा डढेछन् । ती पाण्डुलिपि उनलाई आफ्नै सन्तानजत्तिकै प्रिय थिए । लेखनको पाण्डुलिपि तयार पारेर प्रकाशकको खोजीमा जुटेको समयमा माओवादीलाई सघाएको भन्दै तत्कालीन समयका सरकारी पक्षका पुलिस प्रशासनले आफ्ना तीनवटै पुस्तकको पाण्डेलिपि लगेको थियो । ती पाण्डुलिपि पनि नष्ट भएकाले आफूलाई ठूलो मानसिक आघात परेकोले बताउँछन् । त्यसपछि लामो समयसम्म साहित्य सिर्जना नगरेको र लगभग १३।१४ वर्षपछि अथवा २०६५ सालबाट मात्र पुनः साहित्य सिर्जनामा लागेका बताउँछन् (शोधनायकसँगको टेलिफोन संवाद, २०७८।१।१२) । त्यस्तै अर्को आघातको क्षण उनकै बाग्लुङे साथीका छोरा थिए, म्याग्दीका प्रमुख जिल्ला अधिकारी । उनले सुझाए, 'अङ्कल बेनीमा नबस्नुस् । सेनाको दृष्टि राम्रो छैन ।' उनलाई लाग्यो, मानिसका लागि सबैभन्दा प्रिय आफ्नै ज्यान हो । उनमा ज्यान जोगाउने क्षुद्र स्वार्थले लाज नमानीकन म्याग्दीबाट कुलेलम ठोकेको ग्लानि छ । यसरी जिल्ला निकाला भएका चन्द्रप्रकाश १२ वर्ष काठमाडौंतिर बरालिएका थिए ।

२.१.१३ मान सम्मान

चन्द्रप्रकाश बानियाँले विभिन्न संघ-संस्थाहरूबाट थुप्रै सम्मान र प्रसंशापत्र प्राप्त गरेका छन् । शिक्षक, राजनीतिक र साहित्यिक क्षेत्रमा जीवन समर्पण गरेका बानियाँले गरेका योगदानको कदर गर्दै विभिन्न निकायले उनलाई सम्मान र प्रसंशापत्र प्रदान गरेको देखिन्छ । उनले रत्नश्रेष्ठ साहित्य पुरस्कार (२०७७), पदम मान साहित्य पुरस्कार (२०७७) र मदन पुरस्कार (२०७६) रहेका छन् ।

२.१.१४ सम्पादक/प्रकाशक

चन्द्रप्रकाश बानियाँ बानियाँ दर्पण अङ्क ८-९ मा सम्पादन गरेका छन् । त्यस्तै जालपा अङ्क ४-७ को पनि सम्पादन गरेका छन् । त्यस्तै खस जाति र कुलपूजा पनि

सम्पादन गरेका छन् । त्यसैगरी 'धौलागिरी' साप्ताहिकका स्तम्भकार हुन् । काठमाडौं आएपछि 'जनआस्था' मा लेख्न सुरु गरे । 'जनधारणा' साप्ताहिकमा पनि काम गरे । २०६० देखि लगातार १७ वर्ष साप्ताहिक रूपमा लेखिरहेका छन् । 'म अल्छी छु । नीमकान्त पाण्डे (सम्पादक) ले आज मंगलबार हो है दाइ भनेर फोन गर्छन् । अनि मात्र मेरो कलम चल्छ । उनको फोन नआए सायद लेख्दिनँ' (टेलिफोन सम्वादबाट) ।

२.१.१५ अविस्मरणीय क्षणहरू

चन्द्रप्रकाश बानियाँ राखुको मुक्तिधाम माविमा पढाउने क्रममा ०३६/०३७ सालमा शिक्षक आन्दोलन भयो । सोही आन्दोलनमा बानियाँ पनि होमिए । त्यतिबेलैदेखि उनी कम्युनिष्ट राजनीतिमा आकर्षित भए । शिक्षक आन्दोलनलाई पञ्चायती व्यवस्थाले आफ्नोविरुद्धमा भएको आन्दोलन ठान्यो । उनी बर्खास्तीमा परे । माफी मागेर पञ्चायती व्यवस्थालाई साथ दिए पुनर्बहाली गरिदिने प्रलोभनलाई उनले अस्वीकार गरे । उनलाई १० वर्षसम्म तारेख बोकाइयो । राखुबाट फर्किएर उनी गाउँमै बसे । गाउँकै पौलस्त्य निमाविलाई हाइस्कुल बनाए । सोही समयमा नेपालको राजनीतिक व्यवस्था परिवर्तन भयो । २०४७ भदौमा उनी पुनर्बहाली भए र बाबियाचौरको मङ्गला माविमा पढाउन थाले । बानियाँलाई तत्कालीन मालेले पार्टी सदस्यता लिन प्रस्ताव गर्‍यो । सोही वर्षको माघमा उनले शिक्षकबाट राजीनामा दिएर पार्टी सदस्यता लिए । सदस्यता लिए लगत्तै २०४८ सालमा संसदीय निर्वाचन भयो । निर्वाचनमा एमालेले उनलाई म्याग्दीको क्षेत्र नम्बर दुईबाट चुनाव लड्न टिकट दियो र चुनाव जितेको क्षण उनको अविस्मरणीय रहेको छ । त्यसपछि उनको अर्को अविस्मरणीय क्षण २०५० सालमा उनलाई 'ब्रेन ट्युमर' देखियो । त्यसपछि उनले पार्टीसँग पाँच वर्ष बिदा मागेर आराम गरे । २०५४ मा पार्टी टुक्रियो । सहाना प्रधान, वामदेव गौतम लगायतले नेकपा (माले) गठन गरे । राजनीतिबाट बिरक्तिएका उनले त्यसयता पार्टी सदस्यता नै नवीकरण गरेनन् । ५ वर्षका लागि मागेको बिदा सधैँका लागि जस्तै भयो । बानियाँले यो क्षण कहिल्यै भुल्न सक्दैनन् (शोधनायकसँगको टेलिफोन वार्ता, २०७७।२।१२) ।

उनको अर्को आघातको क्षणमा बेनी बस्दा लेखेको 'ऐतिहासिक पर्वत राज्य' प्रकाशन गर्ने सोच बनाएको र सो पुस्तकमा राजाको जीवनीलाई केन्द्रमा राखेर नभई घटना र स्थान विशेषलाई प्राथमिकता दिएको थियो । पुस्तक लिएर केही चल्तीका प्रकाशककामा आफू

धाएको र साझा प्रकाशनमा ११८ नम्बरमा दर्ता भएको, लामो समयसम्म उसले पाण्डुलिपि राखेर फोन गरी लैजान भनेकाले उनलाई आघात परेको क्षण बताउँछन्। त्यतिबेला उनलाई आफू अपमानित भएको महसुस गर्दै स्थापित प्रकाशककहाँ जाँदा नमिठो अनुभव भएको क्षण उनको दिमागमा ताजै छ।

## २.२ व्यक्तित्व

हरेक व्यक्तिलाई चिनाउने तत्त्व व्यक्तित्व हो। समाजमा व्यक्तिको उपस्थिति जनाउन र उसको अस्तित्वको बोध गराउने तत्वलाई व्यक्तित्व भनिन्छ। हरेक व्यक्तिलाई सामाजिक, राजनीतिक, आर्थिक तथा साँस्कृतिक लगायत पारिवारिक वातावरणले उसको व्यक्तित्वलाई निर्देशित गरेको हुन्छ। मानिस जस्तो वातावरणमा जन्मँदै, हुर्किदै, पढ्दै आउँछ त्यसै अनुसारको क्रियाकलापमा संलग्न रहन्छ। व्यक्तिको प्रतिभा, लगनशीलता र क्षमताले उसको व्यक्तित्वलाई परिपक्व र क्षमतावान् बनाउँदै लैजान्छ र व्यक्ति, समाज, समुदाय र राष्ट्रमा सफलतापूर्वक स्थापित हुन सक्छ। यस्तै कुराहरूको बीचमा रहेर साहित्यकार चन्द्रप्रकाश बानियाँको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभाजन गरिएको छ। जसअन्तर्गत निजी व्यवहारसँग सम्बन्धित व्यक्तित्व दुई किसिमका हुन्छन्:(क) आन्तरिक (ख) बाह्य। सार्वजनिक व्यक्तित्व भन्नाले समाजअनुसार आफूलाई चलाएर निर्माण गरेको व्यक्तित्व हो। यसलाई साहित्यकारका सन्दर्भमा साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गर्न सकिन्छ। साहित्यिक व्यक्तित्व दुई किसिमका हुन्छन्। तिनीहरूमा स्रष्टा र द्रष्टा रहेका छन्। स्रष्टामा साहित्यकारले सिर्जना गरेका विविध विधा पर्दछन्। द्रष्टामा साहित्यकारले गरेका समीक्षा, सम्पादन, समालोचना आदि कार्य यस अन्तर्गतपर्दछन्। साहित्य र समाजसेवामा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका चन्द्रप्रकाश बानियाँले आफ्नो जीवनको उत्तरार्धमा उर्जाशील समय साहित्य उत्थानमा बिताएका छन्।

### २.२.१ बाह्य व्यक्तित्व

व्यक्तिलाई आकर्षित गर्ने तत्त्व शारीरिक, लवाई खवाई, हाउभाउ, व्यवहार र पोशाक हुन्। त्यसैले पनि भनिन्छ, व्यक्तिको बाह्य पहिचान झलक्क हेर्ना साथ थाहा पाउन सकिन्छ। हँसिला र आकर्षक अनुहारका धनी चन्द्रप्रकाश करिब ६ फिट २ इच्च उचाइ भएका शान्त र गम्भीर प्रवृत्तिका छन्। सामान्य सुहाउँदिलो अग्लो शरीर भएका, केही

गोलाइलो चेम्टो, केही ठूलो मुहुडा, फराकिलो निधार, केही मोटो नाक, मझौला आयामका तीक्ष्ण दृष्टि हँसिलो मुखाकृति, लालवर्ण, भौतिक परिचायक गुण भएको देखिन्छ। लवाइ खवाइमा विशेष ध्यान दिने भए तापनि उत्ताउलो तडकभडकप्रति रत्तिभर विश्वास नभएको पाइन्छ। साधारण पोशाक सर्ट, पाइन्ट, कोट जस्ता पहिचनमा सजिन मन पराउने चन्द्रप्रकाशको रमाइलो स्वभाव छ। अत्यन्त भद्र तथा नम्र देखिने, साथीभाइका सामु कहिल्यै नरिसाउने र मिलनरसार स्वभाव छ।

### २.२.२ आन्तरिक व्यक्तित्व

उनी म्याग्दीमा सामान्य परिवारमा हुर्किएका भए पनि उनमा कल्पना शक्ति तीव्र रहेको पाइन्छ। उमेरले ७० को हाराहारी टेके पनि मनोवल जवान छ र जोश जाँगरले भरिपूर्ण छन्। बुढ्यौलीमा मदन पुरस्कार पाएका चन्द्रप्रकाश बानियाँ भद्र, शालीन र विनम्र स्वभावका छन्। उनी विशिष्ट विद्वान् हुन् तर अति सामान्य लाग्छन्। उनले 'म लेखक होइन', 'लेख्न जान्दिनँ' भन्छन्। उनको सोचाइ उत्कृष्ट छन्। बानियाँमा सबैका सामु परिचित हुनुपर्छ भन्ने भाव बोकेका धारणा छ। हाल उनी पोखरा उपमहानगरपालिकामा छोरा प्रविनका साथमा बसोबास गरिरहेका छन्। अतः तत्-तत् स्थानको वातावरण तथा साहित्यिक संसर्ग एवम् सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान् वर्ग, इष्टमित्र आदिका प्रभाव र प्रेरणाबाट चन्द्रप्रकाशको व्यक्तित्व निर्माण भएको देखिन्छ। जीवनको लामो समयसम्म राजनीतिमा बिताए तापनि हाल आएर राजनीतिबाट सन्यास लिई साहित्य सिर्जनामा लागेको देखिन्छ। उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए पनि मुख्य विधा उपन्यासमा नै सक्रिय रूपमा योगदान पुऱ्याएको देखिन्छ।

### २.२.३ साहित्यिक व्यक्तित्व

कुनै पनि स्रष्टाले साहित्यका विभिन्न विधाअन्तर्गत रहेर सिर्जना तयार गर्छ भने त्यो साहित्यकार कहलाउँछ। जसबाट उसको साहित्यिक परिचय स्थापित हुन्छ। चन्द्रप्रकाश बानियाँको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक पक्षले महत्वपूर्ण योगदान गरेको पाइन्छ। उनको व्यक्तित्व निर्माणमा म्याग्दीबाट नै भएको पाइन्छ। उनका उपन्यास, निबन्ध, इतिहास जस्ता कृतिले पनि उनको व्यक्तित्व निर्माण गरेको छ। नेपालका विभिन्न विद्वान्हरूको प्रेरणा एवम् राष्ट्रिय, अन्तराष्ट्रिय

समसामयिक परिवेशबाट उनको व्यक्तित्व अत्याधिक मात्रामा प्रभावित भएको देखिन्छ। उनका किताबमध्ये 'महारानी'ले गत वर्षको मदन पुरस्कार प्राप्त गऱ्यो। पूर्वशिक्षक तथा सांसद बानियाँ केही समय पोखरामा गुप्तवासमा थिए। उनको कृति महारानीले पुरस्कार जितेपछि उनी एकाएक चर्चामा आए। पोखरामा तीन वर्ष उनले किताबसँग बिताए। महारानी उनले पोखरामा लेखेको तेस्रो किताब थियो।

## ३.३ चन्द्रप्रकाश बानियाँको औपन्यासिक यात्रा

वि.सं. २००७ साल चैत्र ७ गते यस धर्तीमा पाइला टेक्न सफल भएका बानियाँले 'ऐतिहासिक पर्वत राज्य' र 'मृत्युसंस्कार मन्थन' जस्ता कृतिहरू लेखेका छन्। २०७६ सालमा प्रकाशित भएको हो। उनी एकाएक मदन पुरस्कार जित्न सफल भएका छन्। उनी नयाँ साहित्यकार भएकाले उनको औपन्यासिक यात्राको चरण विभाजन गरिएको छैन। उनी महारानी उपन्यासबाट मात्रै चर्चा आएका हुन्। उनी त राजनीतिक हुन्। म्याग्दीको एक धार्मिक स्थल जहाँ मन्दिर छैन, त्यहाँकी देवीको कथा पनि छैन। बानियाँलाई त्यहाँको कथालाई नै उपन्यास बनाउने निधो गरे। तर उपन्यास लेख्नु अगाडि उनमा त्यस कथालाई उपन्यास बनाउन सक्छु त ? भन्ने संशय थियो। बानियाँले आफ्नो कथा अरु कथाकार उपन्यासकारलाई देखाए। उनीहरूबाट सकारात्मक प्रतिक्रिया पाएपछि भने उनले कथालाई उपन्यासको रूप दिने निधो गरे। महारानी केवल एक कथामात्र नभएर इतिहास पनि हो।

## २.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध

साहित्यकार चन्द्रप्रकाश बानियाँ सानै उमेरदेखि तीक्ष्ण बुद्धि, शान्त स्वभाव, धीर, चलाख एवम् अध्ययनशील प्रवृत्तिका छन्। जीवनको सुरुवातमा २०३१ देखि २०४७ सम्म विद्यालय शिक्षक पेसामा रहेको पाइन्छ। त्यस्तै शिक्षक पेसा छोडेर राजनीतिमा होमिएका चन्द्रप्रकाश २०४८ देखि २०५१ सम्म प्रतिनिधिसभा सदस्य बनेको देखिन्छ तर २०५२ पछि राजनीतिमा सन्यास लिएर साहित्य सिर्जनामा लागेको देखिन्छ। उनका दुईवटा उपन्यास र १ वटा भाष्य साहित्य रचना तयार गरेको समयमा प्रकाशनबाट गायब भएपछि लामो समयसम्म साहित्य सिर्जना नगरेको देखिन्छ तर २०६५ सालपछि लगातार पुस्तकाकार कृतिहरू प्रकाशन भइरहेका छन् तिनीहरूमा ऐतिहासिक पर्वत राज्य २०६५, मृत्यु संस्कार मन्थन २०७५, महारानी (उपन्यास) २०७६, भौंज्यहा (निवन्ध सङ्ग्रह) २०७७ रहेका छन्। उत्कृष्ट पुरस्कार जित्न सफल भएका छन्। जसमा रत्नश्रेष्ठ साहित्य पुरस्कार २०७७,

पदम मान साहित्य पुरस्कार २०७७ र मदन पुरस्कार २०७६ रहेका छन् । साहित्यकार चन्द्रप्रकाशको भावुकता समसामयिक स्थितिप्रति आक्रोश, उमेर अनुरूपको सोचाइ आफूले भोगेको युगीन अवस्था, सुधारवादी, प्रगतिवादी चिन्तन आदिको प्रतिबिम्ब उनका कृतिहरूमा पाइने भएकाले उनको जीवन, व्यक्तित्व र कृतित्वका बीच पूर्णतया सामञ्जस्य रहेको देखिन्छ । जीवनका आरोह अवरोहअनुरूप नै उनका व्यक्तित्वका विविध पक्षको निर्माण भएको देखिन्छ र तिनै व्यक्तित्वहरूको प्रभाव उनका साहित्यिक कृतिमा देख्न सकिन्छ । आफ्ना अग्रज साहित्यकारहरू, समकालीनहरू, पारिवारिक पृष्ठभूमि, साहित्यप्रतिको रुचि, आफ्ना अध्ययनबाट प्राप्त अनुभव, राष्ट्रिय, अन्तर्राष्ट्रिय, समसामयिक, राजनीतिक परिवेश आदिबाट प्राप्त अनुभवहरूलाई उनले आफ्ना कृतिमा जस्ताको तस्तै राख्न भ्याएका छन् । उनको महारानी उपन्यासले साहित्यिक क्षेत्रमा निकै उचाइमा पुऱ्याएको छ ।

# परिच्छेद : तीन

# उपन्यासको सैद्धान्तिक अध्ययन

## ३.१ उपन्यासको परिचय

साहित्यका तीन मुख्य विधा गद्य, पद्य र नाटकमध्ये गद्य विधाअन्तर्गत पर्ने उपन्यास आख्यान साहित्यको एक महत्त्वपूर्ण विधा हो। आख्यानात्मक गद्य शैलीमा लेखिने गद्य विधाले अठारौं शताब्दीदेखि मात्र विधागत मान्यता प्राप्त गरेको थियो। विश्व साहित्यमा आधुनिक उपन्यासका प्रथम प्रयोक्ताका रूपमा डानिअल डिफोलाई लिइन्छ। उपन्यास शब्द अस् धातुमा उप र नि उपसर्ग र घञ् प्रत्यय लागेर (उप+नि+ अस्+घञ्) बनेको हो। उप भनेको नजिक र न्यास भनेको राख्नु वा स्थापित गर्नु हो। जीवन जगत्का यथार्थ विषयवस्तुलाई समाजका अगाडि प्रस्तुत गर्नु नै उपन्यास हो। अर्थात् जीवनजगतको साङ्गोपाङ्ग प्रस्तुति नै उपन्यास हो (प्रधान २०६१:५)।

## ३.२ उपन्यासको परिभाषा

साहित्यका अन्य विधाभैँ उपन्यास पनि लोकप्रिय विधाको रूपमा रहेको छ। उपन्यासले जीवनको व्यापक पक्षको चित्रण गर्दछ। उपन्यास विधा पाश्चात्य साहित्य जगतले जन्माएको एक महत्त्वपूर्ण विधा हो र यसले मानव जीवनका प्रेम, विछोड, दुःख सुख, आँसु, हाँसो, रोदन, मिलन आदि थुप्रै कथा व्यथालाई व्यापक रूपमा समेटेको हुन्छ। उपन्यासलाई परिभाषित गर्ने क्रममा पूर्वीय तथा पाश्चात्य मतहरू प्रशस्त मात्रामा देखापरेका छन्। अहिले प्रचलनमा रहेको उपन्यास पाश्चात्य मतहरूद्वारा मात्र परिभाषित भएको देखिनछ। त्यस गद्यमय गल्पकथासँग छ, जसमा वास्तविक जीवनको यथार्थ चित्रण रहन्छ" (पौडेल २०५९:१८५)।

त्यस्तै वेनस्टर भन्छन्- "उपन्यास कल्पित, विशालकाय तथा गद्यमय आख्यान हो जसमा एकै कथानकअन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्र तथा तिनका क्रियाकलापको चित्रण गरिन्छ" (पौड्याल २०५९ : १८७)। यी परिभाषाहरूको निचोड स्वरूप उपन्यासलाई यसरी चिनाउन सकिन्छ :

- उपन्यास गद्यमय आख्यान हो।
- यसको आयाम निश्चित हुन्छ।

– यसले समाजको वास्तविक चित्रण गर्दछ ।

– उपन्यासको वस्तु विन्यास शृङ्खलित र स्वयम्पूर्ण हुन्छ ।

त्यस्तै भारतीय साहित्यकार प्रेमचन्द उपन्यासलाई यसरी परिभाषित गर्छन्- "मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो" ( बस्नेत २०५९ : १६) । नेपाली समीक्षक राजेन्द्र सुवेदीका अनुसार- "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ (बस्नेत २०५९ : १६) ।"

निष्कर्षमा, उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :

– उपन्यास निश्चित आयाम भएको गद्य आख्यान हो ।

– यसले युगबोधको सजीव चित्र प्रस्तुत गर्दछ ।

– यसको वस्तुविन्यास व्यवस्थित, शृङ्खलित र सङ्गठित एवम् पूर्ण हुन्छ ।

– यो समाख्यानात्मक विधि अपनाएर लेखिने साहित्यिक विधा हो ।

यथार्थ जीवनको सम्पूर्ण चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको गद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

### ३.३ औपन्यासिक तत्त्वहरू

उपन्यासलाई साहित्यिक विधाको रूपमा चिनाउन यसमा प्रयोग गरिने विभिन्न घटक वा अवयवको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा प्रयोग गरिने विभिन्न तत्त्वहरूलाई यसरी चर्चा गर्न सकिन्छ । (न्यौपाने, २०४९ : २१७) ।

#### ३.३.१ कथावस्तु/कथानक

कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसबाट उपन्यासको कथानक तयार गरी सङ्गठित र व्यवस्थित, परिष्कृत बनाएर उपन्यास रचना गरिन्छ । त्यस्तै कथानकले उपन्यासको मूल ढाँचा निर्माण गर्ने काममा सहायता पुर्‍याउँदछ । अहिले उपन्यासमा कथावस्तुको स्थान चरित्रले लिन थालेकाले यसको मूल्यको अवमूल्यन हुँदै गइरहेको छ । उपन्यासको विकाससँगै यसको महत्त्व घट्दै गए पनि यसको औचित्य भने समाप्त भएको छैन ।

### ३.३.२ चरित्र चित्रण

चरित्रले उपन्यासको कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्गनिर्देशन प्रदान गर्नुका साथै जीवन्तता पनि प्रदान गर्दछ । अहिले उपन्यासमा कथावस्तुको भन्दा चरित्र चित्रणको स्थान प्रमुख बन्दै गइरहेको छ । उपन्यासमा रचनाकारले पात्रलाई स्वतन्त्र, सक्रिय र सजीव रूपमा प्रस्तुत गर्नुपर्दछ । चरित्र चित्रण गर्दा पात्रको आन्तरिक र बाह्य दुवै पक्षको सूक्ष्म अध्ययन, विश्लेषण र उद्घाटन गर्नुपर्दछ पात्रलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ (न्यौपाने, २०४९ : २१८) ।

#### प्रमुख चरित्र र गौण चरित्र

मूल कथानकसँग सम्बन्धित मुख्य चरित्रलाई प्रमुख चरित्र भनिन्छ । यसमा नायक, नायिका, खलनायक र केन्द्रीय भूमिका भएका पात्र पर्दछन् । प्रसङ्गअनुसार आउने अन्य पात्रहरूलाई गौण चरित्र भनिन्छ ।

#### वैयक्तिक चरित्र र वर्गगत चरित्र

वैयक्तिक भावना भएका पात्रलाई व्यक्तिगत चरित्रमा राख्न सकिन्छ । सामूहिक भावना र वर्गीय स्वार्थ भएका पात्रलाई वर्गगत चरित्र भनिन्छ ।

#### गतिशील चरित्र र स्थिर चरित्र

उपन्यासमा सक्रिय भूमिका निर्वाह गरी यसमा गतिशीलता ल्याउने काम गतिशील चरित्रले गर्दछ । यस्ता पात्रलाई परिवृत चरित्रका रूपमा पनि लिइन्छ । त्यस्तै उपन्यासमा गतिहीन र निष्क्रिय देखिने पात्रलाई स्थिर वा समस्थ चरित्र भनिन्छ ।

### ३.३.३ भाषाशैली

उपन्यासमा विभिन्न विचार र भावअनुसार भिन्नभिन्न भाषा र शैलीको प्रयोग गरिन्छ । उपन्यास साहित्यिक गद्य विधा भएकाले यसमा प्रायः सरल भाषा प्रयोग गरिन्छ । भाषाशैली अन्तर्गत शब्द विन्यास, वाक्य रचना र त्यससम्बन्धी तत्त्वहरू पर्दछन् । उपन्यासको भाषा पात्रको स्तर, परिस्थिति अनुकूल स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय हुनुपर्दछ । "एउटै भावका लागि अनेक शब्दहरूको प्रयोग अर्थात् केवल शब्दाडम्बरले मात्र

उपन्यासको भाषाशैली सुन्दर हुन सक्दैन। त्यहाँ त यस्ता शब्द हुनुपर्दछ। जसलाई कुनै पनि अवस्थामा हटाउन नसकियोस् जहाँ विचारको गम्भीरता, भावको रोचकता, अर्थको स्पष्टता र सुगमता हुनुपर्छ" (न्यौपाने २०४९ : २१९)।

### ३.३.४ परिवेश

औपन्यासिक घटना खास स्थान विशेषमा घटित हुन्छ। त्यसलाई देश र घटना घट्ने समयको सन्दर्भ बुझाउनेलाई काल भनिन्छ। परिवेशको सफल प्रस्तुतिले उपन्यासमा सहजता, स्वाभाविकता र सार्थकता झल्कन्छ। यसले उपन्यासलाई विश्वसनीय र संवेद्य तुल्याउँछ। औपन्यासिक कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण, परिवेश तथा परिस्थितिले आवश्यक पृष्ठभूमि निर्माण गर्दछ (पौड्याल २०५९ : १९३)। उपन्यासकारले प्रयाशः देश, कालको प्रस्तुतिका लागि चित्रात्मक शैलीको प्रयोग गरेको पाइन्छ। उपन्यासमा देश, कालको प्रधान्यता रहनाले उपन्यास आञ्चलिकतातर्फ उन्मुख हुने गर्दछ।

### ३.३.५ उद्देश्य

उपन्यासकारले जीवन भोगाइका क्रममा प्राप्त गरेको अनुभव र अनुभूतिलाई कुनै माध्यमद्वारा उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ। यसमार्फत् उसले आफ्नो आस्था, मान्यता र जीवन जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गर्दछ। प्रयाशः उपन्यासकारहरूले मूल नायक मार्फत् आफ्ना उद्देश्यहरू प्रस्तुत गरेको पाइन्छ। लेखकले आफ्नो जीवनदर्शन कलापूर्ण र प्रभावपूर्ण रूपमा प्रस्तुत गर्नुपर्दछ। "उपन्यासमा कुनै विचारको अभिव्यक्ति दिने वा कुनै कुरा भन्ने उद्देश्य राख्नु स्वाभाविकै कुरा हो तर उद्देश्य वा विचारको प्रतिप्रदान गराउने पूर्वयोजना राख्नाले उपन्यास निस्तेज र निष्प्राण बन्न सक्छ (पौड्याल २०५९ : १९५)।

### ३.३.६ देश काल परिस्थिति

देश, काल र परिस्थिति तत्वले उचित अनि अनुकूल पृष्ठभूमि निर्माण गरेर उपन्यासलाई सजीवता, स्वाभाविकता र यथार्थता प्रदान गर्दछ। कथा र उपन्यास साहित्यको परिप्रेक्ष्यमा देश काल र वातावरण विशेष अर्थ व्यञ्जक शब्दहरू हुन्। यहाँ 'देश' शब्दले कुनै स्थान विशेषलाई बुझाउँछ जहाँ औपन्यासिक घटनाहरू घट्दछन् अथवा

त्यहाँको जीवनगत समस्या अनि सङ्घर्षहरूको चित्रण वर्णन उपन्यासमा हुनछ। 'काल' त्यस समय वा काल खण्डको बोधक हो जसमा समय सापेक्ष जीवनलाई अथवा निश्चित कालखण्डको जीवनलाई उपन्यासमा चित्रित गरिएको हुन्छ। 'वातावरण' अथवा 'परिवेश' कुनै स्थान (देश) विशेषको भौगोलिक प्राकृतिक तथा सामाजिक सांस्कृतिक विशिष्टताहरूद्वारा निर्मित एउटा अनुभूत्यात्मक अभौतिक तत्त्व हो। जसले त्यहाँको सम्पूर्ण जीवनलाई सूक्ष्म तथा रहस्यात्मक ढङ्गमा प्रभावित गर्दछ (बराल र एटम, २०५८ : ३८)।

### ३.३.७ दृष्टिबिन्दु

उपन्यासमा कुन पात्रलाई मुख्य केन्द्रमा राखेर कथा भनिएको छ, त्यस पात्रको कथासँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुरामा दृष्टिबिन्दु पात्रलाई छुट्याइन्छ। दृष्टिबिन्दु यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणालाई प्रस्तुत गर्दछ। "यसबाटै कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ (बराल र एटम, २०५८ : ३९)। दृष्टिबिन्दुलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

#### आन्तरिक दृष्टिबिन्दु

आख्यानकार स्वयम् उपस्थित भएर म पात्रका रूपमा कथा प्रस्तुत गर्ने विधिलाई आन्तरिक दृष्टिबिन्दु भनिन्छ। यसलाई केन्द्रीय दृष्टिबिन्दु वा प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ। आन्तरिक दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी २ प्रकारको हुन्छ।

#### बाह्य दृष्टिबिन्दु

उपन्यासमा तृतीय पुरुष भएमा बाह्य दृष्टिबिन्दु हुन्छ। यस्तो दृष्टिबिन्दु भएको उपन्यासमा कथयिताले घटनास्थलभन्दा बाहिरै रहेर पनि अरूका बारेमा टिप्पणी गर्दछ। बाह्य दृष्टिबिन्दु सर्वज्ञ र सीमित गरी २ प्रकारको हुन्छ।

## ३.४ उपन्यासको वर्गीकरण

उपन्यासको वर्गीकरण विभिन्न आधारमा गरिएको पाइन्छ। समष्टि रूपमा हेर्दा मुख्य प्रवाहका उपन्यास र सस्ता उपन्यास गरी वर्गीकरण गरिएको छ। मुख्य प्रवाहका उपन्यास भन्नाले साहित्यिक परम्परामा मूल्य राख्ने उपन्यासलाई र सस्ता उपन्यास भन्नाले सामान्य मनोरञ्जन पूर्तिको लागि लेखिएको र कलात्मकताका हिसाबले कुनै खास मूल्य

नभएका उपन्यासलाई बुझ्नुपर्दछ (सुवेदी, २०६४: १९) । साधारणतया विभिन्न विद्वान्हरूले उपन्यासको वर्गीकरण गरेका छन् । तीमध्ये राजेन्द्र सुवेदीले गरेको वर्गीकरण यसप्रकार छ । सुवेदीले विषयवस्तु, कथानक, शैली र धारागत आधारमा उपन्यासको वर्गीकरण गर्दा अध्ययनमा सुगमता आउने हुनाले सर्वप्रथम यिनै चार आधारमा वर्गीकरण गरिएको छ ।

### ३.४.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

#### ऐतिहासिक उपन्यास

लेखकको जन्मभन्दा अगाडि घटिसकेको घटनालाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ । यस्ता उपन्यासभित्रका कुराहरू लेखकले देखेका हुँदैनन् मात्र सुनेका हुन्छन् । जस्तैः डायमनशमशेर राणाका वसन्ती, सेतोबाघ र सत्प्रयास ऐतिहासिक उपन्यास हुन् ।

#### सामाजिक उपन्यास

सामाजिक अवस्थित वर्ग, व्यवहार आदि विभिन्न अवस्थालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास सामाजिक उपन्यास हो । यस्तो उपन्यासले समाजको कुनै पनि समयको आर्थिक र सामाजिक अवस्थाको अध्ययन गर्दछ। समाजमा व्याप्त व्यक्तिगत तथा वर्गसङ्घर्ष, सुख दुःख, रिसराग, अन्याय एवम् अत्याचार, प्रेमविछोड जस्ता पक्षहरूलाई आधार बनाएर यस्ता उपन्यासहरू लेखिन्छन् । जस्तैः रुद्रराज पाण्डेको रूपमती, रूपनारायण सिंहको भ्रमर, लैनसिंह बाङ्देलको मुलुकबाहिर, लीलबहादुर क्षेत्रीको बसाईं र हाल शोध गर्दै गरेको लक्ष्मण सिटौलाको आर्या उपन्यास सामाजिक उपन्यास हुन् ।

#### सांस्कृतिक उपन्यास

कुनै पनि समयको संस्कृतिलाई देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ । जस्तैः तारानाथ शर्माको नेपालदेखि अमेरिकासम्म र झझल्को पनि सांस्कृतिक उपन्यास हुन् ।

#### राजनीतिक उपन्यास

उपन्यासको विषयवस्तुमा सामाजिक, राजनीतिक र त्यसभित्रको परिवेशलाई समेटिएर लेखिएको उपन्यासहरूलाई राजनीतिक उपन्यास भनिन्छ । जस्तैः लीलध्वज थापाको शान्ति र पञ्चायत, खड्गबहादुर सिंहको विद्रोह (भाग १ र २) यस्ता उपन्यासभित्र पर्दछन् (सुवेदी २०६४ : २२) ।

मनोवैज्ञानिक उपन्यास

मनका आन्तरिक यथार्थलाई चित्रण गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। एडलरको व्यक्तित्व रचना र फ्रायडको अचेतन कामवृत्ति र ग्रन्थी सिद्धान्तका आधारमा यस्ता उपन्यासको रचना भएको हुन्छ। जस्तैः विजय मल्लको अनुराधा, विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्र दाइ, गोविन्द गोठालेको पल्लो घरको झ्याल र अपर्णा यस्तै उपन्यास हुन्।

वैचारिक उपन्यास

वैचारिक उपन्यासमा गम्भीर चिन्तन, दर्शन वा विचारधारालाई प्रस्तुत गरिएको हुन्छ। जस्तैः पारिजातको शिरीषको फूल, हृदयचन्द्रसिंह प्रधानको एक चिहान, डी.पी. अधिकारीको आशामाया, सरुभक्त पागल बस्ती, वैचारिक उपन्यास हुन्।

आञ्चलिक उपन्यास

स्थानीय रङ्ग विवरणलाई विशेष महत्त्व भनिन्छ। जस्तैः तारा शर्माको ओझेल पर्दा, शङ्कर कोइरालाको खैरिनीघाट विनोदप्रसाद धितालको उज्यालो हुनु अघि आदि यसका उदाहरण हुन्।

साहसिक उपन्यास

यस उपन्यासमा रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, नायक एवम् खलनायकबीच लडाइँ जस्ता प्रवृत्तिहरू हुन्छन्। जस्तैः गिरीवल्लभ जोशीको 'वीरचरित्र', सदाशिव शर्माको 'मेहन्द्रप्रभा' आदि साहसिक उपन्यासभित्र पर्दछन्।

वैज्ञानिक उपन्यास

विज्ञानको नयाँ नयाँ र रोचक आविस्कारका अनेक चमत्कृतिको काल्पनिकता आदि वैज्ञानिक उपन्यास देखिन्छ। यान्त्रिक सभ्यताका विकसित प्रस्तुतिले भविष्यमा राम्रो प्रभाव पारेको यस्तो उपन्यासमा देखाइन्छ। जस्तैः सरुभक्तको एउटा अभिनवको आत्मकथा यसको उदाहरण हो।

### ३.४.२ कथानकको आधारमा उपन्यासको वर्गीकरण

घटना प्रधान उपन्यास

घटनाको वर्णनलाई प्रधानता दिइएको उपन्यासलाई घटनाप्रधान उपन्यास भनिन्छ। घटनाको संयोजन शृङ्खला एवम् विस्तारमा नै पाठकीय कुतूहलता र मनोरञ्जन प्राप्त हुने हुँदा यस्ता उपन्यासमा आकस्मिकताको प्रयोग हुन्छ। घटनाअनुसार पात्रको चयन हुने हुँदा कथानक प्रबल र चरित्र दुर्बल रहन्छ।

चरित्रप्रधान उपन्यास

घटनाहरूको सङ्गठनभन्दा चरित्रको स्थानलाई महत्त्वपूर्ण मानिएको उपन्यासलाई चरित्रप्रधान उपन्यास भनिन्छ। जस्तैः विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती, लैनसिंह बाङ्देलको लङ्गडाको साथी चरित्र प्रधान उपन्यास हुन्।

नाटकीय उपन्यास

घटना र चरित्र एकअर्कामा निर्भर रहने यस्तो उपन्यासमा घटनाले चरित्रलाई विकसित गरेको हुन्छ भने चरित्रले पनि घटनालाई अघि बढाएको हुन्छ, यस्तो खालको उपन्यासलाई नै नाटकीय उपन्यास भनिन्छ। जस्तैः लीलबहादुर क्षेत्रीको बसाईं लीलाध्वज थापाको मन नाटकीय उपन्यासभित्र पर्दछन्।

३.४.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

वर्णनात्मक उपन्यास

उपन्यासकार आफैंले घटना, पात्र, देशकाल, वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्छ भने त्यस्तो उपन्यासलाई वर्णनात्मक उपन्यास भनिन्छ। जस्तैः इन्द्रबहादुर राईको आज रमिता छ यसको उदाहरण हो।

पत्रात्मक उपन्यास

यस्ता उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना, कार्यव्यापार र चरित्र पत्रकै आधारमा निर्धारण गरिन्छ। जस्तैः असीन राईको पहिरो जाने पहाड पत्रात्मक उपन्यासको नमुना हो।

डायरी उपन्यास

दैनिक जीवनका घटनालाई सम्झनाका लागि डायरीमा टिपेर राखिन्छ र त्यही दैनिकीको आधारमा उपन्यास लेखिन्छ भने यस्तो उपन्यासलाई डायरी उपन्यास भनिन्छ। जस्तैः पारिजातको अन्तर्मुखी उपन्यास यसको उदाहरण हो।

### आत्मकथात्मक उपन्यास

प्रथम पुरुष दृष्टिबिन्दु लेखिएको उपन्यास आत्मकथात्मक उपन्यास हुन्छ। जस्तैः मदनमणि दीक्षितको 'माधवी', ध्रुवचन्द्र गौतमको अलिखित, पारिजातको शिरीषको फूल यसका उदाहरण हुन्।

### चेतनाप्रवाह उपन्यास

चेतनाप्रवाह शैलीका माध्यमले पात्रका असङ्गत कल्पना र चेतनाको सीधा प्रक्षेपणद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ। जस्तैः ध्रुवचनद्र गौतमको उपसंहार अर्थात् चौंथो अन्त्य अर्जुन निरौलाको घाम डुबेपछि जस्ता औपन्यासमा चेतनाशैली पाइन्छ।

## २.५ आधुनिक नेपाली उपन्यास प्रवृत्ति र प्रयोग

नेपाली साहित्यका प्रायशः समालोचकहरू आधुनिक नेपाली उपन्यासको सुरुवात रुद्रराज पाण्डेको रूपमती (१९९१) बाट भएको कुरामा सहमत छन्। रूपमती उपन्यासले विधागत मौलिकता र नवीन मान्यतालाई स्वीकार गरेको हुनाले यसले आधुनिकतालाई वरण गरेको कुरा स्वीकार गर्न सकिन्छ। नेपालको पृष्ठभूमिमा लेखिएको पूर्ण र सुसङ्गठित मौलिक सामाजिक उपन्यासको इतिहास केलाउँदा १९९१ साललाई बिन्दु मानेर अगाडि बढ्नुपर्छ र औपन्यासिक सीप र परवर्ती स्वरूपलाई दिशानिर्देश गर्ने पहिलो पाइलोको रूपमा रूपमती नै अग्रणी छ' (प्रधान, २०५२: ५५)। रुद्रराज पाण्डेको रूपमती (१९९१) बाट सुरु भएको आधुनिक नेपाली उपन्यासमा विभिन्न प्रवृत्ति र प्रयोगहरूभएका छन्। आधुनिक नेपाली उपन्यासका क्षेत्रमा देखिएका महत्त्वपूर्ण धारा र तिनका प्रवृत्तिहरूलाई यसप्रकार चर्चा गर्न सकिन्छ :

### आदर्शोन्मुख यथार्थवादी धारा

आदर्शवादी जीवनदृष्टि र यथार्थवादी वस्तु र शिल्पको प्रयोग गरी लेखिएका उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी धारा अन्तर्गत पर्दछन्। समाजको यथार्थ चित्रण गरेर लेखिएर उपन्यास जब आदर्शमा गएर टुङ्गिन्छ त्यो उपन्यास आदर्शोन्मुख यथार्थवादी हुन्छ। आधुनिक नेपाली उपन्यासको आरम्भ नै यस धाराबाट भएको हो। रुद्रराज पाण्डेको रूपमती (१९९१) यसको उदाहरण हो। यस धारामा विष्णुचरण श्रेष्ठका सुमती (१९९१), काशीबहादुर श्रेष्ठको उषा (१९९५), पद्मराज मिश्रको रजबन्धकी, मोहनबहादुर मल्लको

समयको हुरी (२०१५), भारती खरेलको गङ्गाजमुना (२०४६) आदि उपन्यासहरू रहेका छन् ।

स्वच्छदन्तावादी धारा

भावपक्षलाई जोड दिँदै वैयक्तिक पक्षको चित्रण गर्ने प्रवृत्ति स्वच्छदन्तावादमा रहन्छ । "बन्धनलाई जाँचेर स्वतन्त्र र स्वच्छन्द जीवनको वकालत गर्नु तथा त्यसमा उन्मुक्त प्रेमको स्वरूप प्राप्त गर्नु स्वच्छन्दतावादका मूल लक्षण हुन्" (बराल र एटम, २०५९ : १०१) । यसले बाह्य पक्षलाई भन्दा बढी आन्तरिक पक्षलाई जोड दिन्छ । यसले सुन्दर प्रकृतिमा रमाउँदै प्रेम र हार्दिक संवेगलाई जोड दिन्छ । रूपनारायण सिंहको भ्रमर (१९९३) बाट स्वच्छन्दतावादी धाराको सुरुवात भएको हो । यसै धाराका अन्य उपन्यासहरूमा मोहनबहादुर मल्लको उजेली छाया (२००८), अच्छा राई 'रसिक'को लगन (२०११), शिवकुमार राईको डाक बङ्गला (२०१३), हिरण्य भोजपुरेको छिटेन (२०५८), होमराज आचार्यको निर्दोष कैदी (२०५४) आदि रहेका छन् ।

सामाजिक यथार्थवादी धारा

समाजका यथार्थ विषयवस्तुलाई समेटेर सामाजिक यथार्थवादी उपन्यासले समाजका यथार्थ घटना र परिस्थितिको चित्रण गर्दछ । यस प्रकारका उपन्यासले समाज र मान्छेको सम्बन्धको निक्र्यौल गर्नुका साथै निम्न वर्गका पीडा र उदासीको यथार्थ अङ्कन गर्दछ । आधुनिक नेपाली उपन्यासमा लैनसिंह बाङ्गेलको मुलुकबाहिर (२००४) बाट सामाजिक यथार्थवादी धाराको सुरुवात भएको पाइन्छ । यस धाराका उपन्यासहरूमा लीलबहादुर क्षेत्रीको बसाइँ (२०१४), दौलतविक्रमण विष्टको मञ्जरी (२०१६), शङ्कर कोइरालाको खैरिनी घाट (२०१८), केशवराज पिडालीको बाँच्ने एउटा जिन्दगी (२०४३), डोरबहादुर विष्टको सोताला (२०३२), भगिरथी श्रेष्ठको मालती (२०३४), सुस्मिता नेपालको मेरा छातीका कोलाजहरू (२०५५) आदि रहेका छन् ।

ऐतिहासिक यथार्थवादी धारा

जुन उपन्यासको कथावस्तुको आधार इतिहास, इतिहासमा वर्णित महत्त्वपूर्ण घटना, चरित्र, अवस्था आदि हुन्छन्, त्यस्ता उपन्यासलाई ऐतिहासिक यथार्थवादी धाराअन्तर्गत राख्न सकिन्छ । यस्तो उपन्यासमा ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई यथार्थवादी ढङ्गले

प्रस्तुत गरिन्छ । "उपन्यास इतिहासमात्र भएर बाँच्न सक्दैन, त्यस्तै इतिहास पनि उपन्यास भइकन लेखिँदैन, साधिँदैन" (प्रधान, २०५२ : १२७) । यस्तो उपन्यास ऐतिहासिक घटना र चरित्रमा केन्द्रित नभई त्यसमार्फत् तत्कालीन धारणा, संस्कृति र युगलाई प्रस्तुत गर्ने काम गर्दछ । टुकराज पद्मराज मिश्रका रजबन्धकी (१९९६) र रामकृष्ण कुँवर राणा (१९९९) लाई ऐतिहासिक यथार्थवादी धाराका उपन्यासमा जोड्न सकिन्छ । यिनीहरूमा इतिहास पुरुषको साङ्गो पाङ्ग वर्णन मात्र पाइन्छ, औपन्यासिक रोचकता, रागात्मकता र चारित्रिक चित्रणको अभाव देखिन्छ । तसर्थ यिनीहरूलाई ऐतिहासिक उपन्यासभन्दा पनि इतिहासको वर्णन मात्र मानिन्छ । डायमनशमशर राणाको वसन्ती (२०००) बाट ऐतिहासिक यथार्थवादी उपन्यासको सुरु भएको मानिन्छ । अन्य ऐतिहासिक यथार्थवादी उपन्यासहरूमा डायमन शमशेर राणाकै सेतोबाघ (२०३०), केशवराज पिँडालीको एकादेशकी महारानी (२०२६), खगेन्द्र के.सी.को खानदान (२०३५), सुन्दरप्रसाद शाहका प्रतिवाद (२०४०), श्रीकृष्ण श्रेष्ठको जङ्गबहादुर
(२०५१), दौलतविक्रम विष्टको फाँसीको फन्दामा (२०५३) आदि रहेका छन् ।

आलोचनात्मक यथार्थवादी धारा

आलोचनात्मक यथार्थवादी लेखनले शोषण, दमन, भेदभावको विरोध गर्दै यथार्थ जीवनदृष्टिको पक्षमा वकालत गर्दछ । यसले साहित्यलाई कलाका आधारमा नभई उपयोगिताका आधारमा मूल्याङ्कन गर्दछ । आधुनिक नेपाली उपन्यासमा यस धाराको शुरुवात हृदयचन्द्रसिंह प्रधानको स्वास्नीमान्छे (२०११) बाट भएको हो । यस धाराका अन्य प्रतिनिधि उपन्यासहरूमा खड्गबहादुर सिंहका विद्रोह (२०११), दौलतविक्रम विष्टका भोक र भित्ताहरू (२०३८) र ज्योति महाज्योति (२०५४), नारायण ढकालको पीतासंवाद (२०५५), खगेन्द्र सङ्गौलाको जुनकिरीको सङ्गीत (२०५६) आदि रहेका छन् ।

मनोविश्लेषणवादी धारा

मनोजगतको चित्रण, व्यक्तिको मनोदशाको विश्लेषण र मानसिक कुण्ठा, अतृप्ति र दमित काम वासनाको चित्रण गर्ने प्रवृत्ति मनोविश्लेषणवादी धाराको रहेको छ । 'मनोविश्लेषकहरूले फेन्टेसी (स्वैरकल्पना)लाई ठूलो महत्त्व दिएका छन् । फेन्टेसीलाई कल्पनाको एउटा रूप मान्न सकिन्छ (रेग्मी, २०५५ : १३) । मनोविश्लेषणवादी उपन्यासमा आख्यानको झिनो प्रस्तुति हुन्छ भने चरित्र चित्रणमा बढी जोड दिइएको हुन्छ । यसको

विशिष्ट प्रयोग भएको प्रथम आधुनिक उपन्यास गोविन्दबहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल (२०१६) हो । यस धाराका अन्य उपन्यासहरूमा विजय मल्लको अनुराधा (२०१८), भवानी भिक्षुको सुभद्राबज्यै (२०२४), विश्वेश्वरप्रसाद कोइरालाको तीनघुम्ती (२०२५), तारणीप्रसाद कोइरालाको सर्पदंश (२०२६) आदि रहेका छन् ।

विसङ्गतिवादी अस्तित्ववादी धारा

विसङ्गतिवादी र अस्तित्त्ववादी धारा दुई फरक अस्तित्वका जस्ता देखिए पनि दुवै एकअर्काका पूरक हुन् । विसङ्गतिबीच अस्तित्वको खोजी गरिने हुनाले यहाँ दुवैलाई एकै ठाउँमा राखेर चर्चा गरिएको हो । विसङ्गतिवादी उपन्यासले जीवनको निस्साररता र शून्यतालाई अभिव्यक्ति गर्ने काम गर्दछ । अस्तित्ववादले जीवनलाई निरुउद्देश्य तथा निरर्थक मानेर यसलाई मूल्य प्रदान गर्ने काम गर्दछ । अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ (पाण्डेय २०६२:३६) । यसले मानवीय जीवनको मूल समस्या खुट्याउने काम गर्दछ । इन्द्रबहादुर राईको आज रमिता छ (२०२१) उपन्यासबाट विसङ्गतिवादी धाराको सुरुवात भएको हो भने पारिजातको शिरीषको फूल (२०२२) बाट अस्तित्ववादी धाराको उदय भएको हो । यस धारामा देखा पर्ने अन्य उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात् चौथो अन्त्य ( २०४८), दौलतविक्रम विष्टको चपाइएका अनुहारहरू (२०३०), सरुभक्तका पागलबस्ती ( २०४८), तरुणी खेती (२०५३) आदि रहेका छन् ।

प्रगतिवादी धारा

प्रगतिवादी साहित्यले मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई मुख्य आधार मान्दछ । आर्थिक पक्षलाई बढी जोड दिँदै यसबाट उत्पन्न हुने विसङ्गतिहरूको चित्रण गर्दछ र निराकरणका उपायहरूको खोजी गर्दछ । यसले कलागत सत्यलाई आंशिक रूपमा स्वीकार गरी त्यसको उपयोगिताका आधारमा साहित्यको मूल्याङ्कन र स्थापना गर्दछ । नेपाली साहित्यमा डी.पी. अधिकारीको आशमाया (२०२५) उपन्यसलाई पहिलो प्रगतिवादी उपन्यास मानिन्छ । यस धाराका अन्य उपन्यासहरूमा खगेन्द्र सङ्ग्रौलाका चेतनाको पहिलो डाक ( २०२७), पारिजातका तोरीबारी बाटा र सपनाहरू (२०३२), अनिदो पहाडसँगै (२०३९), रमेश विकलको अविरल बग्दछ इन्द्रावती (२०३९), सञ्जय थापाको देउमाइको किनारमा (२०४७),

**ऋषिराज बरालका** कमरेड हुतराजको राजधानी प्रस्थान (२०४८), आहुतीको नयाँघर (२०५०), **इस्मालीको** जिरो माइल (२०५६) **आदि रहेका छन् ।**

प्रयोगवादी धारा

आधुनिक नेपाली उपन्यास विभिन्न परम्परा र मोड पार गर्दै आफ्नो गतिमा अगाडि बढिरहेको छ । उपन्यासहरू प्रयोगवादतर्फ उन्मुख हुँदा विभिन्न प्रविधि, शिल्प अँगालेर लेखिएका अउपन्यास, नयाँ अउपन्यास, अधिउपन्यासहरूको पनि सङ्ख्या बढिरहेको छ । "आजका अग्रज श्रेष्ठ नेपाली उपन्यासहरूमा जीवन अनिवार्यतः संवेध छ- व्यर्थ निराशान र मानवीयतामा । यथार्थ र उपन्याससँगै आएका हुन्, दुई अभिन्न छन् । यथार्थहरू जुन अधिकतम अरू तत्त्वका अधीनस्थ रहेका थिए, यथार्थवादको आगमनले मुक्त भए, आफैँमा साध्य (लक्ष्य) बने (राई, २०५० : ३०९) । यस्ता उपन्यासहरूमा नयाँ कथ्य, नयाँ पद्धति र नयाँ सम्भावनाहरूको खोजी गरिन्छ । प्रयोगवादी उपन्यासकारहरू नवीनताप्रति आस्था राख्दै यस्तो प्रवृत्तिको विकासमा अग्रसर रहन्छन् । **ध्रुवचन्द्र गौतमको** अन्त्यपछि (२०२४) **बाट प्रयोगको विशिष्ट रूप देखा पर्दछ । यस धारामा लेखिएका अन्य प्रतिनिधि उपन्यासहरूमा मञ्जुलको** छेकाडोल्मा (२०२६), **जगदीश घिमिरेको** साविती (२०३२), **ओकिउयामा ग्वाइनको** सुनारखी (२०३५), **नयनराज पाण्डेको** विक्रमादित्य एउटा कथा सुन (२०४४), **कवितारामको** वकपत्र (२०४६), **कृष्ण धरावासीका** शरणार्थी (२०५६), राधा (२०६२), तपाईं (२०६४) **आदि रहेका छन् ।**

नवचेनामूलक/उत्तरआधुनिक

सन् १९३४ मा फेडरिको डि ओनिसले सर्वप्रथम **postmodernismo** शब्दको प्रयोग गरेका छन् । त्यसपछि आर्नोल्ड टोयन्बीले **A Study of History** को पाँचौं भाग ( १९३९) मा **postmodernism** शब्दको प्रयोग दुई विश्वयुद्धका बीचको समय (१९१८-१९३९) जनाउनाका लागि गरेका छन् । यसरी नवचेतनामूलक/ उत्तरआधुनिक/उत्तरआधुनिकता/ उत्तरआधुनिकतावाद शब्दको प्रयोग अगिबाटै भएको पाइए तापनि यसको खास विकास दोस्रो विश्वयुद्धपछिका दशकहरूमा भएको हो । उत्तरआधुनिकतावादको थालनी कसैले सन् १९४५ देखि, कसैले सन् १९६० देखि, कसैले सन् १९६८ देखि, कसैले सन् १९७० देखि र कसैले सन् १९८० देखिमाने तापनि यसको उठान मोटामोटी सन् १९६० पछिको समयमा भएको मानिन्छ । यसमा विज्ञान र वस्तुवादको

विपरीत चिन्तन धारा, सापेक्षवाद (कुनै वस्तु, विचार, घटनालाई गति, काल र स्थानको सापेक्षतामा हेर्ने) को विरोध, यसका अनुसार दृष्टिकोण विशिष्ट हुँदैन र वस्तुगत ज्ञान प्रभावकारी रूपमा अप्राप्य छ ।

आधुनिकताको विरोधमा आएको प्रवृत्तिका साथै आधुनिकताबाट विकसित, आधुनिकताकै विस्तार र निरन्तरताको कडी पनि हो । आधुनिकताले स्थान पाएको त कतिपय अवस्थामा नयाँ धारण समावेश भएको वाद हो । यो व्यापक क्षेत्र जस्तै : कला, वास्तुकला, सङ्गीत, नृत्य, दर्शन, मानवशास्त्र, इतिहास, राजनीतिशास्त्र, विज्ञान, मनोविश्लेषण आदिसँग समेटिएको छ । सन् १९३४ मा फेडरिको डि ओनिसले यो शब्दको प्रयोग भएको छ । उत्तरआधुनिक/उत्तरआधुनिकता/उत्तरआधुनिकतावाद शब्द प्रयोग हुँदै तिथिमिति ठ्याक्कै नभनिएकाले मोटामोटी सन् १९६० बाट प्रारम्भ भएको मानिन्छ । यसको विकासमा मूलतः ज्या फ्रास्वाँ ल्योटार्डको सर्वोपरि भूमिका रहेको छ । टमस पिन्चन र इहाव हसनको विशेष भूमिका रहेको छ (स्वतन्त्र विश्वकोश, नेपाली विकिपिडियाबाट, २०७८।१।१३) । यस कालमा ध्रुवचन्द्र गौतमको फूलको आतङ्क उपन्यास (२०४५), गोविन्दराज भट्टराईको सुकरातका पाइलाहरू, उपन्यास (२०६२), नारायण वाग्लेको पल्पसा क्याफे उपन्यास (२०६१), तेराखको सर्वजा उपन्यास (२०६०) जस्ता उपन्यासहरू नवचेतनामूलक/उत्तरआधुनिक युगमा पर्दछन् ।

## २.६ नेपाली उपन्यासको विकासक्रम

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं. १८२७ देखि भएको मानिन्छ। शक्तिबल्लभ अर्ज्यालद्वारा अनुदित विराटपर्व नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरूप हो । यसै बिन्दुबाट हालसम्मको समयचक्रलाई केलाउँदै नेपाली उपन्यासको विकासक्रमलाई विभिन्न विद्वान्ले विभिन्न तरिकाबाट नेपाली उपन्यासको काल विभाजन गरेका छन् । ती मध्ये यहाँ दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको संक्षिप्त इतिहासमा गरेको काल विभाजनलाई आधार मानिएको छ (सुवेदी, २०६४) ।

### प्राथमिक काल (वि.सं. १८२७ देखि १९४५ सम्म)

नेपाली आख्यानमा प्राथमिक कालको सुरुवात शक्तिबल्लभ अर्ज्यालले महाभारत विराटपर्व (वि.सं. १८२७)मा नेपालीमा अनुवाद गरेपछि भएको मानिन्छ । संस्कृत भाषामा आफैँले लेखेको हास्यकदम्ब भन्ने नाटकलाई पनि उनले वि.सं. १८५५ मा आख्यानात्मक

रूप दिएर नेपालीमा अनुवाद गरेका छन । यसपछि भानुदत्तले वि.सं. १८३३ मा संस्कृतको हितोपदेश, मित्रलाभ नेपालीमा अनुवाद गरे (श्रेष्ठ र शर्मा, २०६१:९९-१००) । उनले गद्याख्यानको शैलीमा सुधार गरी आफ्नो रचनामा रूपक एवम् बाग्धाराको प्रयोग समेत गरेका छन् । त्यसपछि महाभारतकै विविध प्रसङ्गबाट विषयवस्तु लिएर रामचन्द्र पाध्यले लक्ष्मी धर्म संवाद (वि.सं. १८५१) लेखे । जसमा संवादात्मक शैली प्रयोग गरिएको छ । यसै क्रममा वेनामे पिनासको कथा (वि.सं १८७२), दशकुमार चरित (वि.सं. १८७५), स्वस्थानी ब्रतकथा (वि.सं १८७८) प्रकाशित भए भने भवानीदत्तले अनुवाद गरेको मुद्राराक्षस (वि.सं. १८८२ पूर्व) सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा (वि.सं. १८९०) र अध्यात्म रामायण ( वि.सं १९९६) जस्ता कृति पनि देखा परे । कथात्मक रचनाका रूपमा देखापरेका अन्य कृतिहरूमा बहत्र सुधाको कथा (वि.सं. १९९३), बेताल पञ्चविशतिका (वि.सं १८९३), देवराज शर्माको स्वस्थानी ब्रतकथा (वि.सं १९४२), हरिहर शर्माको भगवत् भक्ति विलासिनी (वि.सं. १९४५) पनि देखिए । खास रूपमा यस्ता कृतिहरू उपन्यास र कथाका बीच भेदयुक्त रहे पनि परवर्ती उपन्यासका लागि भने पृष्ठभूमि वा आधारका रूपमा रहेको देखिन्छ । यस कालमा प्रकाशित भएका कृतिहरूमा निम्नलिखित विशेषताहरू देखा पर्दछन् ( प्रधान, २०६१:४१-४३) :

- संस्कृत तथा केही अन्य भाषाबाट अनुदित आख्यानको मिश्रण देखिनु,
- प्रायः एउटै ढाँचाको शैली पाइनु,
- हास्यव्यङ्ग्यको प्रारम्भ हुनु,
- कथा र उपन्यासको विभाजनमा अस्पष्टता देखिनु,
- नैतिक चारित्रिक, धार्मिक तथा मनोरञ्जन दिने उद्देश्य रहनु,
- धर्मको प्रसारबाट परदोक सुधारको ख्याल राखिनु,
- घटनाको वर्णन भएको आख्यानको प्रारम्भ हुनु,
- औपदेशिक चरित्रको खोजी हुनु,
- धर्म र नीतिसम्बन्धी कुराको वर्णन गरिनु,
- साहस कुतूहल आश्चर्य तथा प्रेमको स्वच्छन्द रूपको सुरुवात हुनु आदि प्राथमिक कालीन विशेषता हुन् ।

माध्यमिक काल (वि.सं. १९४६-१९९० सम्म)

नेपाली उपन्यास परम्पराको प्राथमिक कालमा केही आख्यानात्मक नमुना बोकेको कृतिहरू देखिएका भए पनि औपन्यासिकताको निर्वाह भएका कृतिहरू थिएनन् । तिनीहरू कथा र उपन्यासका दोसाँधमा थिए । विभिन्न पृष्ठभूमि एवम् विदेशी प्रभावका फलस्वरूप वि.सं. १९४६ मा वीरसिक्का प्रकाशित भएपछि नै आख्यान उपन्यासको स्वरूपको निर्धारणको थालनी गरी काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो । यो कृति उपन्यास नै त होइन तर त्यस्तो आख्यान हो जसले निर्माणकालीन प्रवृत्तिको पूर्वपृष्ठभूमि तयार पारिदियो (श्रेष्ठ र शर्मा, २०६१:१०२) ।

पृष्ठभूमि कालमा दशकुमार चरित्र (वि.सं. १८७५) र अध्यात्म रामायण (वि.सं १९९६) वा औपन्यासिक गर्भाधानको जुन सुरुवात भयो । त्यसको उत्कर्षरूप वीरसिक्कामा पाइन्छ । यसै साल हरिहर शर्माको भगवत् भक्ति विलासिनी (१९४६) देखा पऱ्यो तर वीरसिक्कासँग त्यसको प्रतिस्पर्धा हुन सकेन बरु चिरञ्जीवी पौड्यालको प्रेमसागर (१९५०) तिर र सुखार्णव (वि.सं १९५०) साथै नरदेवद्वारा प्रकाशित नलोपाख्यान (१९५९) ले वीरसिक्कालाई केही टेवा दिएको मान्न सकिन्छ । निर्माणकालीन उपन्यासमा जासुसी-तिलस्मी तत्त्वका साथै रोमान्स र आद्‌भूतिकताको जुन प्रवृत्ति देखा पऱ्यो । ती सबैको प्रारम्भ स्थल वीरसिक्का नै बनेको हुँदा नेपाली उपन्यासको इतिहासमा यस कृतिको महत्त्वपूर्ण भूमिका रहेको हो (श्रेष्ठ र शर्मा, २०६१:१०२) । नेपाली पत्रपत्रिकाको उदयसँगै जसरी कथाको ऐतिहासिक मोड आयो त्यसरी नै नेपाली उपन्यासको पनि क्रमशः गोरखापत्र (१९५८) उपन्यास तरङ्गिणी (१९५९), सुन्दरी (१९६३), चन्द्र (१९७१) र गोर्खाली (१९७३) को महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । गोरखापत्रमा उपन्यासको प्रकाशन वि.सं १९६० र १९६१ देखि मात्र भएको देखिन्छ भने त्यसभन्दा अगाडि नै १९५९ मा सदाशिव शर्माद्वारा सम्पादित उपन्यास तरङ्गिणी (१९५९) उपन्यास प्रधान पत्रिकाको प्रकाशनबाट उपन्यास परम्पराको सुरुवात भएको मानिन्छ । पहिलो जासुसी नेपाली उपन्यास सदाशिव शर्माद्वारा लिखित महेन्द्रप्रभा (१९५९) हो । महेन्द्रप्रभाभन्दा पहिला नै अनुदित दुई उपन्यास आइसकेका थिए । देवकीनन्दन खत्रीको चन्द्रकान्त (भाग १) को सं. १९५६ को अनुवाद र अर्को चाहिँ नरेन्द्र मोहिनीको सं. १९५८ को अनुवाद सं. १९५९ पूर्व उनको बोक्सी चरित्र

पनि प्रकाशित थियो । अज्ञात लेखकद्वारा शेक्सपियरको एक कृतिका आधारमा तयार पारेको अद्भूत मिताप सं. १९५९, नरेन्द्रदेवद्वारा अङ्ग्रेजीको अनुदित मभेरिना चरित्र र रिक्यदेव शर्माको किस्सा शुकसारिक देखा परे पनि सदाशिव शर्माको कृति नै मुख्य रह्यो । यस समयमा हिन्दी, बङ्गाली, फारसी, उर्दू, अरबी, अङ्ग्रेजीबाट पनि अनुदित गरेर उपन्यास लेखेको देखिन्छ । यसै समयमा वीरचरित्रबाट क्रमशः यमपञ्चक प्रपञ्च हुँदै नेपाली उपन्यासमा सामाजिक विषयवस्तुको प्रवेश भएको पाइन्छ । त्यसपछि पलमानसिंह स्वाँरको एकलाख रूपैयाँको चोरी (१९७४), पतिव्रता धर्म अद्भूत (१९९०), नित्यानन्द सिग्ध्यालको उपन्यास माध्यमिक कालको सीमारेखामा आएर टुङ्गिएको छ । यस कालका विशेषताहरू निम्नलिखित छन् :

- अनुकरणको अधिकतम प्रयोग पाइनु,
- अनुवादको प्रधानता कायमै रहनु,
- नारीलाई भोगविलास र मनोरन्जनको साधन बनाउनु,
- उपन्यासको मौलिक शिल्पमा अस्पष्टता रहनु,
- नाटकीय पद्दतिको प्रयोगमा रुचि राख्नु,
- काल्पनिक, असम्भव अलौकिक एवम् अतिमानवीय घटनाको प्रस्तुतिकरण गर्नु,
- धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, मनोरञ्जनात्मक र सामाजिक सुधारको स्वर देखिनु,
- साहित्यिक भाषाको खोजीमा सचेतता अपनाउनु,
- जासुसी, तिलस्मी, ऐश्यारी उपन्यास लेखिनु,

अन्ततः गिरीशवल्लभ जोशी (वि.सं. १९२४:८०) नेपाली मौलिक उपन्यास लेख्ने प्रथम उपन्यासकार मानिन्छन् (श्रेष्ठ र शर्मा २०६१:१०३) ।

आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

नेपाली उपन्यासमा आधुनिकताको सूत्रपात गर्ने श्रेय रुद्रराज पाण्डेको रूपमती ( १९९१) लाई रहेको छ । रूपमतीमा सर्वप्रथम सामाजिक यथार्थवादी पाउनु नै आदर्शको लक्षण हो । यस उपन्यासमा सामाजिक जीवनको यथार्थ चित्रण उपन्यासको मूलभूत

स्वरूपको प्रतिष्ठा, मानवीय सचित्रणको शैली, सामाजिक सम्भाव्य घटनाको संयोजन, आदिका आधारमा आधुनिक काललाई पनि दुई चरणमा विभाजन गर्न सकिन्छ :

प्रथम चरण (१९९१-२०२०)

रुद्रराज पाण्डेको रूपमती प्रकाशनदेखि करिब १२ वर्षको समयसम्म उपन्यासकारको मूल रुचि आदर्शवादमा रह्यो । तिनीहरूमा समाज चेतना, सांस्कृतिक अनुभूति महत्त्वपूर्ण प्रेरणाको रूपमा रहेकै थियो तर पनि सामाजिक आदशोन्मुखताप्रति तिनीहरू आकर्षक थिए । विष्णुचरण श्रेष्ठको सुमति (१९९१) र भीमप्रतिज्ञा (१९९३), रूपनारायण सिंहको भ्रमर (१९९३), भवानीभक्त सिंह यौवनको आँधी (१९९६), लैनसिंह बाङ्देलको मुलुकबाहिर, डाइमन शमशेरको वसन्ती (२००५), बमबहादुर राणाको सपना कि विपना (२००५), हृदयचन्द्रसिंह प्रधानको स्वास्नी मान्छे (२०११), लिलाबहादुर क्षत्रीको बसाइँ (२०१४), गोविन्द गोठालेको पल्लो घरको भ्याल (२०१६), विजय मल्लको अनुराधा (२०१८), तुलसीराम कुँवरको जीवन (२०२०) आदि यस चरणमा लेखिएका उपन्यास हुन् । आधुनिक नेपाली उपन्यासको इतिहासको प्रथम चरणमा लेखकीय मानसिकता परम्परागत लेख प्रक्रियामा नै आबद्ध भयो । उपन्यासकारहरू यथार्थवादभन्दा पर जान सकेनन् । परम्परागत लेखन प्रक्रियाको आग्रहले गर्दा शैलीशिल्पमा पनि कुनै आन्दोलन आउनसकेन तर पनि यस चरणले आधुनिक नेपाली उपन्यासका विकासको राम्रो इतिहास निर्मित गरेको छ । नेपाली उपन्यासको समानन्तर नेपाली कथामा पनि भ्रण्डै यस कालसम्म समान प्रवृत्ति रहेको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६१:१०७) । यस समयसम्ममा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक मनोविश्लेषणवादी यथार्थवादी धारा यस अवधिमा लेखिएका प्रमुख धारा हुन् । यस धाराको चर्चा अगाडि नै धाराका आधारमा चर्चा गरिसकेको हुँदा यहाँ थप चर्चा गरिँदैन ।

द्वितीय चरण (२०२१ देखि हालसम्म)

आधुनिक नेपाली उपन्यासको इतिहास हेर्दा वि.सं. २०२१ देखि नयाँ मूल्य र परम्परा लिएर उपन्यासहरू लेखिएको देखिन्छ। परम्परागत लेखनको समाप्तिलाई सङ्केत गर्ने साहित्यिक आन्दोलनहरू पनि लगभग यसै समयमा भएका थिए । नयाँ विषय र शिल्पको अन्वेषणमा यसै समयदेखि नेपाली उपन्यासहरूले रुचि लिएको फलस्वरूप आधुनिकताको नयाँ इतिहासको परम्परा भयो । सर्वप्रथम २०२१ सालमा इन्द्रबहादुर राईको आज रमिता छ

देखापऱ्यो जो संरचना तथा रूपविन्यास दुवै दृष्टिकोणबाट परम्परागत लेखनभन्दा एकदम भिन्न छ। यस नयाँ औपन्यासिक प्रवृत्तिलाई पारिजातको शिरीषको फूल (२०२२) ले झन व्यापकता दिनुका साथै नेपाली उपन्यासको इतिहासमा आएका नयाँ मोडलाई स्पष्ट पारिदियो। राईको उपन्यासको यथार्थवादको आत्मगत पक्षलाई आयामेली भाषामा प्रस्तुत गऱ्यो भन्ने पारिजातको उपन्यासले शून्यवाद दर्शनलाई नवीन शिल्प प्रविधिद्वारा प्रस्तुत गरियो (श्रेष्ठ र शर्मा, २०६१:१०८)। यस नयाँ इतिहासको प्रारम्भलाई क्रमशः दौलतविक्रम विष्ट परशु प्रधान, ध्रुवचन्द्र गौतम, विश्वेश्वरप्रसाद कोइराला, केशवराज पिँडाली, तारिणीप्रसाद कोइराला, जगदीश घिमिरे, पीटर जे. कार्यक, वानीरा गिरी, अच्छा राई 'रसिक' आदिले विकसित तुल्याउन ठूलो योगदान गरे। २०२० को दशकदेखि आधुनिक नेपाली उपन्यासमा आएको परिवर्तन यी उपन्यासकारहरूका कृतिबाट स्पष्टसँग देख्न सकिन्छ। २०२० को दशकमा पारिजातको महताहीन (२०२०), अच्छा राई 'रसिक' दोभान (२०११), ध्रुवचन्द्र गौतमको अन्त्यपछि (२०२५), परशु प्रधानको सबै बिर्सिएका अनुहारहरू (२०२४), डी.पी. अधिकारीका आशमाया (२०२५), धरती अझै बोल्दैन (२०२७), विश्वेश्वरप्रसाद कोइरालाका तीनघुम्ती (२०२५), नरेन्द्रदाइ (२०२६), सुम्निमा (२०२७), तारिणीप्रसाद कोइरालाको सर्पदंश (२०२६), श्रीकृष्ण श्रेष्ठको जङ्गबहादुर (२०५१), राजेश्वर देवकोटाको पूर्णिमा (२०५४) आदिलाई लिन सकिन्छ।

# परिच्छेद : चार

# चन्द्रप्रकाश बानियाँको साहित्यिक यात्रा र प्रवृत्ति

## ४.१ पृष्ठभूमि

चन्द्रप्रकाश बानियाँ सानैदेखि विद्यालयमा विभिन्न प्रतियोगितामा भाग लिइरहन्थे । उनी कविता, कथाका साथै अन्य विधामा पनि कलम चलाउँथे । आफ्नो दाजु विद्यालयको प्रधानाध्यापक भएको र चन्द्रप्रकाशले सधैँ प्रथम स्थान ओगटेका कारण अरुलाई ईर्श्या हुन सक्छ भन्ने डरले दाजुले कति प्रतियोगितामा त उनलाई भाग लिन दिएनन् । यसका साथै उनले क्रान्तिकारी हिन्दी किताब पढ्ने गर्थे । दाजुको प्रेरणाले उनको लेखन कला अझ तिखारिँदै गयो । दाजुले विभिन्न प्रतियोगितात्मक कार्यक्रममा सहभागी गराउने गरेको कारण उनमा साहित्यप्रति रुचि बढेको देखिन्छ ।

## ४.२ चन्द्रप्रकाश बानियाँको साहित्यिक यात्राको चरण विभाजन

चन्द्रप्रकाश बानियाँ बाल्यकालमा साहित्यमा रुचि राख्ने भए पनि विद्यालयीय अध्ययन पूरा गरेपछि उनले क्याम्पस पढ्न सुरु गरे । शिक्षण पेसामा आबद्ध भए । शिक्षण पेसामा रहेको बेला राजद्रोहको आरोपमा प्रशाशनले जागिरबाट अवकाश दियो । लामो समयसम्म उनी विभिन्न किसिमका अल्झनमा रुमलिइरहनु पऱ्यो । यसरी आफ्नो सिर्जनालाई प्रकाशन गर्न नपाएका बानियाँ लेखनमा लागेको र २०५५/०५६ सालदेखि लेखन कार्य सुरु गरे । त्यो पनि माओवादीलाई सघाएको भन्दै दुईवटा उपन्यास र एउटा धार्मिक पुस्तक प्रशासनले हराइदियो । यसपछि उनले ऐतिहासिक पर्वत राज्य २०६५, मृत्यु संस्कार मन्थन २०७५, महारानी (उपन्यास) २०७६ र भौंज्यहा (निबन्ध सङ्ग्रह) २०७७ प्रकाशित गरे । उल्लेखित प्रकाशित साहित्यिक कृति र उनको साहित्यतर्फको रुचि र अभ्यासलाई हेर्दा बानियाँका साहित्यिक यात्रामा निम्न चरणहरू देख्न सकिन्छ :

पूर्वार्ध चरण (आभ्यासिक काल वि.सं. २०१६-२०६४)

उत्तरार्ध चरण (प्रकाशन काल वि.स. २०६५ देखि हालसम्म)

### ४.२.१ पूर्वार्ध चरण (आभ्यासिक काल वि.सं. २०१६-२०६४)

चन्द्रप्रकाश बानियाँ विद्या मन्दिर माध्यमिक विद्यालय बागलुङमा अध्यापन रहँदा २०१६ सालदेखि २०६४ साललाई पूर्वार्ध चरण (आभ्यासिक काल) मानिन्छ। चन्द्रप्रकाश विद्यालय जीवनमा आफ्ना दाजुको प्रेरणाबाट विभिन्न प्रतियोगितामा भाग लिई साहित्यमा राम्रो दख्खल पारेको थियो तर साहित्य लेखनले निरन्तरता पाउन सकेन। उनका पाण्डुलिपि बिग्रह (२०५५) उपन्यास, अभिलेख (२०६०) उपन्यास र गीता अनुवाद विश्लेषण (२०५८) तत्कालीन प्रशासनले खोसेपछि यस समयमा उनका कुनै पनि कृतिहरू प्रकाशित भएनन्। सोको प्रमाण उनका उत्तरार्द्ध चरणका प्रकाशित कृतिहरूले जनाउँछ। तसर्थ २०१६ देखि २०६४ सम्मको समयलाई साहित्यिक यात्राको आभ्यासिक काल मानिन्छ।

### ४.२.२ उत्तरार्ध चरण (प्रकाशन काल २०६५ देखि हालसम्म)

चन्द्रप्रकाश बानियाँको उत्तरार्ध चरण उनको प्रकाशन मान्न सकिन्छ। यस चरणमा उनले ऐतिहासिक पर्वत राज्य २०६५, मृत्यु संस्कार मन्थन २०७५, महारानी (उपन्यास) २०७६ र भौंज्यहा (निबन्ध सङ्ग्रह) २०७७ रहेका छन्। उनका बाह्र वर्षको समयवधिमा ४।४ वटा कृति प्रकाशन गर्न सफल भएका बानियाँ साहित्य लेखन निरन्तर अगाडि बढेको पाइन्छ। उनका पुस्तकहरूमा इतिहासमा लुकेर रहेका विभिन्न ऐतिहासिक खोजमूलक कुराहरू समेटिएका हुन्छन्।

## ४.३ चन्द्रप्रकाश बानियाँका साहित्यिक प्रवृत्तिहरू

चन्द्रप्रकाश बानियाँले नेपाली साहित्यमा पछिल्लो समय (२०६५-२०७७) राम्रो छाप पारेका छन्। बानियाँको नाम नेपाली साहित्यमा लगभग सुनिँदै नसुनिएको मानिस मदन पुरस्कार पाउनु नै साहित्यमा राम्रो प्रभाव पर्नु मानिन्छ। यसभन्दा अघि उनले पुस्तकाकार कृति प्रकाशन गर्न सकेका थिएनन्। उनले उत्तरार्ध कालमा आएर चारवटा कृति प्रकाशन गर्न सफल हुनाले उनको साहित्यिक प्रवृत्ति राम्रो रहेको देखिन्छ। जसलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

### ४.३.१ मानवतावाद

चन्द्रप्रकाश बानियाँद्वारा लिखित महारानी उपन्यासमा मानवतावादको प्रयोग भएको छ। मानिस भएर विवेकले काम गर्न सक्नु मानवता हो। बानियाँको महारानी उपन्यासमा

मानव जीवनमा आइपरेका समस्याहरू समाधानका लागि उनका उपन्यासका पात्रहरू तयारी अवस्थामा देखिन्छन्। उदाहरणका लागि विश्वप्रभालाई लिन सकिन्छ। उपन्यासकारले विश्वप्रभाजस्ती मानवतावादी पात्र जन्माउनु नै महारानी उपन्यासको मानवतावाद हो। विश्वप्रभाले पर्वत राज्यमा डोलाप्रथाद्वारा भित्रिएर दुई वर्षसम्म मलेबमसँग प्रेमपूर्वक बसेकी र त्यसपछि पर्वत राज्य जोगाउनका लागि राजा घनश्याम र बडाकाजीको सल्लाहअनुसार दाजु मलेबमकी डोला गरेकी भाउजूसँग भाइ भद्रिबमसँग बिहे गरेर पठाइको छ। केही समयपछि भद्रिबमले दाजु राजा भएको समयमा उसको हत्या गरी आफू राजा बन्ने उद्देश्य राखी षडयन्त्र गरिरहेको विश्वप्रभाले बुझेर पत्र लेखी मलेबमलाई पठाउनु नै विश्वप्रूभाको मावनतावाद देखिएको छ। यस्तै अन्य मानवतावादी पात्रहरूमा बाघखोरप भन्ने गुफामा बस्ने साधुले भद्रिबम र उसका साथीहरूले मलेबमको हत्या गर्ने षडयन्त्र सुनेर विश्वप्रभालाई जानकारी गराएको छ।

४.३.२ सामाजिकता

महारानी उपन्यासमा समाजिक यथार्थवादी प्रवृत्तिहरूलाई अँगालेको पाइन्छ। उनले आफ्नो उपन्यासमा राजा घनश्यामले समाजप्रति देखाएको उदारपनलाई सामाजिकता मान्न सकिन्छ। समाजमा घट्ने र घट्न सक्ने मानव स्वभावको हुबहु चित्रण उनी आफू कतै निडर रहेर त कतै आफैं भिजेर सामाजिक पक्षको सूक्ष्म निरीक्षण गर्ने प्रयास गरेका छन्। समाजमा घट्ने घटनालाई जस्ताको तस्तै चित्रण गर्नु उनको औपन्यासिक विशेषता पनि हो। समाजमा देखिएका चरित्रलाई जीवन्तता प्रदान गर्दै उपन्यास लेखेका छन्। जस्तै बुधेले जङ्घलाई घयरुको लड्डीले झटारो हान्दा जङ्घेको ज्यान गएको र त्यो समयको चलनअनुसार हत्या गर्नेलाई हत्या नै गर्ने चलन थियो तर सो कुरा राजा घनश्याम समक्ष पुगेपछि निष्कर्षमा बुधेको ज्यान नलिने तर बुधेले जङ्गेको परिवारसमेत पालन पोषण, शिक्षा दिक्षा जस्ता आवश्यकताहरू पूरा गरिदिनु पर्ने निर्णय गरेकाले महारानी उपन्यासमा मानवतावाद देखिएको छ।

४.३.३ प्रकृति चित्रण

चन्द्रप्रकाश बानियाँको महारानी उपन्यासमा प्रकृति चित्रण पाइन्छ। पर्वत राज्यको मूल राजदरबार हिमाली भेग भएकाले यहाँ प्रकृति चित्रण छ। हिउँद लागेपछि हिउँ पर्ने र नजिकै हिमालहरू भएको हुनाले राजा घनश्याम प्रकृतिको दृश्यावलोकन गरी मन्त्रमुग्ध

भएको चर्चा उपन्यासमा गरिएको छ। त्यस्तै अहिले चर्चा पाएको बेनी बजार प्रकृतिको सुन्दर छटा भएकाले बानियाँका उपन्यासमा प्राकृतिक बिम्बहरू पाइन्छन्। उनी प्रकृतिमा रमाउँदै प्रकृतिलाई नै मानवीकरण गर्न रुचाउँछन्। महारानी उपन्यासमा प्रकृतिको चित्रण पाउन सकिन्छ।

## ४.४ संस्कार र तिनका विकृत रूप

महारानी उपन्यासको संस्कार हेर्दा त्यसबेलाको समयमा राजा महाराजाहरूले विवाह गर्नुभन्दा अगाडि नै कन्यातर्फबाट वर पक्षलाई नरिवल पठाउने संस्कार थियो। यदि वरपक्षबाट नरिवल स्वीकार भएमा डोला चलाउनु पर्थ्यो। क्षेत्रीयभन्दा अन्य जातिलाई पनि जनै लगाइदिएर राजा बनाउने सस्कार उपन्यासमा पाइन्छ। तिनका विकृति रूपमा मलेबमका लागि डोला चलाएकी महारानी विश्वप्रभालाई भाउजू मान्नुपर्ने भद्रिबमले श्रीमती बनाउनु रहेको छ।

## ४.५ दरबारिया स्थिति

महारानी उपन्यास तत्कालीन राजा घनश्याम बाइसे चौबीसे राज्यहरूमध्येका ठूला राज्यका राजा थिए। दरबारमा नोकर, चाकर र दासदासीहरू प्रशस्त राख्ने चलन थियो। वंश परम्पराअनुसार नै राजा हुने चलन भएका कारण नै मलेबम र भद्रिबमबीचमा किचलो देखिन्छ र अन्त्यमा भद्रिले दाजुको हत्या गर्न लाग्दा मलेबमले नै उसको हत्या गरेको देखिन्छ। यो घटना १७३८ देखि १७७८ सम्मको घटना मानिन्छ। यसका साथै उपन्यासमा प्रतापी नारायण मल्लले बीस हजार पर्वत राज्य आफ्ना तीन भाइ छोरा र दुईजना भतिजाहरूबीच अंशबण्डा गरिदिएपछि प्रसिद्ध चौबीसी राज्य सोह्र हजार पर्वतमा खुम्चिएको थियो। राज्यको विभाजन गर्नुको कारण परिवारमोह मात्रै थिएन। चौबीसीमध्येको बलियो राज्य पर्वत अझ बलियो हुनेगरी किल्लाबन्दी गर्नु पनि थियो। पर्वत प्रवेशको पूर्वी मुख कास्की कान्छा राजकुमार कल्याण मल्ल र दक्षिण-पश्चिमी किल्ला गल्कोट जेठा राजकुमार जितारी मल्ललाई सुम्पेर चारैतिरबाट सुरक्षित सोह्र हजार पर्वत राज्य राजकुमार राज मल्लको अंश भागमा पारेका थिए। उत्तर पश्चिम सीमाको अधिकांश भाग धवलागिरि हिमालले रखवारी गर्थ्यो। अन्नपूर्ण र धवलागिरिबीचको खोँचबाट मुस्ताङ छिर्ने मार्ग साँघुरो र विकट भएको हुनाले सुरक्षाको प्रबन्ध मिलाउन सजिलो थियो। सधैँ किचलो र झैझगडा पर्ने बाइसी, चौबीसी राज्यहरूसँग मात्रै थियो। मुस्ताङ अपेक्षाकृत शान्त र कमजोर थियो।

मुस्ताङबाट कुनै खतरा निम्तिने सम्भावना थिएन भन्ने कुराको इतिहास उदाहरण थियो। यसरी चारैतिरबाट किल्लाबन्दी गरिएको पर्वत राज्यको बेनी जस्तो सामरिक दृष्टिले अति नै संवेदनशील स्थानमा पनि निर्धक्क बस्न सकिने परिस्थिति निर्माण भएको थियो। महाराज घनश्याम सपरिवार हिजै मात्र बेनी झरेका थिए। कुरिलाखर्कमा रहेको सानो राजदरबारबाट राजाको निवास र राज्यको काम लिइन्थ्यो। काली र म्याग्दीको संगममा रहेको तीनकुने बगरमा हिउँदभर मण्डी लाग्थ्यो। भोट-मधेसका व्यापारीहरूले समेत अस्थायी वास बनाएर व्यवसाय गर्ने गर्थे। भाइभारदारहरूलाई अर्को महिनाको दोस्रो हप्तासम्म बिदा दिइएको हुनाले महाराज फुर्सदमा थिए। दरबार शून्यशून्य थियो। वरिपरि गाउँवस्ती थिएन। सुरक्षामा तैनाथ लडाकुहरू, नोकरचाकर, सुसारे, भान्से र राजपरिवारका सदस्यहरू मात्र दरबार परिसरमा थिए।

### ४.६ आर्थिक स्थिति

महारानी उपन्यासले मध्यकालीन नेपालको महत्वपूर्ण खण्ड पर्वत राज्यको प्रभाव क्षेत्रको राजनीतिक, सामाजिक तथा सांस्कृतिक पक्षको तस्बिर उतारेको छ। आर्थिक इतिहासको पाटोलाई यथासम्भव प्रकाश पारेको छ। दरबारको आर्थिक वैभव, राजस्व स्रोत, राज्यकोष परिचालन प्रणाली, मुद्रा जस्ता प्रसंगहरूको जानकारी उपन्यासमा बुझिने गरी उपलब्ध छन्। पर्वत दरबारको आर्थिक अवस्था तथा राज्यकोषको हालत त्यति बलियो नभएको अवस्था 'भित्र छैन खान्या पिठो, बाहिर रातो रुमाल' भन्ने राजा घनश्यामको अभिव्यक्तिले झल्काएको छ। त्यस्तै, संवादका क्रममा पर्वतका राजालाई वर्ष दिन 'दालभात खान' पनि मुस्किल पर्ने रहस्योद्घाटन भएको छ। त्यसको कारण पर्वत राज्य भूगोलमा विशाल भए पनि खेतीयोग्य उर्वर जमिनको अनुपात अत्यन्त कम रहेको वास्तविकता थियो। खेतीयोग्य जमिनमध्ये अधिकांश फाँट भाइभारदार, गुरु पुरोहित, कर्मचारी तथा सैनिक सेवकलाई जागिर स्वरूप उठ्ती पुठ्ती खाउ भनेर दिनुपर्ने तत्कालीन राज्यको बाध्यता थियो। भाइभारदारहरूलाई सन्तुष्ट पार्न नसके राज्य टिकाउन गाह्रो हुन्थ्यो। राज्यभित्र सीमित मात्रामा तामाको गोलाकार टुक्रालाई मुद्राको रूपमा प्रयोग गरेको पाइन्छ। प्रायः राजस्व तथा व्यापारिक कारोबार जिन्सीमा हुने गरेको संकेत भेटिन्छ। जग्गाकर जिन्सीमा नै उठाउने गरेको कुरा उठ्ती भण्डार काल पूर्वका लागि पाङमा र पश्चिमका लागि बेनी बजारमा राखिएको भन्ने पाइन्छ। राज्यको धेरैजसो जग्गा, मुख्य उब्जाउ फाँटहरूको आम्दानी जागिरेहरूका लागि जाने भएकाले दरबारको राजस्व आयस्रोत

साँघुरो थियो। आयस्रोत विस्तारका लागि नयाँ खेतीयोग्य जग्गाको खोजी र विस्तार हुने गरेका थियो। त्यसै क्रममा सिँगाको बगरमा सिँचाईको व्यवस्था गरी आवाद गरिएको थियो। जग्गाकरले मात्र दरबार चलाउन मुस्किल परेको अवस्थामा बेनीको व्यापार र खनिजहरूको आम्दानीले धेरै भरथेग गरेको प्रसंगले गैरकृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेको देखाउँछ। जग्गाका मोहीहरूबाट राज्यद्वारा आम्दानीको पञ्चम भाग अर्थात् सयकडा पाँच प्रतिशत लिइन्थ्यो। त्यो तत्कालीन समयमा अत्यन्त्रभन्दा धेरै सस्तो देखिन्छ, तसर्थ पर्वत राज्य नागरिकप्रति आर्थिक पक्षमा उदार भएको र त्यति दोहनकारी नभएको मान्न सकिन्छ। साथै, राज्यकोषको हिसाबकिताब तथा आर्थिक योजना राजसभामा प्रस्तुत हुने, राज्यकोषको परिचालन राजसभाको परामर्श र अनुमोदन हुने गरेको देखिन्छ, जसले गर्दा राज्य सामूहिक निर्णयको आधारमा चल्ने गणराज्यको चरित्र झल्कन्छ। आर्थिक वर्षको परिवर्तन श्रीपञ्चमीको दिनबाट हुने गरेको थियो। गैरकृषि उत्पादन तथा व्यापार अवस्था रहेको छ। पर्वत राज्यको शीतकालीन राजधानी बेनीबजार तत्कालीन समयको अन्तर्राष्ट्रिय व्यापारको संगम स्थल थियो। त्यहाँ हिउँदमा बजार (मण्डी) लाग्थ्यो। भोटदेखि मधेससम्मका व्यापारी अस्थायी बसोबास गरेर व्यापार गर्दथे। त्यस व्यापारको कर आम्दानी राज्यको महत्वपूर्ण राजस्वको स्रोत रहेको थियो। बेनीबजार हुँदै तत्कालीन पर्वत राज्य क्षेत्रमा पर्ने कालीगण्डकी करिडोर तिब्बतदेखि मधेससम्म जोडिने मध्ययुगीन नेपालको एक प्रमुख व्यापारिक मार्ग थियो। ढोरपाटन मेलामा पनि भोट मधेसको सटही हाटबजार लाग्ने गरेको प्रसंग उल्लेख छ। पर्वत दरबारमा मुस्ताङको धुस्सा, पाखी, काम्लो, तिब्बतको गलैंचा, बनारसको धोतीजस्ता बाहिरबाट आयातीत वस्तुको प्रयोग हुने गरेको पाइन्छ। तत्कालीन पर्वतका लागि बाह्य व्यापार कति महत्वपूर्ण थियो भन्ने कहिले भोटले नुन बन्द गरिदिएर आपत पारेको त कहिले जुम्लाले ठिनी कब्जा गरेर भोट मधेस व्यापार बन्द गरिदिएर संकट उत्पन्न भएको सन्दर्भ चर्चाबाट थाहा लाग्छ। हिला युद्धको मुख्य हतियार बन्दुक बनारसबाट गोप्य रूपमा झिकाउनुपर्दथ्यो, त्यही समयमा कुहुँका आरनेले स्थानीय स्तरमै बन्दुक बनाउन थालेका थिए। पछि बेनीबजारमा हतियार निर्माणखाना खोलिएको थियो। फलाम प्युठानबाट आउन थालेको र आवश्यक औजार उपकरण स्थानीय कालिगडबाटै निर्माण हुने गरेको पाइन्छ। पर्वत राज्यभित्र खानी उत्खनन भएका दर्जनौं स्थल छन्, बाइस खानी, चौवालिस खानीको चर्चा हुने गर्छ भनी उपन्यासमा उल्लेख गरिएको छ।

# परिच्छेद : पाँच

# 'महारानी' उपन्यासको कृतिपरक अध्ययन

## ५.१ परिचय

महारानी उपन्यास २०७७ सालमा शिखा बुक्सबाट प्रकाशित भएको हो भने यसमा जम्मा ३६८ पृष्ठमा संरचित देखिन्छ । पुस्तकको व्यक्तिगत मूल्य ४५०।- रहेको छ भने सस्थागत मूल्य ७५० रहेको छ । उपन्यासकार चन्द्रप्रकाश बानियाँद्वारा लेखिएको 'महारानी' (२०७६ पुष) मा पहिलो प्रकाशन भएको देखिन्छ भने दोस्रो प्रकाशन (२०७७ साउन)मा भएको देखिन्छ ।

## ५.२ महारानी उपन्यासको संरचना

महारानी उपन्यासमा जम्मा त्रिपन्न अङ्क रहेका छन् । अङ्क एकमा नौ पृष्ठ रहेको छ भने अङ्क दुईमा तेह्र पृष्ठ रहेको छ । त्यस्तै अङ्क तीनमा सात पृष्ठ रहेको छ भने अङ्क चारमा एघार पृष्ठ रहेको छ । यस पुस्तकको अङ्क पाँच छ पृष्ठमा संरचित छ भने अङ्क छको संरचना साढे छ पृष्ठको रहेको छ । त्यस्तैगरी अङ्क सात साढे पाँच पृष्ठमा संरचित छ । अङ्क आठको संरचना सात पृष्ठको रहेको छ भने अङ्क नौको संरचना साढे नौ पृष्ठको रहेको छ ।

उक्त पुस्तकको अङ्क दश नौ पृष्ठको लम्बाइगत आधारमा रहेको छ भने अङ्क दश नौ पृष्ठमा संरचित छ । अङ्क एघार थोरै पृष्ठ वा साढे तीन पृष्ठको लमाइमा रहेको छ । त्यस्तै अङ्क बाह्रमा चार पृष्ठ रहेको छ भने अङ्क तेह्रमा साढे पाँच पृष्ठको संरचना रहेको छ । यस उपन्यासको चौधको संरचना आठ पृष्ठको रहेको छ भने अङ्क पन्ध्र तेह्र पृष्ठको रहेको छ। त्यस्तै अङ्क सोह्रको संरचनालाई हेर्दा छ पृष्ठको देखिन्छ। यस उपन्यासको अङ्क सत्र पाँच पृष्ठको लमाइमा रहेको छ भने अङ्क अठार पाँच पृष्ठको संरचनामा रहेको छ। महारानी उपन्यासको अङ्क अठारमा पाँच पृष्ठ रहेको छ। उनका अधिकांश अङ्कहरू तीनदेखि दश पृष्ठसम्म लमाइगत रूपमा फैलिएको पाइन्छ ।

महारानी' उपन्यासमा सामाजिक, ऐतिहासिक, प्रागऐतिहासिक र पौराणिक विषयलाई उपन्यास रचनाको आधार बनाइएको छ । यसमा तत्कालीन समाजमा घटित घटना र खस, आर्य, अनार्य समुदायका गतिविधिलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा इतिहासको प्रतिनिधित्व र नायकको भूमिका निर्वाह गर्ने मुख्य पात्रहरू राजा घनश्याम र उनका छोरा युवराज मलेबम हुन्। पर्वतराज्यको इतिहासमा यी दुई पुस्ताको राज्य सञ्चालन अवधि वि.सं. १७४३ देखि १७८९ सम्मलाई मानिन्छ। यही अवधिको घटना, स्थान र पात्रलाई उपन्यासको मूल आधार बनाइएको छ। उपन्यासमा राजा घनश्याम र युवराज मलेबमलाई यो उपन्यासमा नायक र देउपुरे राजकुमारी विश्वप्रभालाई महानायिका स्थापित गरिएको छ। घनश्यामकी जेठी महारानी लमजुङे राजकुमारी गुलवदन र कान्छी महारानी जुम्ली राजकुमारी जयन्ती हुन्। कान्छी महारानी जयन्ती जुम्लातिरै बसिन् र उनको मृत्यु पनि उतै भयो भन्ने कुरा उपन्यासमा उल्लेख छ। उपन्यासमा आमाको मृत्युपछि राजकुमार भद्री आफू गर्भले जेठो भएको हुँदा पर्वतराज्यको उत्तराधिकारीको हकदावी गर्दै आएका छन्। यता पर्वतराज्यमा भने मलेबम जेठी महारानीका जन्मले जेठा राजकुमार हुन्। दुवै राजकुमारबीच कसलाई युवराज घोषणा गर्ने भन्ने विषयमा निक्कै चर्काचर्की भएको देखिन्छ। महारानी उपन्यासमा कमल जैसी, डिल्ली भुजेल लगायतका जनताहरू जुम्लाराज्य भद्रीको पक्षमा छ भने पर्वतराज्यका भाइभारदार र काजीहरू युवराज मलेबमकै पक्षमा छन् भनी देखाइएको छ। महाराज, महारानी र युवराज (मलेबम) भने राज्यको भाइअंश लगाएर भए पनि भद्रीको चित्त बुझाउन तयार रहेको देखाइएको छ। उपन्यासमा भद्री भने जुम्लाको उस्क्याहटमा लागेर एकपछि अर्को माग थप्दै गएको र अन्त्यमा मृत्युवरण गर्नुपरेको कथा रहेको छ। महारानी उपन्यासमा चन्द्रप्रकाशले देउपुरे राजकुमारी विश्वप्रभा र खाँचीकी राजकुमारी महलवसन्ता दुवै युवराज मलेबमसँग विवाह गर्नका लागि दरबारमा भित्र्याइएका राजकुमारी हुन् भन्ने विषयवस्तु देखाइएको छ। मलेबमको विशेष प्रेमसम्बन्ध विश्वप्रभासँग नै छ तर भद्रीले सर्तमाथि सर्त थप्दै जाँदा पाएसम्म युवराज, नभए राज्यको भाइअंश र त्यो पनि नभए विश्वप्रभासँग आफैँले विवाह गर्न चाहेको कुराले उपन्यास खल्लो देखिन्छ।

यस उपन्यासकी मुख्य नायिका विश्वप्रभाले भद्रीको षडयन्त्र विफल पार्न पर्वतराज्यकै खातिर आफ्ना प्राणभन्दा प्यारा राजकुमार (मलेबम) लाई छोडेर भद्रीसँग विवाह गर्न सहमत हुन्छिन् तर भद्रीले विश्वप्रभासँग विवाह गरेर पनि जुम्ला र गलकोटको उक्साहटमा लागेर पर्वतराज्यमाथि आक्रमण गर्ने पूरा योजना बनाउँछन्। तर भद्रीको सपना विश्वप्रभाले तुहाइदिएको कुरा उल्लेख छ। उपन्यासमा राजा घनश्याम छिमेकी राज्यहरूको दाउपेच, भारदारहरूको असन्तुष्टि र पारिवारिक कचिङ्गलबाट मुक्ति पाउन

महारानीसहित काशीबास लागेको उपन्यासको अन्त्यमा देखाइएको छ । यता बुबाआमा काशीतिर लागेपछि मलेबमले आफ्नो भाइलाई सम्झाइ बुझाइ गर्न नसकेपछि राज्यद्रोही भद्रीसँगै डिल्ली भुजेल र कमल जैशीको म्याग्दी र काली नदीको दोभानमा हत्या गरिएको र सोही स्थानमा भ्रातृहत्याको प्रायश्चित्त स्वरूप शिवालय मन्दिरको स्थापना गरिएको कुरा उल्लेख छ ।

महारानी उपन्यासमा चन्द्रप्रकाश बानियाँले विश्वप्रभाले सबै गुमाएर भए पनि पर्वतराज्य टुक्र्याउन र जुम्लाको आक्रमणबाट जोगाउन सघाएको उपलक्ष्यमा उनलाई कुरिलाखर्क अवस्थित राजदरबारमा 'राजमाता'को सम्मान दिएर राखिन्छ भनिएको छ । पर्वतराज्यका निम्ति यौवन, जवान, पति, प्रेमी, परिवार, महारानी, सिन्दुर सबै त्याग गरेकी विश्वप्रभा एकदिन त्यहाँबाट अलप भइन् भएको कुरा नै यस उपन्यासको मुख्य विषय हो । महारानी उपन्यासमा उनका विषयमा अहिले पनि अनेक किंवदन्ती र जनजिज्ञासाहरू अनुत्तरित नै छन् । तर उपन्यासमा भने उनी सन्यासिनी बनेर प्रेमी मलेबमकै नाम जप्दै गान्धारी माता र योगेश्वर बाबासँग वृन्दावनतर्फ लागेकी छन् । यिनै 'राजमाता' विश्वप्रभाको स्मरणमा 'महारानी' थानको महिमा बढेको हो भन्ने जनविश्वासका आधारमा महारानी उपन्यासको जन्म भएको छ । यही किंवदन्ती र लोकविश्वासलाई आधार बनाइ उपन्यासको शीर्षक र कथावस्तु निर्माण गरिएको रहेछ । जसलाई तल अङ्कमा आधारमा देखाइएको छ ।

५.२.१ कथानक/विषयवस्तु

पहिलो अङ्क

महारानी उपन्यासको पहिलो अङ्कमा मंसिर महिना जाडो बढ्दै गएको र त्योभन्दा पहिले नै राजा घनश्याम आफ्नो परिवार सहित पवर्तको ढोल ठाना दरबारबाट थल बेनीको कुरिलो खर्कतिर झर्ने र जाडोभरि तलै मुकाम गरी गर्मी फिरेपछि मात्रै माथिको दरबारतिर सर्ने कुराको व्याख्या गरेका छन् । बेनी झर्ने कुराकै प्रसङ्गमा चामुपाध्यायाले साइत हेरेर दिन ठहराएपछि ढुक्क भएका राजा घनश्याम बाहिर वरण्डामा निस्किएर पर देखिने विभिन्न हिमशृङ्खला हेर्दै टोलाउँदै गर्दा रानी गुनवदना आएर उनको एकान्त भङ्ग गरिदिन्छिन् । वर्षा ॠतुमा रोपिएका अन्नबाली उठाउन हतार भएको जस्ता प्रसङ्गहरू आएका छन् । यसै अङ्कमा 'कहिले राजा ढोलठाना, कहिले राजा बेनी' भन्ने उखानलाई अघि सार्दै त्यहाँको

मङ्सिर महिनाको गुणगान गाएका छन् । त्यहाँका दरबारिया ज्योतिषीले तोके जस्तै भएको कुरा उल्लेख छ । पटाङ्गिनीमा महाराजको सवारी हुँदा हिमशृंङ्खला शुद्ध दूधले नुहाएको जस्तै देखिन्थ्यो भन्दै मुस्ताङ दरबारबाट ल्याइएको भुवादार निक्खर सेतो धुस्सा महारानीले महाराजको काँधमा ओडाइदिएको प्रसङ्गका साथै जुम्ली, गल्कोटी र मुस्ताङी दरबार बाहेक अनेक राज्यहरूबाट डोलीको प्रस्ताव आउने र पाल्पा दरबारले पनि नरिबल पठाउने तयारी गरेको प्रसङ्ग छ । यहाँ रामले शिवको धनुष तोडेर सीतालाई प्राप्त गरेको कुरा जोडिएको छ । यहाँ कुलगुरु रामेश्वर पन्त, राजज्योतिषी चामु पाध्या, पण्डित शिरोमणि आनन्द रेग्मी र ज्ञानविशारद प्रेमनिधि पन्त जस्ता विद्वान्को प्रसङ्ग जोडिएको छ ।

दोस्रो अङ्क

यस अङ्कमा पर्वत राज्यमा हप्तामा एकपटक दरबार बस्ने र महत्त्वपूर्ण कुराहरूको बहस गरी राजाबाट अन्तिम निर्णय लिने गरिन्थ्यो । दरबार बस्दा राजाको उपस्थित अनिवार्य थियो । यदि राजा विरामी भएर वा कुनै कारणवश अनुपस्थित भएमा युवराज उपस्थित हुनुपर्थ्यो । युवराज नाबालक भएमा रानीको उपस्थिति हुनुपर्थ्यो । अन्य भाइभारदारहरू, सेनानायक, लेखन्ते, खजाञ्ची, पण्डित एवं विद्वानहरूको पनि उपस्थित हुनुपर्थ्यो । पर्वत राज्यको उत्तरतिर रहेको पाखापानी भन्ने खर्कमा वस्तुभाउ चराएको निहुँमा बुधे पुर्जाले जङ्गे सुनारलाई चिर्पटको झटारो हानेर ठाउँको ठाउँ खुत्रुक्कै पारेर मारेको हुँदा उजुरी दरबारमा आएको र त्यस विषयमा बहस चल्दा बुधेलाई पनि ज्यानको साटो ज्यान लिएरै छाड्ने निर्णय भएको बुझिएन । त्यति बेलाको चलनअनुसार बुधेको पनि ज्यान लिने कुरा चलेको तर बुधे र जङ्गेकै बालबच्चा हुर्किनसकेको कारण बुधेको ज्यान लिने राजाबाट निर्णय नभएपछि बुधेले नै दुवै परिवारको देखभाल गर्नुपर्ने निर्णयको राजाज्ञा भएको । खतुकी बुधेले दुवै परिवारलाई आफ्नै सन्तान सम्झिएर भरण पोषण गर्नुपर्ने भयो । उसले अब मलाई सजाय नभएसम्म जङ्गे सुनारको आत्माले शान्ति पाउन सक्तैन भनेर राजासमक्ष आत्म समर्पण गरेको छ । यसपछि यो अङ्क समाप्त भएको छ ।

तेस्रो अङ्क

राजा घनश्यामका पुर्खा प्रतापीनारायण मल्लले पर्वत लगायत वरपरका जम्मा २० ओटा राज्यहरू एकट्ठा गरी आफ्ना तीन भाइ छोरा भतिजाहरूलाई अंश स्वरूप भागबण्डा गरिदिएको प्रसङ् आएको छ । पर्वत राज्यका आसपासका राज्यहरू अर्नाकोट, गल्कोटतिर

बर्खा लागेपछि वस्तुभाउ यसै छाडा छोडिदिने र हिउँद लागेपछि मात्र गाउँमा झार्ने चलन भएको र वस्तुभाउकै कारण झैझगडा हुने र सुमन्त बानियाँलाई चरिचरनकै झगडा मिलाउन त्यतातिर पठाएको । उसले आएर दरबारमा सबै वृत्तान्त सुनाएको प्रसङ्गसँगै यो अङ्क समाप्त भएको छ ।

चौथो अङ्क

पर्वत राज्यको आकस्मिक बैठकमा हुने भेला बाहिरपटिट्को चौरमा आँपका फेदमा बस्ने निधो भएअनुसार मानिसहरू जम्मा हुँदै थिए। सुमन्त अन्तै कतै गएको थियो। दरबारका सानातिना भेलामा पनि युवा सुमन्तको निकै आवश्यकता पर्ने गर्थ्यो। प्रसङ्ग तल्लाघरे काहिँलाकी छोरीको विहाको थियो । कुरा चल्दै गर्दा पहिले माई पूजा गर्ने र बिहे गर्ने भन्दै गर्दा पूजा भनेको फुर्सदको समयमा गरिने तर बिहा भनेको लगन हेरेर जुराएर गर्नुपर्ने भएकोले २८ गते मंसिरमा निधो भएको र सबैले उक्त विहामा यथासक्दो सहयोग गर्नुपर्ने सल्लाह भएको थियो। माई खटिराको प्रकोपले सिथिल भएका गाउँबाट बेहुलो आउने र जन्तीहरूसँग माई पनि आउन सक्ने सम्भावना पनि त्यहाँ चर्चाको विषय बनेको थियो । गाउँलेहरू डराएको प्रसङ्गसँगै यो अङ्क समाप्त भएको छ ।

पाँचौं अङ्क

यस अङ्कमा पुस महिना लाग्दै गर्दा स्वभावतः जाडो बढेको र वेनी भन्दा केही मास्तिरको भाग भएकोले कुरिलाखर्क निकै जाडो ठाउँ हो। चुत्रेनी ओडारको काठेपुल निर्माण कार्यको तयारी हुने भएकोले बडाकाजी, भाइभारदार लगायत अन्य सुसारे भए राजाको सवार त्यतातिर चलाउने तरखरमा सबै जुटेका देखिन्छन्। पुलका दुवैतिरका मठहरू अघिल्लै दिन तयार भएका र त्यो दिन लट्ठा तान्ने भएकोले सबैतिरका बलियाबाङ्गा मानिसहरू भेला हुँदै गर्दा राजाले एउटा हातेघनले काठमा काँटी ठोकेपछि शिलान्यास भएको थियो। चोयाको पुलको भरोसा नभएकोले काठेपुल बनाउन लागिएको थियो । त्यो पुलबाट मल्लाज र ज्यामरुक जाने आउने गर्न सजिलो पर्ने हुन्थ्यो । तुहिन र डुङ्गा तर्नुपर्ने अप्ठ्यारोलाई विचार गरी बनाएको त्यो पुलले मानिसहरू निकै उत्साहित देखिन्थे । केही समयपछि साँघु तयार भएपछि राजाको हातबाट उद्घाटन पनि हुने भयो । जलदेवताको पूजा गरी उद्घाटन गर्ने काम भयो। त्यहाँ पुल निर्माण निर्विघ्नतापूर्वक

समाप्त होस् भन्नका लागि पशुबलि पनि गरिएको थियो। पुलको उद्घाटनका साथै खानपानका साथै यो अङ्क समाप्त भएको थियो।

छैटौँ अङ्क

यस अङ्कमा राजसभा वेनीको फराकिलो बगरमा राजदरबार बनाउने सम्बन्धमा बैठक बस्ने योजना कार्यान्वयन नसकेको विषयमा कुरा चल्दै छ। नयाँ दरबार बनाउने ठोस निर्णय भएको थिएन। जाडाको बेला कोठाभित्र बसेर गरिने सभालाई बाहिर बस्ने निधो गरिएको थियो। बैठकमा राजाको उपस्थिति भएपछि औपचारिकता निर्वाह गर्दै सबै भाइभारदार लगायत उठेर खडा हुन्छन्। राजाको बस्ने संकेत पाएपछि सबै यथास्थानमा बसेर सभा सुरु हुन्छ। सामान्य कुराको बहस चल्दै जाँदा युवा सुमन्त बानियाँलाई उसको कामको मूल्याङ्कन गरी पारितोषिकको पनि व्यवस्था सभाबाट गरियो। युवराजको विहेकै सिलसिलामा जैसी आनन्द रेग्मीले आफ्नो तीन महिने कन्यार्थुको यात्रो सम्बन्धी विवरण प्रस्तुत गरे। गोर्खा र पर्वत राज्यको विग्रिएको पुरानो सम्बन्ध सुधार गर्ने कुरा चल्यो। पर्वत राज्यले गोर्खाका राजकुमारलाई छोरी दिएर राजकुमार खोटी भएको भन्दै डोली फिर्ता गरेको विषयले दुई राज्यका बीच सम्बन्ध बिग्रिएको रहेछ। यो कुरा प्रतापीनारायण मल्लकै पालाको रहेछ। नरिवल आएभन्दा बढी राज्यमा आफू पुगेर कन्याहरूको खोज गरेको प्रसङ्गका साथै यो अङ्क समापन भएको छ।

सातौँ अङ्क

यस उपन्यासको सातौँ अङ्कमा राजा घनश्यामको सवारी सभामा नभएको हुँदा भाइ भारदारहरू एकापसमा गफसफ गर्दै बसेका थिए। राजाको सवारी निकै ढिलो गरी भो त्यसको कारण राजा रानीको केही आन्तरिक गफ भएको हुन सक्छ भन्ने कुरा भाइभारदारले गरेका। केही पछि राजाको सवारी सभामा भएपछि सबै आ-आफ्ना ठाउँबाट उठेर राजाको स्वागत गर्दै पुनः यथास्थानमा बसे। राजाको सङ्केत बुझेपछि द्वारे ताराचन भण्डारीले सम्बोधनपछि पर्वत लगायतका २२ से चौबीसे राज्यका बारेमा कुरा सुरु गरे। युवराज मलेबमको विवाहको प्रसङ्ग त्यस सभाको मूल विषय थियो। विवाहकै सन्दर्भमा धेरै ठाउँबाट विवाह प्रस्तावका लागि नरिवल आइसकेको कुरा रानीबाट बुझिन्छ। सुमन्तलाई निधो गर्ने कुराको जिम्मा रानीबाट भएपछि साना राज्यसँग वैवाहिक सम्बन्ध राख्ने कुरा उसले सुनाउँछ। सुमन्तको कुरा बीचैमा काटेर काजी अरिभन्जन मल्लले ठूला

राज्यसँग सम्बन्ध राख्नु नै राम्रो हुन्छ भन्ने सल्लाह दिन्छ। कुलगुरुले मलेबमको चिना पल्टाएर नरिवल आएका चिनाहरूसँग मिलाउने काम गर्नु र सुमन्तलाई कपर्दारको पदवी राजाबाट बक्स हुनु साथै सभा विसर्जनसँगै यो अङ्क समाप्त भएको छ।

आठौँ अङ्क

यस अङ्कमा जम्मा सात पृष्ठसङ्ख्या रहेका छन्। त्रासदीपूर्ण माई पूजाको प्रकोपले वल्ला पल्ला राज्यमा निकै मानिसको ज्यान गएको हुँदा पर्वत राज्यले राँके संक्रान्तिमा सबैलाई माई पूजा गर्न कर्नाल बजाएर उर्दी गऱ्यो। पूजाको सामग्री लिएर सबै सीमेबाँझोमा भेला भए। विशेष गरी त्यो बेला कतै पनि हस्पिटल नभएको हुँदा बेला मौकामा देवी देवताको पूजाआजा गरेर मन शान्त पार्नुपर्ने हुन्थ्यो। यसरी सबै भेला भएर माई पूजा गरेर माईलाई खुशी पार्दै यो अङ्क समाप्त भएको छ।

नवौँ अङ्क

यस अङ्कमा राजा रानी पुस महिना भएकाले कोठाभित्रै बसेर एकापसमा ठट्टामजाक गर्दैरहन्छन्। महारानीले राजासँग सुमन्तलाई एउटा भरपर्दो पदमा राख्न आग्रह गर्छिन्। यस कुरामा मेरो मात्र एकल विचारले हुँदैन भाइभारदारको पनि सल्लाह चाहिन्छ भन्ने कुरा राजाले बताए। राजाको कुरामा रानी असहमति जनfउँदै मल्ल वंशको राजा हुन्छ भने अन्य रैतीलाई पनि काजी पद दिनुपर्छ। सबै थर र गोत्रलाई मौका दिनुपर्छ, योग्यता अनुसारको कदर गर्नुपर्छ भनिन्। राजा घनश्यामको दोस्रो विवाह जुम्लेली राजकुमारी जयन्तीसँग भएको थियो। तर जेठीले सौतेने पीडा खप्नु परेन कान्छी रानी माइतै गएर बस्न थालेपछि। राजा रानीको यस्तै सामान्य कुराहरूसँगै यो अङ्क समाप्त भएको छ।

दशौँ अङ्क

यस अङ्कमा त्यो बेलाको चलनअनुसार राजकुमारको बिहेको कुरा चल्दैगर्दा २० वर्षको उमेर कटेपछि मात्र उनको लगन आएको तर खाँची र देउपुरबाट विवाहका लागि प्रस्ताव स्वरूप नरिवल आएको हुनाले डोला भिœयाउने र दुईवर्षपछि मात्र विवाह सम्पन्न गर्नुपर्ने प्रसङ्गलाई टुङ्गोमा पुऱ्याएर सभा विसर्जन भएको थियो। दुवै देशका कन्यालाई डोला गरी ल्याएर एकै लगन बिहा गरिने कुराको निर्णय ज्योतिषी द्वय रामेश्वर र आनन्द

रेग्मीबाट टिप चिना हेरी दुवै कन्यासँग मलेबमको ग्रहमैत्री मिलेको र वैरभाव नदेखिएको कुरा स्पष्ट भएको छ। डोलाप्रथा कहिले कसरी सुरु भएको भन्ने प्रसङ्गको जवाफमा वडाकाजीले युवा सुमन्तलाई जिम्मा लगाएपछि प्रतापमल्लको पालामा राजकुमारको विवाहका लागि कास्मिरका राजकन्यासँग गर्न भनेर जन्ती लिएर कास्मिरतिर जाँदा बाटामा डाकाहरूको समुहले बेहुला बनेका राजकुमारलाई मारिदिएछन्। यसरी राजकुमार मारिएपछि राजाले आफ्नी छोरीको विवाह गरी ज्वाइँलाई नै उत्तराधिकारी बनाएछन्। यसरी दुर्घटना भएको कारण कुटुम्बकहाँ जन्ती लिएर जान छोडेर डोलाप्रथा अनुसार बेहुली ल्याएर विवाह गरिदिने चलन  चलेको रहेछ। डोलाप्रथा र राजकुमारको विवाहको टुङ्गो गरी दशौँ अङ्क समाप्त भएको छ।

एघारौँ अङ्क

यस अङ्कमा माघ महिना श्री पञ्चमी (सरस्वती पूजा) को दिन पारेर राजदरबारको शिलान्यासको मुहुर्त ठहऱ्याएर वेनीको मध्य भाग दुई नदीको बीचमा तय गरिएको थियो। नदीले नोक्सान नपुऱ्याउने गरी राजपुरोहितद्वारा स्वस्तिवाचनका साथ शिलान्यास भयो। केही वर्षअघिदेखि योजना गरिएअनुसार दरबारको थालनी भएको थियो। त्यही ठाउँमा बन्दुक बनाउने मान्छे पनि थियो। घनश्यामकै पालामा शस्त्र बनाउन सुरु भएको थियो। दरबारका निम्ति सम्पूर्ण सामग्री तयार भएको राज घनश्यामले निरीक्षण गरे। सम्पूर्ण शिलान्यासको काम सिद्धिएपछि राजकुमार मलेबम रपण्डित रामेश्वरले विदा मागेर पर्वतको मूल दरबारतिर लागेपछि यो अङ्क समाप्त भएको छ।

बाह्रौँ अङ्क

यस अङ्कमा राजकुमार मलेबमका विवाहका लागि खाँची र देउपुरका राजकन्याहरू दरबारमा भिœयाउने तरखरमा दरबार सिंगारिएको थियो। दुवै राज्यबाट डोलाहरूले राजकुमारी वेनीमा ल्याइसकेका छन्। यो चलन ठकुरी वंशको परम्पराबाट फुपूचेला मामाचेलीबीच विवाह हुने प्रथा हो। नरिवलको उपहार पठाएर वाक्दान जस्तै गर्ने चलन थियो। राजकुमारीलाई दरबारिया भाषा, चालचलन सिकाउने वन्दोवस्त पनि मिलाइएको थियो। विवाह नभए पनि सबै बन्दोवस्त मिलाइएको थियो। जलपूर्ण घडा र कोलाका घरीले स्वागतद्वार सिंगारिएको थियो। बाजागाजा बजाएको थियो (पृ.१००)। त्यसलाई एक जोली दर्शन भन्ने चलन रहेछ। दरबार छेउमा पुगेपछि राजकुमारीहरूलाई डोलीबाट

उतारेर महारानीबाट पूजा गर्दै आरती डोला गर्दै भिœयाइयो । डोलेहरूको विदापछि डोला कार्य समाप्त भएर यो अङ्क पनि सकिएको छ ।

तेह्रौँ अङ्क

यस अङ्कमा नयाँ राजकुमारी द्वय दरबारमा भित्रिएपछि २ दिनसम्म यसै थकित भएर आराम गर्दै तेस्रो दिन नुहाइ धुवाइको कार्यक्रम साथै महारानी गुलबदनबाट राजकुमारीहरूको शारीरिक बनावटको जाँच गरियो । राजकुमारीहरू नुहाउँदै गर्दा महारानी झट्ट पुगिन् र आफू पनि नुहाउन लागिन् । राजकुमारीहरू लजाउँदै नुहाउन लागे । रानीले देउपुरे राजकुमारीको शारीरिक बनावटमा बढी ख्याल राखिन् । नुहाउने धाराको वरिपरि कपडाले बारिएको थियो । यो देखेर देउपुरे राजकुमारीले कोरो बारेको जस्तो भनेर टिकाटिप्पणी गरिन् । त्यो धारो विशेष राजपरिवारले मात्रै नुहाउने रहेछ भन्ने अनुमान देउपुरे राजकुमारीले गरिन् । यसरी हुनेवाला बुहारीहरूसँग स्नान सकेर घर फर्किएका थिए । राजा शिकार खेल्न वनतिर गएर शिकार लिएर राति अबेर मात्रै फर्किएका । त्यसपछि महारानी भान्सातिर लाग्दैगर्दा यो अङ्क समाप्त भएको छ ।

चौधौँ अङ्क

यस अङ्कमा राजा शिकारमा गएका र ढिलो गरी आएका हुनाले खानपिन पनि ढिलै भएको थियो । मट्टितेलको अभावमा सल्लाको दियालो बाल्ने चलन थियो । दरबारमा पनि त्यै परम्परा कायमा थियो । राजाको अन्तर्मुखी स्वभाव र रानीको बहिर्मुखी स्वभावको कारण राजाले रानीको खप्की खाइरहनु पर्थ्यो । उनीहरूको स्थायी दरबार वाग्लुङमा थियो तर जाडोका मौसममा उनीहरू तल वेनी छेउको कुरिलाखर्कमा बसोबास गर्थे । त्यहाँ सुविधासम्पन्न दरबारको निर्माण हुन लागेको छ । केहीबेर ठुस्सिएकी रानीलाई राजाले सम्झाएर ठेगानमा ल्याएपछि दुवैजना केही भलाकुसारी गर्दै छोराको पढाइ सम्बन्धी कुरा गर्छन् । भर्खरै डोला ल्याएका केटीहरूसँग मोहित हुन्थ्यो होला बेनीमै भएको भए भन्ने कुरा पनि गर्छन् । आफूले राजकुमारीहरूको अङ्ग परीक्षण गरेको कुरा रानीले राजालाई सुनाइन् । राजाले आइमाईसँग सतर्क रहेन भने पुरुषको नाहकमा ज्यान जान्छ भन्दै महिषासुर, रावणादिको ज्यान त्यसरी नै गएको कुरा गर्दै यो अङ्क समाप्त भएको छ ।

पन्ध्रौँ अङ्क

यस अङ्कमा पर्वत राज्यको औपचारिक वैठक बस्ने निर्णयका साथै वेनीमा निर्माण हुनलगेको दरबारका लागि वरपरका गाउँलेहरूलाई अर्थुङ्गेबाट घतान, पुलाका रैतीले सात दिनसम्म सित्तैमा इँटा बोक्नुपर्ने उर्दी गरिएको थियो। यदि कुनै घरबाट झारा तिर्न नआएमा उसले दिनको ३ पैसा जरिवाना तिर्नुर्थ्यो। कालिपारि मल्लाज निवासी शूरवीर कार्कीले राखु सियाल गाउँका उद्दिप भण्डरीकी स्वास्नी भगाएवापत कार्कीको ज्यान जोखिम गर्न खोजेको कुरा दरबारसम्म पुगेर ठूलै बहसको विषय बनेको। उद्दिपकी विवाहित पत्नी नन्दकली बिहापछि माइतमै बसेकी हुनाले कार्कीले जारी गरी लगेपछि जार काट्न ठूलो प्रयासपछि पनि उद्दिपले नसकेको हुनाले र कार्की भागेर ज्यान जोगाउनु पर्ने हुनाले दरबारमा उजुर गरेको र पक्ष विपक्षलाई दरबारमा बोलाए केरकार गरी त्यो बेला खुला रूपमै जार काट्ने चलन भए तापनि जार काट्न दरबारले आदेश दिन नमिल्ने भएकोले जारी बुझिलिने गरी निर्णयका साथ यो अङ्क समाप्त भएको छ।

सोह्रौँ अङ्क

यस अङ्कमा जाडो महिना सकिएर गर्मी महिना सुरु भएपछि राजपरिवार कुरिलाखर्कबाट माथि ढोलठाना साविकको दरबारमै उक्लिने परम्परा अनुसार शुभसाइत जुराएर चैत्र १५ मा नयाा राजकुमारी सहित राजकुमार मलेबम घोडामा चढेर उकालो लागे। देउपुरे राजकुमारी विश्वप्रभा अलिक चलाख भएका हुँदा राजकुमारका साथसाथै घोडा कुदाइन्। तर खाँचीकी राजकुमारी अलिक घोडा कुदाउन नजान्ने भएकोले ढिलो गरेर पछ्याइन्। खनारमा तीनै जना भेला भए। साथमा सुसारेहरू पनि थिए। दरबार भित्रँदा बाजागाजा सहित हुनेवाला दुलहीहरूलाई ससम्मान दरबार लगेर भिœयाइयो। खाँचीकी राजकुमारीले राजकुमारले तुम्लेटमा दिएको पानी घोप्ट्याएको धाराको पानी आफैँ भरेर पिएको कुराले मलेबममा एक प्रकारको आशंका उत्पन्न गराएको प्रसङ्गसँगै यो अङ्क समाप्त भएको छ।

सत्रौँ अङ्क

यस अङ्कमा आफ्नो माइती घरमा कहिल्यै घोडामा नचडेकी खाँचीकी राजकन्या महल बसन्ता निकै डराउँदै लाज मान्दै उकालामा ढिलो भएको थियो। थाकेर भोलिपल्ट बिहान उठ्दा पनि ढिलै भएको थियो। राजकुमार र दुवै राजकुमारीलाई पर्वत दरबारबाहिर लगेर हिमालको दृश्य देखाउँदै खुसी पारेको थियो मलेबमले। दुवै राजतनयाले हिउँसँगै

खेल्ने इच्छा राखेको हुँदा पछि हिउँदमा आफ्नै घर आँगनमा हिउँ आउने कुरा सुनेर दुवै राजकुमारीहरू अचम्म मान्दछन् । यसरी  तिनै जना हिमालको दृश्य हेर्दै फर्कन्छन् । बेनीबाट राज दम्पतिको ढोलठानामा भएपछि गहुँखेती हेर्न जाने कुरा गर्दा दुवै राजकन्या राजा रानीको आगमनको प्रतिक्षा गर्न थाल्छन् । यस्तै गन्थन मन्थन गर्दागर्दै खाना खान बोलाएपछि तिनै जना त्यतै लाग्छन् र यो अङ्क समाप्त हुन्छ ।

अठारौँ अङ्क

यस अङ्कमा राजा घनश्याम वेनीको नयाँ राजदरबार निर्माण गराउने कार्यमा व्यस्त भएको कारण ढोलठाना जाने काम एक हप्तासम्म पाइतो सारेको साइतमा पनि जान पाइरहेका थिएनन् । बल्लतल्ल कुरिलाखर्कको दरबारबाट साविक दरबारमा जाने मौका मिलेको थियो । सवार सुमन्तले चलाएको थियो । दिनको मध्यान्हतिर बेनीबाट उकालो लागेको राजपरिवारको सवारी चनौटे धारामा पुगेर हातगोडा धोएर पानी पिउँदै गर्दा रानीले यस धारालाई 'राजाको धारो' किन भनिएको होला भन्ने जिज्ञासामा सुमन्तले डिम्ब बमले स्नान गर्ने र एक दिन उनले आफ्नो पेटको सबै भित्रस जति मुखबाट बाहिर निकालेर धोइपखाली गर्दा भिउँसिने दमाइले देखेको र अब यसले गाउँमा कुरा फिँजाउँछ भन्ने आशंका गरी राजाले भिउँसिने दमाइलाई कार्वाही गर्दा उसको जिब्रो तानेर बोल्न नसक्ने बनाएको र भिउँसिने बिरामी भएकोले उसलाई धामी झाँक्री लगाउँदा पनि निको नभएको, धामीले यसलाई नराम्रो रोग होइन महाराज डिम्ब बमको सराप लागेको हुँदा अब निको नहुने जोखानामा बताएको इतिहास सुमन्तले बताएको  र अठारौँ अङ्क समाप्त भएको छ ।

उन्नाइसौँ अङ्क

यो अङ्कमा राजा रानी माथिल्लो दरबार पुगेपछि राजकुमार मलेबमले आफ्ना भावी पत्नीहरूको इच्छाअनुरूप गहुँखेती हेर्न जाने कुरा बाबुआमा समक्ष बताउँदा बाबु चुप लाग्नु तर आमाले सचेत गराउँदै जाने सल्लाह दिनु । त्यसपछि तिनैजना गहुँबारीतिर लागे । बीचमा पर्ने जगन्नाथको पूजाका लागि फूल प्रसादसहित गएर पूजा अर्चना गर्दै गहुँखेती हेर्दै रमाउनु । जगन्नाथको ढल्नलागको मन्दिर देख्दा दुवै राजकुमारी अचम्म पर्छन् । त्यो मन्दिरभित्र डिम्म बमको मूर्ति स्थापना गरिएको पनि देखे । मन्दिरभित्र काठको किल्लामा सेतो कपडाको पगरी गुताएको दख्दा राजकुमारीहरू अझै छक्क पर्छन् । जौ र गहुँका बाला लहलह झुलेको देख्दा राजकुमारीहरू छक्क पर्दै हातमा लिएर खेलाउन थाल्छन् । जौको

जुँगा भएको र गहुँको जुँगा नभएको देखेर बालीको पनि भाले पोथी भन्दै हाँस्दै खेलाउँछन् । तिनै जना मन्त्रमुग्ध हुँदै केही बेर लट्ठिन्छन् । पाक्न लागेका केराउका कोसा खाँदै स्वाद लिँदै पातको सोली बनाएर पानी पिउँदै रमाउँदै गर्दा यो अङ्क समाप्त भएको छ ।

बीसौँ अङ्क

वैशाख महिना लाग्यो, जताततै लेकतिर लालीगुराँस फुलेर वनै रातो देखिन थाल्यो । दरबारीया ठिटाठिटीहरूलाई बासन्ती हावाले मन्त्रमुग्ध बनायो, चञ्चलता पैदा गरिदियो । त्यस्तै बखतमा राजकुमार, राजकुमारीहरू र अन्य भान्से, सुसारे भएर पर्वतको ढोडेनै हुँदै डढेकोट पुगेर त्यहाँ वनभोज गर्ने विचारले सामलतुमल बिसाएर सबै वनबिहारमा लागे । वनमा पाकेका फलफूल खाँदै सबै केही बेरसम्म रमाए । वनमा हराउँछन् भनेर मङ्गलीलाई सुमन्तले तुम्लेट संकेतका लागि बजाउन लगाएको थियो । केही बेरपछि सबै भेला भएर खाना बनाएर राजकुमारले दुइटा कालेज पनि ल्याएका रहेछन् त्यो पनि पकाएर सबैले वनभोज खाए । त्यसपछि  डिम्ब बमको डढेकोटको दरबार बज्र परी जलेर ध्वस्त पारेको प्रसङ्ग ल्याएर सुमन्तले सुनाएको र रानी सुनयना पनि डढिमरेको इतिहास सुनाउँदै गर्दा यो अङ्कले विश्राम लिएको छ ।

एक्काइसौँ अङ्क

यस अङ्कमा सुमन्तले जगन्नाथ मन्दिरमा वर्षेनी गरिने पूजाआजा, मिष्टान्न बनाएर प्रसाद ग्रहण गर्ने चलन चल्दै आएको गुठीबाट चल्ने, पूजाअर्चना धुमधामसँग हुने कुराको इतिहास सुनाए । त्यसपछि राजपरिवार उपस्थिति रहेको पनि बताए । राजकुमार मलेबमले आफ्ना हुनेवाला पत्नी द्वय लिएर डाँडातिर गएको र साथमा सुमन्त पनि सरिक भएर राजकुमारीहरूको रेखदेख गर्दै उनीहरूको जिज्ञासा मेटाउन डिम्बम (दिलिप बम) को इतिहास र डढेकोटको कथा सुनाएको प्रसङ्ग रहेको छ । डिम्बम पुत्र नागबमले रतन बानियाँको साथ लिएर डाँडाकोटका गुरुङ्ग राजालाई परास्त गरी उक्त राज्यमा आफ्नो कब्जा जमाएका रहेछन् । त्यसै गरी युवराज नागबमले रतन बानियाँलाई कास्की, तनहु, गरुहुँ, अर्घा, खाँची, मुसीकोट र गल्कोटसमेत सर गरेको कुरा उल्लेख छ । नाग बम बिरामी भई केही समयमै मृत्यु भएको हुँदा डिम्बमलाई पुत्रशोक परेको हुन्छ । यो यस्तो नोक्सानी किन भयो भनेर धामीझाँक्री राख्दा बोक्सी, डाइनीको खेल परेको कुरा धामीले जोखानाबाट भन्छ र सो कुरामा विश्वास गराएको पाइन्छ । अब डिम्बमको नाति प्रतापीनारायण बम

तन्नेरी भएपछि  तिलक दिने र आफू योगी हुने र वरनाथसँग दीक्षा लिई डिम्बमबाट नाम परिवर्तन गरी डिम्बनाथ बनेको हुन्छ। राजा डिम्बम योगसाधना गर्ने हुनाले आफ्नो इच्छामरण गरी जगन्नाथमै समाधि राखिएको कथा सुमन्तले सबैलाई सुनाउँदै यो अङ्क समाप्त भएको छ।

बाइसौँ अङ्क

यस अङ्कमा पर्वत राज्यका राजा घनश्यामकी कान्छी महारानी जयन्तीको गर्भ रहेपछि माइतीघर जुम्ला गएर बसेकी र उतै भद्रिबमको जायजन्म भएको, उतै हुर्किएको जवान भएपछि जुम्ली राजा पृथ्वीपति शाहीले राजदूत कमल जैसीको साथ लगाएर आफ्नो देश पर्वत राज्यमा पठाएको प्रसङ्ग छ। भद्रिबम गर्भको पहिलो र जन्मको पहिलो मलेबम भएर जन्मिएको हुनाले जुम्लीले पनि भद्रिबमलाई उक्साएर पठाएको रहेछ। उक्त कुरा कमल जैसीले राजामा जाहेर गरेछन्। दरबारमा त्यस कुराले निकै हलचल मच्चाएछ। पटक-पटक कमल जैसीले भद्रिबमलाई सचेत गराइरहेको रहेछ।

जुम्लाबाट पर्वत आउँदा बाटामा मेलाबजारमा भएको छेलो हान्ने कार्यक्रममा सामेल हुँदै भद्रिबम र डिल्ली भुजेलको बराबरी भएकोले निर्णायकले दुवैले बराबरी पुरस्कार पाएको कुरा पनि वर्णन गरिएको छ। त्यसपछि भद्रि र डिल्ली भुजेलले मित लगाएको प्रसङ्ग पनि यहाँ प्रस्तुत गरिएको छ। यसरी भद्रिबमले आफ्नो बाबुको राज्यमा गएर त्यो परिवारमा एउटा सदस्यका रूपमा भित्रिने मौका पाएको भन्ने प्रसङ्ग चल्दै गर्दा यो अङ्क समापन भएको छ।

तेइसौँ अङ्क

यस अङ्कमा भाद्र महिनाको पहिलो दिन आकस्मिक बैठक बोलाइएको र यो बैठक बस्ने दिन अत्यन्तै ठूलो पानी परिरहेको र बोलाइएका मानिसहरू विभिन्न बर्खे ओड्ने ओडेर भेला भएका। त्यो बैठकमा विशेष गरी जुम्लीले पठाएको खबरका सम्बन्धमा छलफल गर्नु रहेको थियो। बैठकमा सबै उपस्थित भइसकेपछि द्वारे ताराचनले सभा सञ्चालन गरेको। भद्रिबम जुम्लामै जन्मे हुर्केका र भर्खरै पर्वत राज्यमा कमल जैसीका साथमा आएका, कमल जैसीले जुम्लाको सन्देश सुनाउन चाहेको र राजाले आज्ञा दिएपछि सुनाएको कुरा चलेको छ।  राजकुमारलाई उचित पालन पोषण गरी हुर्काएर हामीलाई जिम्मा लगाउनुभएकोमा पर्वतका राजा घनश्याम जुम्ली महाराजप्रति आभार प्रकट गरिएको छ। राजकुमारीहरूलाई

शिक्षा दीक्षा दिने बन्दोवस्त गुरु रामेश्वरबाट मिलाइएको कुरा पनि प्रस्तुत गरिएको छ। उनको खानदान र बसोबासको व्यवस्था दरबारले गर्ने कुरा राजकुमार मलेबमले आफ्नो बोल्ने क्रममा भनेका हुन्। त्यसपछि उक्त सभा विसर्जन राजाबाट भएको साथै यो अङ्क समापन भएको छ।

चौबीसौँ अङ्क

यस अङ्कमा राजा घनश्यामकी कान्छी महारानी जयन्तीको वार्षिक पुण्य तिथि सम्पन्न भएपछि राजदूत कमल जैसी राजकुमार भद्रिबमलाई राजपरिवारमा जिम्मा लगाएर आफ्नो बाटो जुम्लातिर अघि बढाउँछन्। पर्वत राज्यको राजकुमार मलेबम भए पनि गर्भको जेठो भद्रि भएको हुनाले भद्रि नै युवराज बन्नुपर्ने सन्देश कमल जैसीले सुनाएपछि पर्वतमा निकै हल्चल मच्चिएको परेको छ। सबै भाइभारदार र राजा रानीको एउटै आवाज जन्मले मलेबम जेठो भएको र उसैलाई युवराज बनाउनुपर्नेमा रहेको छ। राज्य विभाजन गर्दा कौरव र पाण्डवको जस्तो झगडा हुने कुरा पनि त्यहाँ चलेको थियो। सर्वप्रथम भद्रिलाई पर्वतको वातावरणमा केही समयसम्म भिज्न दिने र पछि कुरा मिल्दै जाने भन्ने कुरा बैठकमा चलेको थियो। त्यसपछि भद्रिको रेखदेख गर्ने जिम्मा दरबारले सुमन्तलाई लगाएको, पर्वत राज्यमा दुई युवराज देखापरेकोले अप्ठ्यारो पर्न गएको प्रसङ्का साथ यो अङ्क समाप्त भएको छ।

पच्चीसौँ अङ्क

यस अङ्कमा राजा घनश्यामले वेनीमा नवनिर्मित दरबारमा नै यो सालके दशैँ, तिहार मान्ने मनाउने गरी गरी राजपरिवार औलातिर झरेका छन्। मलेबम र भद्रिबमबीच सानातिना कुरामा सरसल्लाह हुने, एकले अर्कालाई ख्याल गर्ने जस्ता कुराहरूमा बढोन्नति हुँदै गएको र त्यस्ता कुराले दरबारीयाहरूलाई सन्तुष्ट मिल्दै गएको छ। दरबारको सल्लाह अनुसार सुमन्त भद्रिको प्रायजसो ख्याल गर्थ्यो। मलेबम र भद्रिको जोडी देख्दा राम लक्ष्मणको जस्तै देखिएको छ। एउटा जुम्लेली व्यापारी अचानक भद्रिलाई भेट्न आएको कुराले सुमन्त सशङ्कित भएको तर को हो ? किन आएको भन्ने प्रश्न गर्ने जमर्को नगरेको विषय प्रस्तुत गरिएको छ। भद्रिले नै जुम्लीहरू हिउँदमा भारततिर काम गर्न जाने वर्खा लागेपछि फिर्ने गरेको कुरा बताएको। चैतेदशैँमा काली पूजा हेर्ने रहर भद्रिले गरेको हुनाले सुमन्तका साथ भद्रि काली मन्दिरतिर गएका साथै कमल जैसीसँग मेलामा भेट हुँदा कुशल

मङ्गल सोधनी गरी तिनै जना बाङ्गेचौर गुठीमा सहस्रमणि खड्काको घरमा खाना खाएको। अब कमल जैसीलाई भद्रिले पर्वत राज्यमा जानुपर्छ भन्दा आफू प्युठान हुँदै जुम्ला जानुपर्ने भन्दै आफ्नो बाटो लाग्छन् कमल जैसी। नलिनीको प्रसङ्ग ल्याएर सुमन्तलाई विश्वास दिलाएको कमल जैसीले। यसरी कमल र भद्रिकै प्रसङ्ग चल्दाचल्दै यो आङ्क समापन भएको छ।

छब्बीसौँ अङ्क

यस अङ्कमा धौलागिरी हिमालको दक्षिणपट्टि तामाखानी भएको खबर लिएर दरबारमा मच्छिमका जयन्त छन्त्याल आएको र त्यो कुराको अनुसन्धान गर्न र खानी खन्ने आदेश दिनका लागि खानी भएको नजिकै एउटा खनकहरूको बस्ती नै बसाउनुपर्ने कुरा मिलाउन दरबारबाट कुइनेतिर भद्रि र सुमन्त घोडामा चढेर लागे। कुइने पुगेर काम सुरु गर्ने बन्दोबस्त मिलाएर सुमन्त र भद्रि जयन्तसँगै मच्छिमतिर लागे। ताकम भद्रिका पुस्ताहरूको पुरानो थलो रहेको र उसलाई त्यो ठाउँ हेर्ने रहर लागेकोले गएको रहेछ। ताकमबाट धारापानी कालु थापाका घरमा पुगे। यसरी अर्को बाटा भएर कालु थापाका घरमा पुगेर यो अङ्क समाप्त भएको छ।

सत्ताइसौँ अङ्क

यस अङ्कमा जब धारापानी कालु थापाको घरमा भद्रि र सुमन्त पुग्छन् त्यो बेला थापा उनीहरूको प्रतीक्षामा रहेको हुन्छ। भद्रिलाई देख्दा पुरानै चिनजान जस्तो गर्छ थापाले। सुमन्तसँग त उसको भेटघाट भइरहन्छ तर भद्रिसँगको पहिलो भेटमै यस्तो हिमचिम देख्दा अचम्म लाग्यो सुमन्तलाई। भद्रिको यस्तो चलाखीपूर्ण व्यवहारले सुमन्त सशंकित हुन्छ। भद्रिको ताकम जाने कुराको केही संकेत उसले पाउन सकेको थिएन। दिनको मध्यान्हतिर भद्रि र सुमन्त कालु थापाको घर धारापानी भित्रिएका थिए। कालु थापा र भद्रिको चिनजानको विषयमा सुमन्त अनभिज्ञ रहेकोले कालुलाई सोद्धा ढोरको मेलामा सामान्य चिनजान भएको कुरा बतायो कालु थापाले। तर सुमन्त त्यतिले मात्रै नमानेपछि उतैका मान्छेले चिनाएर चिन्यौँ भन्यो कालु थापाले। बेलुका त्यहाँ कमल जैसी र डिल्ली भुजेल पनि आए। खसी काटेर कालुले पाहुनाको सत्कार गऱ्यो। यसरी हामी सबै एकै ठाउँमा भेला हुनु ठूलो मौकाको कुरा हो भनेर कमल जैसीले भनेपछि यो अङ्क समाप्त भएको छ।

अट्ठाइसौँ अङ्क

यस अङ्कमा सुमन्त, कमल जैसी र भद्रि थापाको घरमा आराम गर्दैगर्दा साँझ झमक्क पऱ्यो। थापा र जैसी कसैको पर्खाइमा बेलामौकामा बाटातिरै आँखा दगुराएको सुमन्तले विचार गरिरहेको थियो। त्यही बेला घण्टी बजाउँदै कोही बाहिर गेटमा घोडाबाट ओर्लियो। त्यो नौलो मानिस थियो। उसलाई थापाले भित्रै लिएर आयो। ऊ डिल्ली भुजेल रहेछ। अब कोरम पुग्यो भनेर सबै ढुक्क भए। परिचयको आदानप्रदानपछि खानाको व्यवस्था भयो। खानापछि सबैजना बैठककोठामा बसेर निकै रात जाउन्जेल कुराकानी गरे। त्यस पञ्चायतको विषय भनेको पर्वत राज्यको मुख्य राजकुमार भद्रि नै हुनुपर्ने कुरामा सुमन्त बाहेके अरु चारजनाले एउटै मतमा जोड दिइएका थिए। अन्त्यमा चारैजनाको सहमति त्यही कुरामा भएको थियो। सुमन्तलाई आफू अनभिज्ञ भएको कुरा बल्ल खुलेको थियो। त्यहाँ गर्भले जेठो भद्रि हो र उसले पर्वत राज्यको राजा हुनुपर्छ भन्ने कुरामा बहस भएको थियो। राज्य विभाजन गरेर पनि समस्याको समाधान गर्ने कुरा पनि चलेको थियो। यस्ता कुरा विशेष गरी कमल जैसीबाटै उठाइन्थ्यो। अरुले विरोध गरे तापनि भद्रिबमले आधा राज्या पाउने कुरा मनग्गे चल्यो। सुमन्तलाई पनि भद्रितिरै लाग्ने सल्लाह दिन्छन् तर सुमन्त दरबारको विश्वासी पात्र भएकोले उसलाई भद्रिको पिछा लगाएको भन्ने कुरा जैसीलाई थाहा नभएर नै उकास्ने काम भएको थियो। सबै सतर्क भएर भद्रिको पक्षमा लाग्ने सल्लाह दिँदै जैसीले कुराको बिट मर्दामार्दै यो अङ्क समाप्त भएको छ।

उनन्तीसौँ अङ्क

यस अङ्कमा त्यसको भोलिपल्ट जैसी आफ्नो बाटो लाग्न खोज्दा कालुराम थापा र भद्रिले नै ताकमकोट आफ्नो पुरानो पुर्खाहरूको बासस्थान हेर्न भनी रोकेर सबै पाँचै जना ताकमतिर लागे। यस पटक कलम जैसीले डिल्ली भुजेल र कालु थापालाई आफ्नो हातमा लिएर पर्वत राज्यमाथि भान्जो भद्रिलाई राजा बनाउन मद्दत गर्न भनेको थियो। बेलुका ताकमकोट हेरेर कालु थापाको घरमा बास बस्दै भोलिपल्ट बिहान चिया पिएर कमल जैसी जानालाग्दा भद्रिलाई कान फुकेर आफ्नो बाटो लाग्छ। डिल्ली भुजेलल सुमन्तको जिज्ञासा मेटाउ निसिको इतिहास सुनाएको। निसी मगरहरूको राज्य थियो तर पछि मगरहरूले पनि खसहरूले जनै भिरेर क्षत्रीय राजा भए जस्तै उनीहरूले पनि जनै भिरेर क्षत्रीय भएको कथा

सुनाएको। भिर्कोटेहरूले पनि जनै धरेर शाही ठकुरी भएछन्। मगरहरूसँग क्षत्रीहरूले कुटुम्बेरी नचलाएपछि जनै धरेर अब हामी पनि क्षत्री ठकुरी बन्ने भन्ने कुरा राजाले प्रस्ताव राखेछन्। त्यसो नगरी रुकुमा रहेकी रानीबाट जन्मिएको सन्तान यदि छोरो भएमा त्यसैलाई रुकुमबाट निसीमा ल्याएर जनै लगाइदिएर शाही बनाउनुपर्छ भन्ने कुरा हुँदैगर्दा रानीले पुत्र पाएपछि ब्रतबन्ध गरी शाही राजा बनाएको कुरा सुमन्तलाई सुनाउँदैगर्दा र यो अङ्क पनि समाप्त भयो।

तीसौँ अङ्क

यस अङ्कमा यस वर्षको दशैँ ढोलठानामै मनाएर कात्तिक नलाग्दै बेनी झर्ने साइत राजज्योतिषी चामु पाध्याले निश्चित दिन ठहराएका छन्। त्यो भन्दा अगावै एउटा दरबार बैठक बसेर पर्वत राज्यको उत्तराधिकारी कसलाई बनाउने भन्ने विषयमा कमल जैसीको कुरा सोच्नुपर्ने बनाएको छ। बैठकमा चर्चा हुने विषय पनि त्यही थियो। मलेबमलाई राज्यले युवराज घोषणा गरेको भए पनि भद्रिको अधिकार यथावतै रहेको र पहिलो उत्तराधिकारी पनि भद्रि नै हो भन्ने कुरा जुम्लीहरूको रहेको बुझिन्छ। सुमन्तले आफ्नो रिपोर्टमा पनि भद्रि स्वयंको राज्यप्रतिको दावी नभएर जुम्लीहरूले उकासेका मात्र हुन् भन्ने जानकारी गराएको छ। पर्वत राज्यमा भागबण्डाको पनि चर्चा चलिरहेको बेलामा अरिभन्जन र भाइभारदारहरूको राज्य टुक्र्याउनु हुँदैन भन्ने कुरामा सबैले जोड गरे। उनीहरूको राय मिल्यो। राजकुमार भद्रिबमलाई राजसभामा बोलाएर उनको मनसाय बुझ्दा राज्य टुक्र्याउने कुरा म चाहन्न भन्ने कुरा स्पष्ट पारे। बडाकाजीको भनाइमा राजाको जेठो छोरो नै राजा हुने र जेठो छँदाछँदै अरुले राज्यमा दावी गर्न नमिल्ने कुरा बताए। यसरी राज्यको उत्तराधिकारी को रहने भन्ने विषयमा सञ्चालन गर्ने विषयको चर्चा हुँदैगर्दा यो अङ्कले विश्राम लिएको छ।

एक्तीसौँ अङ्क

पृष्ठसंख्या ६ रहेको यस अङ्कमा लामो समयसम्म बिरामी परेका मलेबम अलि आराम भएपछि शिकार हान्छु भन्दै पानीधारातिर लागे। त्यसै मौकामा कोही नभए बुझेर राजा घनश्यामल भद्रिबमलाई बोलाएर क्षेमकुशल सोधे। ‘अब म बुढो हुँदै गएँ। राज्यको भार तिमीहरूकन सुम्पन खोज्दै छु, राज्यको भार बिसाइकन हरिनाम जपौँला, परत्र सुधारौँला....’(पृ.२२५) बाबुको कुरा सुनेर भद्रिले ‘राजा काटेर राजा पनि हुन्छ’ (पृ.२२६)।

यो कुराले राजालाई भित्र निकै अप्ठ्यारो पारे पनि यो भद्रिको भनाइ नभएर कमल जैसीले अह्राएको बुझेर जन्मको जेठो नै राजा हुने कुरा बुझाए। जैसी आफूले नभनको तर जुम्ली राजाको आज्ञा सुनाएको कुरा भद्रिले बाबुलाई बताए। सुसारेहरू खाजाको कुरा लिएर आएपछि बाबु छोराको कुरा नटुङ्गिँदै यो अङ्क समाप्त भएको छ।

बत्तीसौँ अङ्क

यस अङ्कमा राजा घनश्याम र रानी दरबार छेवैको देउता जगन्नाथ मन्छाउन मन्दिरतिर लाग्छन्। अरु मसिना केटाकेटी र मलेबम, भद्रिबमहरू चिट्ठा बनाएर केटाकेटीसँग राजा रानी, मन्त्री भएर खेल्न थाल्छन्। भद्रिलाई राजा, सुमन्त रानी र मलेबम काजी बनेर खेल्दा निकै रमाइलो भएको थियो। केटाकेटीले रानी नबनेको सुमन्तलाई अब रानीले नुहाउनु पर्छ भनेपछि राजा बनेका भद्रिले पर्दैन भनेर अर्को खेल खेल्ने भनेको। खेल सकिएपछि सबैले खुसियाली मनाउँदै यो अङ्क समाप्त भएको छ।

तेत्तीसौँ अङ्क

यस अङ्कमा यो वर्षको दशैं सकिएपछि लगत्तै ढोलठानामा कुरुवा र पहरेदार बाहेक अरु सबै राजपरिवारसहित सबै अरु वर्ष जस्तै बेनीको दरबारतिर झरे। भद्रि र डिल्ली भुजेल पनि बेनीतिरै झरे। उनीहरूलाई कुरिलाखर्कको अतिथिशालामा बस्ने व्यवस्था मिलाइयो। सुमन्त हरसमय भद्रिसँगै रहने हुनाले प्रायः सबै कुराको ख्याल गर्थ्यो। उसले भद्रिलाई राज्य विभाजन हुन नसक्ने कुराको जानकारी गराइसकेको थियो।  एक दिन बिहान राजाले भद्रिलाई दरबारमा बोलाएर मलेबम, राजा र भद्रि एउट निश्चित कोठामा बसेर पहिले युधिष्ठिर र यक्षके सम्वादमा युधिष्ठिरले यक्षका सबै प्रश्नको उत्तर दिएको हुँदा यक्ष खुसी भएर कुनै एउटा भाइ बचाउने कुरा गर्दा विमातृ भाइ नकुललाई बचाउने कुरा गरेको कथा सुनाएर आफू बढो भएकोले राज्यभार सम्हाल्न गाह्रो भएको हुँदा तिमीहरूलाई राज्य सुम्पिएर आफू फुर्सद हुने कुरा गर्न बोलाएको हो भनेको र मलेबमलाई नै जेठो भएकोले राजा बनाउन सबै भाइभारदारहरू एकजुट भएको पनि बताए राजाले। त्यसपछि सबै भाइभारदारको कुरा मैले पनि सुन्नुपर्छ भनेर भद्रिले भनेपछि  अर्को बैठकमा छलफल हुने कुरा बताए राजाले र यो अङ्क समाप्त भएको छ।

## चौँतीसौँ अङ्क

यस अङ्कमा बेनी दरबारको प्रसङ्ग छ। ढोलठानाभन्दा भव्य र आधुनिक तरिकाले सजिसजाउ गरिएको दरबारको सभाकक्ष निकै फराकिलो रहेको छ। राजाको आसन पनि निकै सुन्दर र आकर्षक रहेको छ। राजज्योतिष चामु पाध्याको ज्योतिष चतुऱ्याइँबाट निर्माण गरिएको सो दरबारमा यसपटकको बैठकमा वरपरका गाउँलेहरू पनि बोलाइएका थिए। दरबारीयाहरू प्राय सबै उपस्थित रहनुपर्ने यस सभाको सञ्चालन द्वारे तराचन भण्डारीले गरेका थिए। भद्रिले को जेठो र को कान्छो भन्ने कुरा सभाबाट आफ्नै कानले सुन्ने इच्छा गरेका थिए। यसै प्रसङ्गमा चलेको सभाले भद्रिलाई आफ्ना कुरा स्पष्ट रूपमा राख्ने अनुमति दिएपछि सभाको निर्णयपछि मात्र म मेरा कुरा राख्छु। पहिले सबैका कुरा सुनिसकेर भन्दै भद्रि आफ्ना ठाउँमा बसे। कमल जैसीले जुन कुरा गरे भद्रिको यसमै सहमत छ कि भनेर तारचनले सोधनी गर्दा राजनीति, राज्य सञ्चालन सम्बन्धी कुरामा म अनभिज्ञ छु तर राजाको छोरो भएको र गर्भको जेठो भएको कारण अनि जुम्ली महाराजका भनाइअनुसार म जेठो हुनुपर्ने भन्ने कुराले मैले दावी गर्नु कुनै अनौठो कुरा होइन जस्तो लाग्छ। त्यहाँ राजा घनश्यामका पुर्खा प्रतापी राजाले छोरालाई भाइ अंश लगाएर सबैलाई खुसी पारेको प्रसङ्ग पनि चलेको थियो। मलेबम नै पहिले जन्मिएको हुनाले उनैले राज्य सञ्चालन गर्नुपर्छ भन्ने कुरा साँचो भएपछि म यस कुरामा सहमत छु तर भाइअंश भने म कुनै हालतमा छोड्ने छुइन। भद्रिको यस भनाइले राजालाई निकै अप्ठ्यारो महसुस गरायो। यसको टुङ्गो लाउन राजाले पञ्चहरूलाई पठाएर आफू पनि सोच्न लागे। त्यसपछि सबै खाजा खान गएपछि यो अङ्क पनि समाप्त भएको छ।

## पैँतीसौँ अङ्क

यस अङ्कमा खाजाको कार्यक्रम सकिएपछि फेरि सभा जुट्यो। पञ्च भलाद्मीले आफूले पाएको जिम्बदारीको फैसला सुनाउन आज्ञा पाएपछि राज्यको भागवण्डा गर्ने कुराको खुलेर विरोध गरिएको जनाएको। आफूले अंशवण्डा सम्बन्धी उठाएको प्रसङ्ग भद्रिले फिर्ता लिनुपर्ने, सबै मिलेर राज्य जोगाउनुपर्ने कुराका साथै भद्रिले चाहेको जस्तो कज्याइ राज्यले दिनुपर्ने कुरामा पञ्चले जोड दिएको बताए। वडाकाजीले राज्य भनेको आमासमान भएको हुनाले आमाको शरीर काटकुट गर्न नमिल्ने भएकाले राज्य टुक्रिन दिनुहुँदैन भन्दै आफू पनि राज्यबाट अन्यायमा परेको कुरा त्यहाँ प्रस्तुत गरेका थिए। भद्रिले

मलाई आफ्नो हकबाट दैवले त ठग्यो तर आफ्ना पिताबाट पनि ठगिनुपर्दाको पीडा पोखेका छन् । आफूले केवल अंश भाग मात्र चाहेको राज्यको हकदावी नगरेको पनि उनले स्पष्ट पारेका छन् । यसरी भद्रिले आफ्नो अंशियारी हक नछोडेपछि कुरा टुङ्गोमा नपुग्दै वैठक उठ्यो र यो अङ्क पनि समाप्त भयो ।

छत्तीसौँ अङ्क

यस अङ्कमा वैठक समाप्त भएपछि सबै आ-आफ्ना गन्तव्यतिर लागे । कमल जैसीको सल्लाहअनुसार राजकुमार भद्रिको माग पुरा गर्ने कुराले दरबारको टाउको तताएको थियो । सब्रै भाइभारदारको एउटै किसिमको पर्वत राज्य विभाजन गर्न नमिल्ने कुरा थियो । वैठकपछि बडाकाजीले राजा रानी राजकुमार राजकुमारी सबैलाई वैककक्षमा भेला गराएर जुम्लीहरूले अलिकति अंश पाए समय मिलाएर राज्य हत्याउने कुरा पढाएर पठाएका छन् भन्ने कुरा सबैलाई सुनाए । सुमन्तले अहिलेसम्म भद्रिसँग लागेर के कस्तो बुझेको छ भन्ने कुरा बुझ्न वडाकाजीले सुमन्तलाई सोधे । आफ्नो मनज्ञानले यो कुरा नउठाएको तर कमल जैसीको र जुम्ली दरबारको बठ्याइँले भद्रिले यस्तो माग गरेको बताए सुमन्तले । भद्रिले यसरी सबैतिरबाट आफूले भाइअंश पनि नपाउने बुझेपछि अब जुम्लातिरै गएर नलीनीसँग विवाह गरी उतै बस्ने मित डिल्ली भुजेललाई सुनाएपछि डिल्ली भुजेलले अबको बैठकमा अरु सबै छोडेर मलेबमकी जेठी पत्नी विश्वप्रभासँग विवाह गर्ने कुरा राखेपछि मलेबमले पत्नीको साटो राज्य नै जिम्मा लगाउँछ र आफ्नो स्वार्थ पुरा हुन्छ भन्ने कुरा सिकायो । वडाकाजीले राजाले नै यो समस्याको समाधान गर्नुपर्ने कुरामा जोड दिए अरुले टुङ्गोमा पुऱ्याउन नसकिने बताएर सभा विसर्जन भएको र यो अङ्क पनि समाप्त भएको छ ।

सैँतीसौँ अङ्क

यस अङ्कमा भाइभारदार र राजाबाट भद्रिले आफ्नो इच्छा पूर्ण नहुने बुझेपछि हतोत्साह हुँदै डिल्ली बसेको ठाउँ कुरिलाखर्कमा पुगेर आफ्नो अधिकार नपाएको विवरण खुलासा गरेर अब जुम्लातिरै जाने भनेपछि डिल्लीले यस्तो कुरा गर्न सुहाउँदैन भन्यो । साथै राजकुमारी विश्वप्रभासँग विहा गर्न पाउँ भन्ने कुरा छोड्न नहुने र यसलाई निरन्तरता दिँदै आफू आफ्नो लक्षमा पुग्नुपर्ने कुरा सम्झायो । यस कुराले युवराज लगायत कसैलाई पाच्य हुँदैन र टेन्सन मुक्त हुन युवराज राज्य छोड्न तयार हुन्छ या त अंश दिन तयार हुन्छ ।

यसरी नै हजुरको काम सिद्ध हुनेछ तर यहाँबाट भाग्ने कुरा चाहिँ गर्नै हुँदैन भन्दै गर्दा यो अङ्क समाप्त भएको छ ।

अठ्तीसौँ अङ्क

यस अङ्कमा युवराज मलेबमको पढाइ लेखाइ सिद्धिएको र अब केही समयपछि दुवै राजकुमारीसँग विहा गर्ने कुरा ज्योतिषिले बताएका छन् । पर्वत राज्यमा भद्रि नामको अजिङ्गर पसेर निकै सताएको कुरा सबैले महसुस गरिरहेका छन् । राजा मलेबम र भद्रिबमको बिहा गरी मलेबमलाई राज्य सुम्पिएर आफू साधु भएर रहने कुरा विचार गर्दै गर्दा भद्रिबमको अप्ठ्यारो कुराले सताइरहेको छ । अचानक राजाले भद्रिलाई एकान्तमा बोलाएर अब तिम्रो मनसाय के छ भनी सोद्धा मलाई अंश पनि नदिने राज्य पनि नदिने हो भने राजकुमारी विश्वप्रभासँग विवाह गर्न मैले पाउनुपर्छ । यदि राजकुमारी पनि नपाएमाम कसैको मातहतमा नबसेर स्वतन्त्र बस्न पाउने चाँजो मिलाइ दिनुपर्छ । यी दुईमा एउटा पनि भएन भने म आफ्नो अधिकार खोसेर लिन तयार छु । भद्रिको यस्तो धम्कीपूर्ण कुरा सुनेर राजा खङ्ग्रङ्ग भए । भद्रि अंशका लागि नयाँ विषयवस्तु प्रस्तुत गरी त्यहाँबाट बाहिरिँदै गर्दा यो अङ्क समाप्त भएको छ ।

उनन्चालीसौँ अङ्क

यस अङ्कमा भद्रिको निराशापूर्ण र अप्रत्यासित कि अंश कि राजकुमारीसँग बिहा गर्न पाउँ भन्ने भनाइप्रति राजा द्विविधात्मक मनस्थिति लिएर पारिवारिक वैठक बोलाएर सल्लाह गर्दा रानी, राजकुमारको एकै खालको अंश दिने मनस्थिति बुझियो । राजाको पनि मनसाय त्यस्तै रहेको बुझियो । राजकुमारी विश्वप्रभाले राज्य विखण्डन गर्न नहुने कुरा बताइन् । उनको त्यो कुरा सुनेर राजा अन्यमनस्क भएर भद्रिले विश्वप्रभासँग विवाह गर्न पाउँ भनेको कुरा कसरी सुनाउनु भन्नेमा रह्यो । बडो अधैर्य भएर राजाले भद्रिको दोस्रो प्रस्ताव सबै समक्ष प्रस्तुत गरेपछि सबै मर्माहत भए तर राजकुमारी महलबसन्तामा कुनै परिवर्तन आएन । राजाले दुवै माग पुरा नभएमा राज्यका लागि लडाइ लडेर भए पनि राजा भएरै छोड्ने कुरा भद्रिले गरेको सुनाए । यो सबै कुरा सुनेर विश्वप्रभा बरु म आत्महत्या गर्न तयार छु तर भद्रिसँग बिहा गर्दिन भन्दा मलेबमले म राजकुमारी त्याग्न सक्तिन बरु रामचन्द्र झैँ वनबास जान्छु । भद्रिले नै राज्य गरोस् भनेर ऊ बाहिरिएपछि वैठक समापन भएसँगै यो अङ्क पनि समाप्त भएको छ ।

चालीसौँ अङ्क

यस अङ्कमा राजा र काजी मकरध्वज बिहानको खानाअघि एकान्त वार्ता भएको र खानापछि पनि दुवै जना फेरि एकान्त वार्तामा संलग्न भएर कुरा गर्दैगर्दा मलेबम पनि उपस्थित भएर विश्वप्रभा र भद्रिको बिहा सम्बन्धी राजाको कुरा वास्तवमै नमानेपछि राजा हैरान भएको त्यहाँ स्पष्ट बुझियो । भद्रिलाई पृष्ठपोषण भएको कुरा पनि त्यहाँ चल्यो । अब भद्रि कुनै हालतमा दुई कुराभन्दा अरु कुराप्रति चासो राख्दैन । तसर्थ राज्य नभएर विश्वप्रभालाई दिए सबै समस्या समाधान हुनेछ तर विश्वप्रभालाई त्याग्न मलेबमले मानेनन् । म राज्य त्याग्न सक्छु तर विश्वप्रभा त्याग्न सक्तिन भन्ने अडान राजकुमारको रहेको छ । अरु सबै कुरा त्याग्न नसक्ने जिकिर मलेबमको रह्यो । त्यसपछि वडाकाजीले अब समस्याको समाधानार्थ विश्वप्रभालाई भद्रिबमको जिम्मा दिने निर्णय सुनाए । बेलुका राजपरिवार फेरि सल्लाह गर्ने गरी वैठक समाप्तका साथै यो अङ्क पनि समाप्त भएको छ ।

एकचालीसौँ अङ्क

यस अङ्कमा बेलुकाको खानापछि माहारानीको आदेशले सुसारे मङ्गलीसँग विश्वप्रभालाई बोलाएर अन्तरङ्ग कक्षमा पठाएर आफू बिरामी भएको भन्दै बाहिरतिर लागिन् महारानी । त्यसपछि वडाकाजी, राजा र विश्वप्रभा मात्रै त्यो कक्षमा भए । विश्वप्रभाले त्यहाँ बोलाउनाको कारण थाहा पाएपछि राजा र बडाकाजीले समस्याको समाधान खोज्ने कुरामा जोड दिँदै आफू भद्रिसँग बिहा गर्न नसक्ने बताइन् राजकुमारीले । तर राजा र बडाकाजीले धेरै ढिपी गरेपछि उनले पर्वत राज्यको अस्तित्व जोगाउन आफू भद्रिसँग बिहा गरी मलेबमलाई राजा बन्ने सुअवसर दिने घोषणा गरेकी थिइन् । आफू डोला फिर्ता गरी देउपुर गएर बस्ने कुरा पनि उनले गरेकी थिइन् तर त्यो कुरा पनि बदर गरी वडाकाजीको ढिपीले उनी वाद्य भएकी थिइन् । यस्तो कुराले झस्किएको भद्रिबम र डिल्ली भुजेलका बीच आफ्नो काम लगभग फत्ते भएकोमा एक प्रकार खुसीयाली साटासाट गर्दै बसेका थिए । यो सब खेल डिल्ली भुजेलको हो भन्ने कुरा दरबारले राम्ररी बुझ्न सकेको भए विश्वप्रभाल त्यस्तो करार भोग्नुपर्ने  थिएन होला । मलेबमले यो कुरा स्वीकार नगरेपछि फेरि राजकुमार मनाउने काम पनि विश्वप्रभालाई नै बडाकाजीले जिम्मा लगाउन खोज्दा आफू अत्यन्तै मर्माहत भएको कुरा बताउँछिन् राजकुमारी । उनले यसरी त्यागी भएर पर्वत

राज्यको अस्तित्व जोगाएको कुराले राजा र बडाकाजीले आफ्नो ठूलै बोझ बिसाएको अनुभूति गरेको प्रसङ्गले यो अङ्क समाप्त भएको छ ।

बयालीसौँ अङ्क

यस अङ्कमा केही समयसम्म पर्वत दरबार चकमन्न रह्यो । विश्वप्रभात आफूलाई बली चढाउन तयार भएको कुरा सुमन्तले थाहा पाउनुका साथै भद्रिले पनि थाहा पाएर आफू अत्यन्त मर्माहत हुनु, मितको विश्वासमा परेर भद्रि ठूलो खाडलमा जाकिइसकेको आफूलाई पाउँछ । डिल्ली भुजेल भद्रिलाई अब आफ्नो काम बन्ने कुरामा आश्वस्त पार्छ । जसरी आज राजकुमारी राजी भइन् त्यसरी नै राजकुमार मलेबम पनि भोलि हुन्छन् । तर भद्रिलाई भने राजकुमारीले आफूसँग बिहा गर्न स्वीकारे पनि आफूले हारेको महसुस गर्नु । डिल्ली भुजेलले भद्रिलाई अब राजकुमारीसँग बिहे गरी ज्यामरुकमा ढुक्क आरामसँग बस्नु भनेर सल्लाह दिन्छ विस्तारै ज्यामरुकतिर हेर्दै मलेबम गल्दै जान्छन् अनि पर्वतको राज्य आफ्ना हातमा पार्न सकिन्छ । मैले विश्वप्रभासँग बिहा गर्दा उता नलिनीले कस्तो अनुभव गर्ली भन्ने चिन्ता भद्रिमा पऱ्यो । विस्तारै भद्रिलाई कमल जैसी र डिल्ली भुजेलले उकास्दा उकास्दै ‘भाइ फुटाउ गँवार....’ अभियान सफल भएको सङ्केत देखिएको छ ।

त्रिचालीसौँ अङ्क

यस अङ्कमा राजकुमारी विश्वप्रभाले आफू भद्रिसँग बिहा गरी पर्वत राज्य अकण्टक बनाउनुको खातिर भीष्म प्रतिज्ञा गरिसक्दा पनि मलेबमले थाहा नपाउनु आश्चर्य लाग्दो कुरा हुन पुग्छ । पछि एकैचोटि महारानीले थाहा दिँदा मात्रै मलेबम ठूलो सङ्कटमा परेको र राजकुमारीसँग यथार्थ बुझेर दुवै पक्षले आ-आफ्ना गुनासा व्यक्त गर्दै राजकुमारीले भविष्यमा पर्नसक्ने सङ्कटलाई बेलैमा शान्त पार्न सचेतता अपनाउनु परेको कुरा स्पष्ट पारिन् । भद्रिसँग बिहे गरे पनि आफूले पर्वत राज्यलाई जुन बेला जस्तो सङ्कट आइलाग्छ त्यसको समाधानार्थ सक्दो सहयोग गर्ने वचनबद्धता गरिन् राजकुमारीले । तर राजकुमार भने एकोहोरो मलाई जानकारी नै नदिइकन आफू खुसी गऱ्यौ भनेर गुनासो पोख्दै थियो । अन्त्यमा भद्रिबाट अनादर गरेको खण्डमा ऊसँग व्यवहार गर्न गाह्रो भएको खण्डमा पर्वत राज्यका सबै ढोका खुल्ला रहने छन् । आउन सक्ने छौ, इज्जतसाथ रहन बस्न सक्ने छौ, भनेर मलेबमले चित्त बुझाउँदै गर्दा यस्तो त नहोला तर सङ्कटबाट पर्वत राज्यलाई

भ्याएसम्म बचाउने वचन राजकुमारीले दिइन् र आत्महत्या जस्तोसुकै परिस्थितिमा पनि नगर्ने वचन दिँदै गर्दा यो अङ्क समाप्त भएको छ ।

चवालीसौँ अङ्क

यस अङ्कमा मलेबमको विवाह महलबसन्तासँग र विश्वप्रभाको विवाह भद्रिबमसँग सम्पन्न भयो । राजा रानी र राजकुमार मलेबमलाई राज्याभिषेक गराएर काशीबासतिर लागे । रानी फिर्ने गरी र राजा आफ्नो बाँकी जीवन उतै काशीमै बिताउने गरी गएका थिए । बडाकाजी मकरध्वजले पनि अवकाश लिएर घरमै बस्न थाले । राजकाजको जिम्मा लिएको मलेबम भोकतिर्खा छोडेर राजकुमारी विश्वप्रभा गुमाउनु परेकोमा चिन्ताग्रस्त भएर भौँतारिन्थ्यो । भद्रि र विश्वप्रभा ज्यामरुकको डाँडामा गएर बस्न थाले । उतैबाट शिकार खेल्ने निहुँमा भद्रिले पर्वतमा आक्रमणको योजना बनाउन थाल्छ । यो कुरा बुढो शिकारी बजरङ्ग बाजेकी बजै रनकलीबाट विश्वप्रभाले थाहा पाउँछे र बाघखोर योगीका आश्रममा गएर योगीसँग कुरा बुझ्दा सबै कुरा थाहा हुन्छ तर पनि ऊ चुप लाग्छिन् । भद्रि आफ्ना सहयोगीलाई युद्धको तयारीमा रहन सचेत गराउँछ । हिउँदमा वेनी झर्ने राजपरिवार भद्रिको योजना बुझेर ढोलठानामै अडिन पुग्यो । ढोलठाना शत्रुहरूले आक्रमण गर्न नसक्ने सुरक्षित ठाउँ भएकोले विपक्षीहरू यसै सेलाउँछन् । भद्रिको व्यवहार अनौठो लाग्न थालेको हुँदा राजकुमारीले बुझ्न चाहेको तर आफू घरमा बस्न नसक्ने भएर वनविहारमा जाने गरेको बताउँछ । अन्त्यमा मैले नलिनीसँग पहिले नै विवाह गरिसकेको छ भनेपछि विश्वप्रभा अझै विछिप्त बन्न पुग्छिन् । साथै यो अङ्क पनि समाप्त भएको छ ।

पैँतालीसौँ अङ्क

यस अङ्कमा पर्वत राज्यका छेउछाउका पाँच, छ ओटा राज्यमा प्रवेश गरी त्यहाँको वस्तुस्थिति बुझेर जैसी आनन्द रेग्मी पर्वत राज्यमा प्रवेश गरेपछि दरबारले वैठक बसाउँछ । उक्त वैठकमा राजा बनेका मलेबम निकै ढिलो बैठकमा उपस्थित हुन्छन् । भाइभारदार, राजा र रेग्मी भएर पर्वत राज्यमा हुने खतराको सम्बन्धमा छलफल गर्छन् । राजाज्ञा पाएका रेग्मीले राजालाई सचेत हुन आग्रह गर्दै विश्वप्रभाले पर्वत राज्यको हितमा चालेको कदमको एकछत्र राज्य चलाउने अवसर प्राप्त भएको छ । अर्कासँग विहा गरेर पनि यसै राज्यको भलो चिताउने विश्वप्रभा एक महान नारी हुन् भन्ने कुरा रेग्मीको रहेको छ । आफूलाई यस्तो अवस्थामा ज-जसले पुऱ्याएका छन् तिनीहरूप्रति प्रतिशोध नगरिकन मेरो

चित्तले मान्दैन भन्छन् मलेबम। सचेतक आनन्द रेग्मीले आफूले बुझेअनुसार वरिपरिका सबै राज्य पर्वत राज्यको बिरोधमा उत्रिएका र यसको सामना गर्न सदैव सजग हुनुपर्ने सल्लाह दिन्छन्। कमल जैसी र भद्रिलाई सिध्याएपछि युद्ध शान्त हुने कुरा पनि त्यहाँ उठेको थियो। त्यसका लागि लडाकुहरू तयार गर्ने सरसल्लाहका साथ यो अङ्क समाप्त भएको छ।

छयालीसौँ आङ्क

यस अङ्कमा शिकार खेल्न निस्किएको भद्रि घर नफर्कने कुरा सुसारेसँग भनेर गएको रहेछ। कुरा के रहेछ भन्दै आफ्नी सुसारे रम्भालाई लिएर विश्वप्रभा बाघखोरको डाँडातिर लागिन्। त्यहाँ एउटा गुफामा जोगी बस्ने गरेको रहेछ। विश्वप्रभा त्यो कुरा बुझ्न गएकी हुन्। वास्तवमा जोगीका आश्रममा पुगेर उनले भद्रिको चालामाला बुझ्दै भविष्यमा हुने सम्भावित खतराबाट पूर्व प्रेमपात्र मलेबमलाई जोगाएर पर्वत राज्य दर्विलो बनाउन सफल भइन्। योजनाबद्ध रूपमा त्यहाँ पुगेकी राजकुमारीले आफ्नो वर्तमान लोग्ने भद्रिको ज्यानको समेत पर्वाह गरिनन्। आफ्नो काम फत्ते गर्नलाई राजकुमारीले जोगीको एउटा चेलालाई नबोल्ने र कान पनि नसुन्ने बनाएर भद्रिहरूको चियो गर्न लगाउने वाचा गराएर आफ्नो बाटो लाग्दै गर्दा गान्धारी मातालाई सन्देशबाहक बनाउने सल्लाह पनि गरेको प्रसङ्ग उल्लेख छ।

सच्चालीसौँ अङ्क

यस अङ्कमा राजकुमारी बाघखोरको डाँडाबाट फर्किएपछि पर्वत राज्यमा युद्धको तयारी सुरु हुन थाल्यो। हतियार बनाउने, युवाहरूलाई युद्धको तालिम दिने र नयाँ युवाहरू भर्ती गर्ने जस्ता कामहरू सुरु भए। अर्कातिर पर्वतका विरुद्धमा अन्य ५/६ ओटा राज्यहरू पर्वतमाथि सर गर्ने समयको पर्खाइमा रहेका थिए। मंसिरमा अरु वर्ष जस्तै ढोलठानाबाट राजपरिवार बेनी झरेपछि चारैतिरबाट घेरा हाल्ने र समाप्त पार्ने योजना भद्रिलगायत उसका सहयोगीहरू साधुको कुटी बाघखोरमा भेला भएर खुलेर सल्लाह गरे। त्यो लाटो बहिरोले सबै कुरा साधुलाई बताएपछि कुरा स्पष्ट भयो र मातालाई साधुले पत्र लेखी विश्वप्रभाको हातमा पर्ने गरी पठायो। यसरी विश्वप्रभाले मलेबमसँगको वाचाअनुसार आफूले भूमिका निर्वाह गरेको कुरा उल्लेख छ।

अठ्चालीसौँ अङ्क

यस अङ्कमा आनन्द रेग्मीले अनुमान गरे जस्तै राजपरिवार वेनी झरेपछि चारैतिरबाट घेरा हाली काम तमाम गर्ने गरी कमल जैसीले बनाएको योजना खतम भएको र राजपरिवार माथि ढोलठानामै रह्यो तल वेनीमा झरेन। ज्यामरुकमै बसेर कमल जैसी र डिल्ली भुजेलले योजना बनाएका थिए। अन्य राज्यहरूमा मानिसहरू पठाएर सबै तयारी गराएका थिए। ढोलठाना अत्यन्त सुरक्षित ठाउँ भएकोले शत्रुहरूको आक्रमणबाट बच्न सजिलो थियो। कमल जैसी र डिल्ली भुजेल ज्यामरुकमै छँदा घेरामा पार्न सजिलो हुन्छ भनेर मलबमले सुमन्त हस्ते पत्र पठाए। त्यो पत्रले भद्रि निकै सतर्क भयो तर आफ्नो गुरुयोजना ढोलठानालाई थाहा नभएको भन्ने विश्वासमा परे उनीहरू। भरसक भाइ बचोस् भन्ने विचारले मलेबमले भद्रिलाई ताकमतिर सर्ने सल्लाह दिँदा पनि भद्रिले नटेरेपछि कमल जैसी, डिल्ली भुजेल र भद्रिलाई एकै चिहान पार्ने योजना पर्वतेलीहरूले मिलाउँदै गर्दा यो अङ्क समाप्त भएको छ।

उनन्चासौँ अङ्क

यस अङ्कमा सधैँ कात्तिकमै वेनी झर्ने राजपरिवार अहिले किन झरेन भन्ने आशंका गर्दै तिनै जना मित्रहरू बेनी सखाप पार्ने योजनाको अन्तिम तयारीका लागि तिथिमिति तय गर्न अप्ठ्यारो परेको महसुस गर्दा सुमन्तले ल्याएको पत्रले उनीहरू एकातिर ढुक्क पनि थिए भने अर्कातिर साँझ टर्दै गर्दा अचानक ज्यामरुक वरपर कुकुर भुकेको आवाज आयो। त्यसलाई वेवास्ता गरी तिनैजना आफ्ना सुरमा गफ गर्दै रहे। बाघ आएछ र कुकुर भुकेका होलान् भन्ठाने तर तुरुन्तै मानिसहरूको कोलाहल चल्न थाल्यो। भद्रि र उसका साथीहरूले आँखीझ्यालबाट बाहिर च्याएर हेरे। परबाट मसाल आउँदै गरेको देखेपछि केही रहस्य अवश्य छ भन्ने ठहर गरी सुरक्षित ठाउँको खोजीमा लागे। राजकुमारी र सुसारेलाई केही व्यक्तिले कुरिलाखर्कतिर लगे। त्यसपछि भद्रि र कमल जैसी भागे। डिल्ली भुजेल अर्कातिर भाग्यो तर कमल र भद्रि काली गण्डकीको प्रवाहसँग डराएर केही रोकिँदै नाविकको खोजीमा लागे। जैसी आफैँ नाविक भएर नाउ घिस्याउँदै दुवै चढेर पारि तरे। पारिपटिट् बगरमा मसाल वालाले जैसीको गर्धनमा छप्कायो। जैसीले त्यहीँ परमगति पायो। भद्रिले दुईजना ढालेपछि भद्रिलाई शत्रुले दुई गीँड पारिदियो। भद्रि छटपटाइरहेको अवस्थामा यो अङ्क समाप्त भयो।

पचासौँ अङ्क

यस अङ्कमा पर्वतीया सैनिक दुईजना मारिएका र भद्रि र कमल जैसी मारिएको खबर ढोलठानामा व्यापक रूपले फैलियो । त्यसपछि मलबम केही शान्त र आश्वस्त तर चिन्तित जस्ता भए । राजकुमारी क्रुद्ध होलिन् भनेर चिन्तित भयो भने काँडो बनेर बसेको भद्रि समाप्त भएकोले आश्वस्त भएको थियो । पर्वत राज्य निस्कण्टक  र मलेबमको सुखका लागि आफ्नो जीवन आहुती दिने राजकुमारी विश्वप्रभाप्रति पर्वत राज्यले शिर झुकायो । आफ्नो वचन पूरा गरेर पर्वत राज्यमा झरेकी राजकुमारीलाई वडामहारानीको पदवी दिए राज्यले सम्मान दिन खोज्यो तर उनले पर्वत राज्यले मेरा सबै कुरा खोसेपछि सम्मानको कुनै सार रहँदैन भनेर आफ्नो ढिपी छोडिनन् । भद्रिसँग बिहा मात्र गरेको तर श्रद्धा, विश्वास र भरोसा अनि माया केही पनि नरहेको कुरा उनले मलेबमलाई सुनाइन् र राम्ररी राज्य सञ्चालन गर्ने सल्लाह पनि दिइन् । अब मलेबमले सानो दरबार बनाएर स्वतन्त्र रूपमा रहन दिने कुरा गर्दा विश्वप्रभाले डोला आएको ठाउँ भएकोले मन अब यहाँ रमाउन नसक्ने र आफू त्यहाँबाट उम्कने प्रयास गरेको प्रसङ्ग छ । जहाँ विश्वप्रभा र उनकी सहयोगी बसेकी थिइन् त्यस भवनमा बाहिरबाट चौकीदारले ताला लगाएको थियो ताला लगाएकै अवस्थामा विश्वप्रभालाई पछाडिको ढोका खोलेर आफ्ना सामान लिएर निस्किएको र बाहिर निस्कनका लागि कसैले उनलाई सिँढी लगाइदिएको, उनी कम्प्पाउन बाहिर निस्किसकेपछि त्यो सिँढी पनि झिकेको, उनकी सुसारेलाई आफूले लगाइसकेको हिराको औंठी दिएको र त्यहीबाट विश्वप्रभा अलप भएको प्रसङ्ग उल्लेख छ ।

एकाउन्नौँ अङ्क

यस अङ्कमा विश्वप्रभाका लागि भवन निर्माण कार्य सम्पन्न हुँदै जाँदा उनलाई मनमा औडाहा बढ्दै जान थाल्यो । पर्वत राज्य बिरानु, बेसहारा जस्तो लाग्न थाल्यो । त्यसपछि राजकुमारी त्यहाँबाट अन्यत्रै कतै गएर एकान्त जीवन जिउन एकान्त र सुरक्षित ठाउँका खोजीमा लागिन् । अचानक कुरिलाखर्क आएकी गान्धारी माताले आफ्नो इतिहास सुनाएर राजकुमारीको जीवनमा वैराग्य उत्पन्न गराएपछि अबको जीवन सन्यासी भएर बिताउने विचार गर्न थालिन् । सुसारे रम्भालाई पनि थाहा नदिइकन आफूले योगीसँग सल्लाह गरी दरबार छोड्ने निर्णयले योगीको आज्ञा शिरोपर गरी अन्तिम अवस्थामा रम्भालाई सुनाएर रातको समयमा एक जना साधु र गान्धारी माताको साथ लागेर सेतो

धोती दुई थान लिएर केही असर्फी बोकेर केही असर्फी र औंलाको हिराको औंठी सहित सुसारेलाई दिएर चुप लाग्नु भन्दै आफ्नो बाटो लागिन्। अज्ञात दिशाबाट चरीको आवाज आएतिरै लागिन्। बाबाको आदेशअनुसार बाघखोर डाँडाको बाबाको कुटीमा पुगेर विश्राम लिइन्। बाबाकै सल्लाहले कपाल मुण्डन गरी उनकै सहयोगले वृन्दावन जाने निधो गरी बाबा, गान्धारी र विश्वप्रभाव तीन जना बाटा लागे। दरबारमा दुई दिनसम्म रम्भा र राजकुमारी बाहिर ननिस्किएपछि खैलाबैला चल्यो। यताउता खोज्दाखोज्दै रम्भा विचेत अवस्थामा लडेको देखेपछि ढोलठानाम खबर पुगेको प्रसङ्ग छ।

बाउन्नौँ अङ्क

यस अङ्कमा अचानक विश्वप्रभा बेपत्ता भएको खबरले मलेबम विक्षिप्त जस्तो भएर वेनीतिर झर्‍यो। त्यहाँ पुग्दा रम्भाको मृतक शरीर मात्र रहेको तर राजकुमारी यताउता कतै नभएको कुरा स्पष्ट भयो। त्यहाँ केवल राजकुमारीले लगाएको औंठीका टुक्राटाक्री मात्रै छरिएको अवस्थामा भेटिए। त्यो देखेर मलेबमले अब राजकुमारीले आत्महत्या गरिछन् भन्ने सम्झे। डाँडाखानीकी झप्पी मगर्नीको कुराले राजकुमारीले टाढैको यात्रा गरेको स्पष्ट भयो र यताउता खोजी गर्न मानिसहरू दौडाइयो पनि उनको पत्तो केही लागेन साथै उनको नामसँग सम्बन्धित कुरा पनि लोप भए। त्यही साल भदौमा गएको महाभूकम्पले कुरिलाखर्कको दरबार सबै पुरिएर वेपत्ता भयो। प्रायः सबै आसपासका भू-भागहरू म्याग्दीमा बगेर गए। उनका लागि बनाइएको सानो अर्धनिर्मित भवन पनि त्यत्तिकै लथालिङ्ग अवस्थामा रहेको प्रसङ्ग छ।

त्रिपन्नौँ अङ्क

यस अङ्कमा महारानी विश्वप्रभा हराएपछि मलेबमलाई ठूलै चोट पर्न गयो। ऊ निकै विक्षिप्त जस्तो भएर राजपाठमा अप्ठ्यारोपन देखापर्न थालेकोले भाइभारदारहरू पनि चिन्तित बनेका थिए। हिउँद सकिएर बर्खा लाग्यो। दशैँ आयो, निशानपूजाका लागि निशिकोट आएको डिल्ली भुजेललाई समातेर ढोलठाना ल्याएर मलेबमकै हातबाट खम्बामा बाँधेर निर्ममतापूर्वक हत्या गरियो। गलकोट लगायत वारिपारिका राज्यहरू आफ्नो हातमा परेपछि डिल्ली, भद्रि र कमल जैसीको हत्यापछि मलेबमको रिस शान्त हुँदै गएको थियो। मलेबमले बेनीमा एउटा शिवालय स्थापना गरी भाइहत्याको प्रायश्चित्त गरेको थियो। महारानी विश्वप्रभा बेपत्ता भएको दुई शताब्दीपछि त्यो कुरिलाखर्क तुले बाँडाको हातमा

पुगेको र उसले उँधौली, उँभौली गोठाधूप गर्दा महारानी विश्वप्रभालाई पनि सम्भिmएर धूप बाती, ध्वजा चढाएर गोठको, पशुहरूको सुरक्षार्थ प्रार्थना गरेको र त्यही बेलादेखि महारानीको पूजाआजा गर्न सुरु भएको हुनाले महारानी नामले देवीको सम्मान दिने गरिएको प्रसङ्ग छ ।

५.२.२ चरित्रचित्रण

चरित्र भनेर पात्रहरू र तिनका क्रियाकलापलाई लिइन्छ। कथानकअनुरूप उपन्यासमा प्रमुख, सहायक र गौण गरी तीन किसिमका चरित्रहरूको चयन गरिएको छ । प्रमुख चरित्रमा घनश्याम-गुलबदना देखा पर्छन् । सहायकहरूमा पात्रमा मलेबम-महलबसन्ता, भद्रिबम-विश्वप्रभा, सुमन्त, डिल्ली भुजेल, कमल जैसी, साधु, गान्धारी माता, चामुपाध्ये, बडाकाजी मधरध्वज, द्वारे ताराचन भण्डारी हुन् । गौण पात्रहरूमा जयन्ती ( भद्रिकी आमा), सुसारे रम्भा, डिमबम, पुरेत जमदग्नि सुवेदी, ढल्के, उजिर सिंहं कार्की, मणिरन्जन, डिम्बम-सुनमना, भारदारहरू, नलिनी हुन् । उपन्यासको स्थान र वातावरण पृथ्वीनारायण शाहभन्दा अगाडितिर (बाइसे चौबिसे) राज्यका समयको कथा हो। घनश्यामको चरित्रले उपन्यासमा स्थान पाएको छ। महारानी उपन्यासमा उपन्यासकारले आधा सत्य र आधा काल्पनिक कुरा समावेश गरेका छन्। देउपुरकी राजकुमारी विश्वप्रभालाई महारानी बनाएर उपन्यासमा भिœयाउनु नै उपन्यासमा स्वैरकल्पनात्मक देखिएको छ । यसरी उपन्यासका चरित्रहरू स्वाभाविक र अस्वाभाविक दुई किसिमले आएका छन् । उपन्यासलाई प्रभावकारी बनाउन चरित्रलाई आन्तरिक र बाह्य दुवै किसिमको चित्रण गरिएको छ । पात्रको ज्ञानलाई चित्रणको संज्ञा दिन सकिन्छ, जसको सहायताले उपन्यासमा उनीहरूका जातीय विशेषताहरू, मानवीय शाश्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचिœयहरू उद्घाटित हुन्छन् (प्रधान, २०५२ : ८) । स्कट मेरिडथले गद्यका पात्रहरूलाई वैयक्तिक तथा विशिष्ट विशेषताहरूको वैविध्यको स्पष्टीकरण गर्ने प्रणाली विशेषको रूपमा परिभाषित गरेका छन् ।

कुनै पनि आख्यानलाई अगाडि बढाउने प्रमुख माध्यम पात्र हो । उपन्यासमा पात्र तथा तिनका प्रकारहरू बराबर चर्चा आइराख्ने प्रसङ्गहरू हुन् । आख्यानेतर साहित्यमा पात्रले कुनै न कुनै विशेषता बोकेर आएका हुन्छन् । उपन्यासको काव्यशास्त्रको परम्परामा पात्रहरूको वर्गीकरण गर्दा गतिशील र स्थिर पात्र गोला र च्याप्टा पात्र, प्रतिनिधि र

व्यक्तिपरक पात्र, अन्तरमुखी र बहिर्मुखी पात्रमा वर्गीकरण गरिएको पाइन्छ (बराल, २०५६ : ३०-३१) ।

घनश्याम

राजा घनश्याम-यस महारानी उपन्यासका औपान्यासिक मूल पात्र हुन् । उनको राज्य औपन्यासिक आधारमा पर्वतको ढोलठाना मूल दरबार भएको र हिउँदमा त्यहाँ अत्यन्तै जाडो हुने हुनाले तल वेनीको कुरिलाखर्क दरबारमा हिउँद बिताउने प्रसङ्ग प्रस्तुत गरिएको छ । निष्कण्टक पर्वत राज्यका राजा महाराज घनश्याम थिए । उनी प्रजापालक र न्यायमूर्ति त थिए नै गुनीज्ञानी अति चातुर पनि थिए । उनी अहिंसावादी पनि थिए । उनको शासनकालमा पर्वतले कसैमाथि आक्रमण गरेन र कुनै राज्यबाट पर्वतमाथि धावा बोलिएन । उनको प्रवृत्ति हेर्दा उनी असल स्वभावका मिलनसार र अहिंसावादी राजाको रूपमा चिनिन्छ भने उनको योगदानले उनका पछिका पुस्तालाई कुशल शासक बन्न प्रेरणा दिएका छन् ।

गुलबदना

राजा घनश्यामकी जेठी महारानी र यस उपन्यासकी मूल नारी पात्र हुन् । राजाले आफ्नो पहिलो विवाह गर्न त्यो बेलाको चलनअनुसार डोला ल्याएर विवाह गरेको थियो । उनी मलेबम लगायत जम्मा ६ जना सन्तानकी आमा हुन् । उनले आफ्ना छोरा राजकुमारका लागि देउपुर र अर्घाखाँचीकी राजकुमारीको डोला भिœयाएर जाँचिसकेकी थिइन् । गुलबदनालाई राजकाजका दैनिक कार्यसम्पादन गरेरै राज परिवारको समय सुखमय बिताएकी महिला पात्र हुन् । उनको प्रवृत्ति हेर्दा उनी असल राजकाजमा राजालाई सहयोग गर्न सक्ने किसिमकी महिला देखिन्छ भने उनको भूमिका त्यस समयमा पनि असल आमा र प्रजापालकको रूपमा लिन सकिन्छ ।

मलेबम

राजा घनश्याम र गुलबदनाको जेठो पुत्र, जन्मले जेठो र पर्वत राज्यको उत्तराधिकारी हुन् । मलेबम सातै महिनामा जन्मिएका कारण जेठा हुन पुगे । उनको प्रतिस्पर्धी भद्रीबम जुम्लामा हुर्केकाले बाल्यकाल बिना आहारिस नै बित्यो । उनका लागि दुईओटी राजकुमारीको डोला ल्याएर रानीवासमा भिœयाए पनि यिनको गृहस्थी स्वादिलो

बन्न सकेन। प्रारम्भमा सन्तुलित देखिए तापनि राजनीतिक छिनाझपटीले यिनको जीवन उबडखाबड बनाइदियो। गद्दी छोड्छु तर प्रेमिका छोड्दिनँ भन्दा पनि श्रीपेचको पासो यिनकै गलामा बेरियो। प्रेमिका बियोगले यिनी झन्डै बहुलाए। न यिनलाई पर्वतको अखण्डता प्यारो थियो न इतिहासको मोह तैपनि परिस्थितिले बाँधेको अभागी हुन् मलेबम। गद्दी बचाउनका लागि प्रेमिकालाई अचानो बनाउने लाचार पुरुषका रूपमा पनि उनलाई हेर्न सकिन्छ। उनले प्रवृत्ति हेर्दा विना आँटका भाइसँग लड्न नसक्ने पात्रका रूपमा देखिन्छन् र मलेबमको योगदानलाई मूल्याङ्कन गर्दा उनी लाचारी पात्रका रूपमा देखिन्छन् र भूमिका उनको सामान्य देखिन्छ तर अन्तिममा उनले राज्य बचाउनका लागि भाइ भद्रिबमको हत्या गर्न पनि पछि गरेका छैनन्।

भद्रिबम

यो राजा घनश्याम र कान्छी महारानी जयन्तीको एक मात्र पुत्र हुन्। आमाको गर्भमा पहिले आए पनि संसारमा आउँदा यिनी मलेबमभन्दा ढिलो भए। पर्वतले यिनलाई माहिलो भन्यो। मामाघर जुम्लाले भने जेठो भनेर राजा बन्ने सपना देखायो। राजाको छोराले राजा बन्ने सपना देख्नु अन्यथा नभए तापनि यिनलाई सहयोग गर्नेहरू चतुर मात्र नभएर धूर्त पनि थिए। राजनीतिका पापी प्राणी थिए। आफ्नो स्वार्थका लागि मलेबम र विश्वप्रभालाई छुटाउनेजस्तो घृणित कर्मका कारण यिनीप्रति पाठकको सहानुभूति छैन। ऊ गर्भले जेठो भए पनि मलेबम सात महिनामै जन्मिएर भद्रिबम माहिँलो हुन पुगेको छ। उसको जन्म जुम्लामै भएको हो तर पछि पर्वतमा आएर राज्य खोज्ने क्रममा पर्वतमाथि हमला गर्ने क्रममा मारिए। उनले उनका अन्य व्यक्तिको कुरा सुनेर आफ्नो राज्यको राजकुमार बन्ने आशमा भाउजूलाई विवाह गर्न पछि परेनन्।

विश्वप्रभा

पर्वत राज्यको भावी राजा मलेबमसँग विवाह गर्न भनी देउपुरबाट डोला गरी ल्याइएकी राजकुमारी हुन्। पर्वत राज्यका लागि आफ्नो जीवनको प्रवाह नगरी पछि राज्य जोगाउने क्रममा भद्रिबमसँग विवाह गरेर भद्रिलाई नै मार्न पछि नपर्ने विश्वप्रभा आफू सन्यासी भएर वृन्दावनतिर लागिन्। पर्वत राज्यले सबै लुटेर महारानी बनाएको देउपुरे राजकुमारी हुन्। राजकुमार मलेबमका लागि यिनको डोला भिœयाइएको थियो। कमजोर राज्यकी राजकुमारी बिहे गरेर बलियालाई नचिढ्याउने योजना अनुरूप देउपुरको नरिवल

स्वीकार गरेको थियो । विश्वप्रभाको जीवन अरूको योजना सफल बनाउनका लागि मात्र प्रयोग भयो । यिनले जसलाई माया गरिन् त्योसित बिहे भएन । जोसित बिहे भयो त्यसको अन्त्यका लागि कारण बन्नु पऱ्यो । सबै लच्छिनले युक्त भए पनि यिनी अभागी नै रहिन् । सत्ताको खिचातानीमा यिनलाई मोलमोलाइको वस्तु बनाइयो । पर्वत राज्यले महारानी या राजमाताको सम्मान दिए तापनि वा कात्यायनीसित तुलना गरे पनि या यिनको सम्मान मानवबाट देवतामा पुगे पनि यिनी माथि घोर अन्याय भएको छ । समय बितिसकेपछि मात्र कतिपय निर्णयमा यिनी आफैँ सामेल थिइन् । यिनको त्यागको त्यतिबेला मात्र हैन अहिले पनि सम्मान भएको छ । महारानी उपन्यासको जन्म पनि विश्वप्रभाको जीवनलाई लिएर नै भएको छ । उनले पर्वत भित्रिएपछि आजीवन पर्वत राज्यलाई सहयोग गरेकी छिन् । भद्रिसँग पनि राज्य जोगाउनका लागि विवाह गरिदिएकी छिन् । हरेक योजनाहरू पर्वत राज्य विरोधी वा मलेबमको विरोधमा भए जोगीजोगिनीको साथ लिएर पनि मलेबमलाई सहयोग गरी भद्रिको ज्यान दिन पनि पछि नपरेकाले यिनी पर्वत राज्यको भलाईमा ठूलो भूमिका खेलेकी महिला पात्र हुन् ।

महलबसन्ता

मलेबमकी महारानी हुन् । यी खाँचीकी राजकुमारी हुन् । विश्वप्रभा भद्रिसँग विवाह गरेपछि मलेबमकी एक्ली महारानी हुन पुगेकी हुन् । घनश्यामकी जेठी बुहारीका रूपमा दरबार प्रवेश गरेकी महलबसन्ता एकसाथ प्रवेश गरेका दुई राजकुमारीहरू विश्वप्रभा र महलबसन्ता थिए तर पछि भद्रिले विश्वप्रभालाई लगेपछि उनी यस दरबारकी एक्ली राजकुमारी बन्न पुगिन् । उपन्यासमा राजकाजमा मलेबमलाई राम्रोसँग सहयोग गरेकी र बालबच्चा हुर्काउन सहयोगी गरेकीले उनको भूमिका राम्रो देखिन्छ । उनले राजकाजमा सहयोग गरेको, दरबारिया भित्री कुरामा सहयोग गरेको देखिए पनि मलेबमलाई भने भावुक हुनबाट बचाउन नसकेको प्रवृत्ति यहाँ छ । मलेबमको रातदिन विश्वप्रभालाई नै सम्झिरहने प्रवृत्तिलाई महलबसन्ताले आफूतिर आकर्षित गर्न नसक्नु उपन्यासमा उनको कमजोरी पक्ष देखिन्छ ।

जयन्ती

राजा घनश्यामकी कान्छी महारानी हुन् । उनी यस उपन्यासकी सहायक पात्र विवाह पश्चात् दुई वर्ष मात्र घरमा बसेर आफ्नै माइतीघर जुम्लामै बसोबास गरिरहेकी र

उनको कोखबाट एक छोराको जन्म भएको थियो । छोराको नाम भद्रिबम हो । भद्रिबमको जन्म भएपछि केही वर्षमै माइतीघरमै जयन्तीको अल्पायुमै मृत्यु भएको हो । उनले भद्रिलाई लिएर पर्वत राज्यमा अनाउँदै उनको निधन भएकाले उनको भूमिका उपन्यासमा खासै ठूलो देखिँदैन । पर्वत राज्यका लागि उनको योगदान खासै देखिँदैन ।

डिम्बम (दिलिप बम)

डिम्बम राजा घनश्यामका पुर्खा हुन् । यिनले आफ्नो पेटको भित्री भाग मुखबाट निकालेर धोइपखाली गरी फेरि मुखभित्रै राख्ने क्रिया जानेका थिए भन्ने उल्लेख गरिएको छ । उनले यस्तो योग गरेको भिउसिन दर्जीले देखेकाले हल्ला गर्ला भनै उसको जिब्रो भिकेर बोल्न नसक्ने पारेका थिए भन्ने कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ । डिम्बम ( दिलिप बम) उमेर ढल्कदै गएपछि साधु भएको र पर्वत राज्यका लागि राम्रो सस्कार र संस्कृति दिएर गएकाले उनको योगदान राम्रो रहेको देखिन्छ ।

प्रतापी नारायण

महारानी उपन्यासमा प्रतापी नारायण घनश्यामका पूजा हुन् । राजा डिम्मबमका नाति हुन् । राजा घनश्यामका पुर्खा पनि हुन् । यिनले आफ्ना तीन भाइ छोरालाई राज्य विभाजन गरी अंश दिएका थिए भन्ने प्रसङ्ग देखिएको छ । उनले पर्वत राज्यलाई विभाजन गरी भाइ अंश गरिदिएकाले उनको भूमिका ठिकै देखिन्छ । प्रतापी नारायणले आफ्ना पुर्खालाई राम्रो संस्कार दिएकाले भूमिका राम्रो देखिन्छ ।

आनन्द रेग्मी

पर्वत राज्यलाई सहयोग गर्ने आनन्द रेग्मी पर्वत यहाँका राजदूत हुन् । उनले विभिन्न राज्यहरूको भ्रमण गरी पर्वत राज्यको विषयमा हुने गरेका राम्रा नराम्रा कुराहरूको सम्बाहक पनि हुन् । राज्य जोगाउने महत्वपूर्ण भूमिका यिनले निर्वाह गरेका छन् । यिनले आफ्नो ज्यान रहेसम्म पर्वत राज्यलाई सहयोग गरेकाले योगदान अपुरणीय देखिन्छ भने प्रवृत्ति पनि राम्रो देखिन्छ ।

राम पाध्याय

महारानी उपन्यासमा राजा घनश्यामको राजकाज चलेको समयका राम पाध्याय राज पुरोहित हुन् । राम पाध्याय राज्यमा आइपरेका बखतमा स्वस्तिशान्ति गर्ने गर्थे । उनको भूमिका उपन्यासमा सक्रिय देखिन्छ ।

बसुदेव पण्डित

उपन्यासकार चन्द्रप्रकाश बानियाँको महारानी उपन्यासमा बसुदेव पण्डित पनि रहेका छन् । बसुदेव पण्डित दरबारभित्र केटाकेटी पढाउने काम गर्थे । उपन्यासमाडोला गरी ल्याएपछि विश्वप्रभा र महलबसन्तालाई शिक्षा दीक्षा दिने काम बसुदेव पण्डितले नै गरेको बुझिन्छ ।

कमल जैसी

जुम्लाका राजदूत र भद्रिबमलाई राजा बनाउन पर्वतको युवराज घोषणा हुनुपर्नेमा जोड दिने भद्रिका शुभचिन्तक पात्र हो । पछि युद्धमा मारिएको थियो । भद्रीलाई डोऱ्याएर हिँड्ने कमल जैसीको चाललाई आनन्द निस्तेज पारिदिएका छन् ।

डिल्ली भुजेल

डिल्ली भुजेल महारानी उपन्यासमा मेलामा भेट भएर छेलो हान्दा चिनजान भएर छेलोमा बराबर अङ्क ल्याएर पुरस्कार प्राप्त गरी अन्त्यमा मित लगाएर सम्बन्ध गाँसिएको भदिको शुभचिन्त पात्र हो । पछि राजा मलेबमको हातबाट मारियो ।

चामु पाध्या

महारानी उपन्यासमा चापु पाध्याको पनि भूमिका देखिन्त । उनी दरबारिया ज्योतिष हुन् । ज्योतिष विद्यामा उनी निकै निपूर्ण मानिन्थे । दरबारमा प्रायः उनैले ज्योतिष हेर्ने र चिना, टिपन लेख्ने गर्थे ।

रामेश्वर

उपन्यासमा विभिन्न पात्रहरूको जरुरत पर्दछ । त्यस्तै महारानी उपन्यासमा नामका पात्र पनि रहेका छन् । रामेश्वर दरबारका कुलगुरु हुन् । दरबारमा सबैभन्दा मुख्य ओहोदाका

पण्डित पनि हुन् । उनले दरबारमा हरेक पूजापाठ तथा अन्य धार्मिक कार्य, शुभसाइत जस्ता कुरामा सक्रिय रूपमा भूमिका खेल्दैखाएका छन् ।

सुमन्त बानियाँ

सुमन्त बानियाँ यस उपन्यासको सशक्त पात्र हो । कुटनैतिक चातुर्य, इतिहासको गहन जानकारी, कार्यसम्पादन क्षमता, प्रत्युत्पन्न बुद्धि यिनका विषेशता हुन् । सुमन्त बानियाँ यस उपन्यासमा दरबारको निकै विश्वासी पात्र हो । युवा अवस्थामै धेरै कुरा अध्ययन गरी अन्तिम निष्कर्ष दिन सक्ने क्षमता भएको युवा हो । पछि उसलाई दरबारले कपरदारको पद दिएको थियो । पछि भद्रिबमको गुप्तचर पनि भएको थियो । सुरुमा जुन किसिमको सम्भावना यिनमा देखिन्छ अन्त्यतिर पुग्दा त्यस्तो लाग्दैन । तर स्वार्थका लागि आफूलाई नबेच्ने उनको दृढ किसिमका पात्र हुन् ।

ऐतिहासिक उपन्यास भएका कारण पात्रहरूको बाक्लो उपस्थिति स्वाभाविक हो । त्यसमा पनि उपन्यासको विशालकाय (३६८ पृष्ठ)ले धेरै जनाको माग पनि गर्छ । डिल्ली भुजेल, बडाकाजी मकरध्वज, काजी अरिभन्जन, बाबा योगेश्वर, कालु थापा, महलवसन्ता, रम्भा, मंगली जस्ता पात्रले निर्वाह गरेका भूमिका पनि उपन्यासको गारो मिलाउने टुक्रे इँट्टा हुन् ।

५.२.३ भाषाशैली

औपन्यासिक तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ । साधारणतया हेर्ने हो भने उपन्यासमा कथा, समय र पात्र अनुकूल भाषा अख्तियार गरिन्छ । जीवनको सान्निध्य बुझाउन र प्रवाह कायम गर्न स्थानीय मुहावरा, लोकोक्तिहरू प्रयोग गर्ने गरिन्छ (प्रधान, २०६१ : ९) । त्यस कारण भाषालाई उपन्यासको महत्त्वपूर्ण आधारभूत तत्त्वको रूपमा लिइएको छ ।

भाषा मानवीय सञ्चार एवम् साहित्यिक अभिव्यक्तिको माध्यम हो । समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५० : १)

उपन्यास जीवन जगतका विस्तृत पक्षलाई वृहत किसिमले अध्ययन गर्ने विधा भएकोले उपयुक्त गद्य भाषाको प्रयोग उपन्यासमा अपरिहार्य हुन्छ । उपन्यासमा भाषा

कथावस्तुको विचार, विचारको प्रस्तुति तथा चरित्र सबैको साझा माध्यम बनेको हुन्छ। उपन्यासको अन्तर्वस्तुका साथै लेखकको समाजसितको सम्बन्ध, उसले प्रस्तुत गरेको विषयवस्तु र चरित्रको अध्ययन भाषाको प्रयोगको आधारमा गर्न सकिन्छ। उपन्यासमा पात्र अनुरूपको भाषाको प्रयोग गरिएको छैन भने त्यहाँ अस्वाभाविकताको सिर्जना हुन्छ।

त्यस्तै निजत्वको विशिष्ट रूप हो शैली। यसले अभिव्यक्तिको स्वतन्त्र र व्यक्तित्त्वपूर्ण मार्ग प्रशस्त गर्दछ। अर्को शब्दमा भनूँ, शैली नै उपन्यासको व्यक्तित्त्व हो (प्रधान, २०६१ : ९) उपन्यासको शैलीतत्त्वको प्रत्यक्ष प्रभावका कारणले नै उपन्यासमा पाठकहरूले मौलिक भिन्नता वा विशिष्टताको अनुभव गर्छन्। शैलीको मुख्य कार्य कथ्यवस्तुको आकर्षण रोचकतापूर्ण सजीव प्रस्तुतिकरण हो। शैली स्वयंमा रूपहीन जस्तो लागे पनि वास्तवमा उपन्यासको रूप व्यक्तित्व, सीप-सौन्दर्य र भाव-वैशिष्ट्य यसकै रूपाकृति हुन्। उपन्यासकारद्वारा रचित भावलोकको मानवीय विचित्रता वा विशिष्टताहरूसँग रागात्मक सम्बन्ध स्थापित गरेर सहजै परिचित हुन शैलीले मदत गर्दछ।

महारानी उपन्यासको भाषाशैली पश्चिमी परिवेशमा बोलिने शालीन र अनुशासित किसिमको रहेको छ। पात्रको संवादमा तत्कालीन समयको छाप देखाउन खोजिएको छ। गरेकोलाई गऱ्याको बनाउनेभन्दा अरू प्रयत्न गरिएको छैन। “बाइस्या बौबीस्या राज्यहरू निर्माण हुनुभन्दा अगाडि सर्पकोट र अर्नाकोटमा निसी नामको एउटा सानो राज्य रह्या’छ। महाराजका पूर्वज शाही आनन्दबमले त्यो राज्य आर्जन गऱ्याका रह्याछन्। उनको बाहुबलबाट “त्रिकोट”को राज्य बन्या छ। अर्थात् पुरानो अर्नाकोट र सर्पकोटमा ताकमकोट पनि थपियाछ। अर्नाकोटको भुजेल राज्यसँग ताकम समेतको विशाल राज्य सम्हाल्ने राजकीय बन्दोबस्ती रह्यानछ। त्यसैले पुराना थापा राजवंशकन सालबसाली सिर्तो बुझाउन्या गरी ताकमकोट फिर्ता दिइयाको रह्याछ। आनन्दबम पछि चन्द्रबम राजा बन्या। उनको पालादेखि ताकमले कर बुझाउन छोड्याछ। आनन्दका नाति डिम्बबमराजा भयापछि ताकममा पुनः कब्जा गर्न्या योजना बन्याछ। निहुँ खोज्न्या सिलसिलामा पुरानो बक्यौता कर बुझाउन ताकमकन ताकेतापत्र लेखिया छ। त्यतिखेरसम्म चरा हजार पर्वत भनिन्या थापाराज्यको संयुक्त शक्ति निकै बलियो बनिसक्याको थियो रे। अर्नाकोटको एकल शक्ति सामन्थइले थापा राज्य डोलाउन मुस्किल थियो रे। त्यसैले ताकमले पनि टेरपुच्छर लगायान छ। ताकमकन तह लगाउन्या मनसुबा पाल्पाको निसीले दोस्रो बाटो पहिल्यायाछ।” (पृ. ३३-३४)।

यस्ता शब्द र वाक्यले पनि भाषामा रसात्मकता बढेको छ । कथा वाचकको बोलीमा वर्तमान भाषा बोलेको छ । वर्णविन्यासमा हेलचेक्र्याइँ, पदसङ्गतिमा बेवास्ता गरेका छन् । “राजाको बिहेमा डोली मगाउनुपर्न्या कारण क्या होला ? जन्ती लिइकन कुटुम्बको घरमा जान नहुन्या हो कि कसो” जस्ता कुरालाई उपन्यासकारको दोष नमान्ने हो भने उपन्यासको भाषा शालीन र अनुशासित अनुभूत हुन्छ । “पुरानो पर्वतमा बोलिने खस भाषिकाका अत्यन्त दुर्लभ भन्न मिल्ने उत्कीर्ण र कागजी लिखतहरू खोज्नु र त्यो भाषा डिकोड गर्नु कष्टसाध्य विषय थियो । तत्कालीन समयका पर्वत राज्य वरपरका करिब दर्जनभर राज्य रजौटाहरूको जीवनगाथा सङ्कलन गर्नु, समाजका विलुप्त भइसकेको रीतिरिवाज, परम्परा र संस्कार संस्कृतिको टिपोट उतार्नु निकै चुनौतीपूर्ण काम थियो । किनकि गोर्खा, जुम्ला र पाल्पाबाहेक अन्य राज्यको व्यवस्थित अभिलेख अत्यन्त दुर्लभ छ” .(महारानी उपन्यासको आधारभूमि) । महारानी उपन्यासमा इतिहास छ, नेपाली भाषाको विकास यात्राको नमुना छ, भाषामा सरलता छ ।

उपन्यासलाई आकर्षक, जीवन्त र यथार्थको नजिक पुऱ्याउने माध्यम नै भाषा हो । स्थानीय बोली र शैलीले उपन्यासलाई रोचक, आकर्षक र यथार्थको नजिक पुऱ्याएको छ । यसमा खस प्राकृतको मध्यकालीन पर्वती भाषिकालाई हुबहु चित्रण गर्ने प्रयत्न गरिएको छ । स्थानीय बोलीमा प्रयोग हुने ‘छेलोखेलो, अनबन, आहारिस, सम्पुटक, सम्पुटी, अदव, दकस, बज्राठिङा, खतुकी, साखुम, सिर्तो, कहँदा, ढाक्रे, घोक, पैडो, पाइतो, हड्कन, पुँडो, असर्दो, झुसिलो, पारितोषिक, निदाल, गाडतार, गाड, थुमा (साँड), टुप्लिुकिइन्, निपटाउन्या, बखान्यो, डोलेप्रथा, अजकिलो, अर्जी, सुलह, अभयदान, गनिटिपी, ओलिङ्काट, ओखा, सामलतुमल, गजो, आसरा, खै, स्याखु, छतरी, घुम, साखुम, विर्ज्या, आर्ज्या, गुस्ताखी, घमरा, अधमरो, डौंडो, तेऱ्याएँ तेऱ्याएँ, फयल, गाजो, भनक, बेलौती’ आदि शब्दको प्रयोगले उपन्यासलाई रहेको पाइन्छ ।

उपन्यासका पात्रहरूले प्रयोग गर्ने संवादमा ‘गर्न सक्न्या, गर्याको, झर्याकी, दियाको, मान्नुपर्न्या, खटायाको, मकन, तुरियाको’ जस्ता उच्चारणगत शैली भेदको प्रयोग भएको छ । वाक्यहरू पनि ‘जन्ती हड्कन मिल्यान । काम बाँकी छ भनिकन पूजा हड्कन पनि भयान । उता सार्न्या भनिकन पुषमा बिहे गर्न भयान क्या रे । दुलही खोजन्या, माग्न्या, भगाउन्या चलन छ । घायघात हेर्नुपर्न्या होला, रोज्न्या छाँट्न्या मन होला । दिउँसै सुइना क्यान देख्नु ?’ जस्ता सरल, संक्षिप्त र मौलिक प्रकृतिका छन् ।

५.१.४ परिवेश

उपन्यासलाई प्रभावशाली र यथार्थ बनाउनमा सङ्घर्ष, क्रियाकलाप र कथोपकथन जस्तै परिवेशको पनि भूमिका सशक्त रहन्छ (सुवेदी, २०६४ : २५)। आख्यानात्मक कृतिमा परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ। उपन्यासको कथानकमा हुने कुनै पनि कार्यका लागि उपयुक्त स्थल नै परिवेश हो। चन्द्रप्रकाश बानियाँको महारानी उपन्यासमा तत्कालीन परिवेशलाई पनि महत्व दिएको पाइन्छ। त्यस अवस्थामा पर्वतराज्यका युवराजका लागि राजकुमारीहरू खोज्न गोर्खा, लमजुङ, तनहुँ र पाल्पा आउने र त्यसलाई राजकाजको ऐतिहासिक निरन्तरताको रूपमा सोच्ने परिपाटी तत्कालीन समयमा पनि देखिन्छ। सोही परिवेशमा आन्तरिक झैझगडाले विभिन्न समयमा पर्वतको राज्य विस्तार रोकिएको र राजपरिवार पनि आफ्नै गोत्र र वंशमा मात्र सीमित भएका केही कमजोर पक्षहरू पनि यस परिवेशमा देखाइएको छ। वर्तमान परिवेशमा तत्कालीन समयमा पनि राज्य सञ्चालनमा समावेशिताको महत्व निक्कै भएको कुरा उपन्यासमा भेटिन्छ। राज सभामा काजी, मुखिया र अन्य महत्वपूर्ण पदहरूमा काम, दक्षता र समाजको राय सल्लाह लिने कुरो पर्वत राज्यमा पनि भएको पाइन्छ। खासगरी मगर, कट्टार्की, बानियाँ र मल्लहरूका विभिन्न वंशजहरूमा ब्राह्मण राजगुरुलाई ज्ञान निर्माण र सरसल्लाहमा सम्मेलित गराउने चलन तत्कालीन परिवेश चलेको देखिन्छ। महारानीमा उपन्यासमा जुम्ला, गल्कोट तथा पर्वतका विभिन्न सभा सम्मेलन र बैठकका घटनाहरूले पुष्टि गरेको देखिन्छ। यसको परिवेशका रूपमा पर्वत राज्यको उत्तर र दक्षिण इलाक (राज्य)हरू कमजोर भेटिएको तथ्य पनि यो उपन्यासमा परिवेश उजागर गरिएको छ।

पर्वत राज्यको अखण्डताका लागि भारदारहरूले बुद्धि पुग्नु राजारानीले मन मर्नु, मलेबम र विश्वप्रभाले त्याग यहाँको मुख्य परिवेश रहेको छ। त्यतिबेला यस्तो थिएन, उस्तो थिएन भन्ने प्रसङ्ग आउँदा सयौं वर्ष अघिको परिवेशअनुसार वर्तमान आउनुपर्ने रहेछ भन्ने देखाइएको छ। "मलाई पर्वत राज्यका बारेमा धेरै जान्न र बुझ्न मन लाग्यो, कारण थुप्रै लोककथन र किंवदन्ती सुनेको थिएँ। रुचिले अनुसन्धानतिर डोहोऱ्यायो। झन्डै डेढ दशक यसमा लागें। बकसपत्रदेखि ताम्रपत्र हुँदै दानपत्रसम्म छान मारें। बुबाबाट कौतुकमय कथा सुनेको थिएँ। त्यसलाई पुष्टि गर्ने यिनै आधार खोज्दै जाँदा भेटें– म्याग्दी र कालीगण्डकी नदीको संगममा रहेको आफू रहेकै ठाउँ बेनी बजारको पश्चिममा भएको

कुरिलाखर्कस्थित महारानी । यही ठाउँको पुरानो इतिहास खोतल्दाको परिणाम हो, महारानी" (महारानी उपन्यासको आधारभूमि) ।

महारानी उपन्यासको परिवेशभित्र 'धौलाश्री, निलगिरि, माछापुच्छे, अन्नपूर्ण, मानापाथी, मनास्लु जस्ता हिमशृंङ्खलाहरू, तलाउ, कुवा, धारा, नदी, वनजंगल, गहुँखेत, जौ बाली, लालीगुराँस, पर्वतगढी, जगन्नाथ मन्दिर, गुफाडाँडा' जस्ता प्राकृतिक परिदृश्यहरू रहेका छन् । मानवको रक्षण, भक्षण र आकर्षणसँग जोडिएर आउने विषय नै प्रकृति हो । मानवले प्रत्यक्ष वा परोक्ष रूपमा दैवीशक्तिलाई मानेको हुन्छ। यस उपन्यासमा प्रकृतिपूजालाई विशेष महत्व दिइएको छ। इतिहास र समाजसँग घनिष्ट साइनो जोडिने विषय भूगोल हो ।

उपन्यासमा पर्वतराज्यको आञ्चलिक परिवेशलाई समेट्न 'बेनीदरबार, कुरिलाखर्क/महारानी थान, ज्यामरुककोट, खबरा, भसभसे, बगर, अर्थुङ्गे, भीरमुनि, कुहुँ, ढोलठान, धाइरिङ, बनौ, दूधेखोला, ताराखेत, घतान, भकिम्ली, ध्वाँखोला, गलेबिसौना, चनौटे, पुलाचौर, पुलाडाँडा, हलहले, गाज्ने, डडेकोट, पवर्तगढी, गुफाडाँडा, मच्छिम, मराङ, चौरखानी, डाँडाखानी, झीं, रायखोर, मल्कवाङ, मलम्पार, मुना, सिवाङ, ताकम, धारापानी, कन्थराज, चप्पु, जगन्नाथ, गुफाडाँडा, डढेकोट, डडुवावन, बाघखोर डाँडा, हल्लेगौंडा, भुकभुके डाँडा, डोले, मुसुङ, बरङजाको धुरी, ताराखोला, मरिनी देउराली, बराह पोखरी, रानीवासा, जसपुर, थन्थाप, वैरीमारा' आदि स्थानीय परिवेश र भूगोललाई समेट्न सक्ने शब्दजालको प्रयोगले उपन्यासकारले गरेका छन् । आफैं सम्बन्धित ठाउँमा विचरण गरेको आनन्दानुभूति उपन्यासकारले दिएका छन्। उपन्यासमा पर्वतराज्यमा आयातित देवीदेवतालाई त्यति महत्व दिइदैन्थ्यो भन्ने तर्कको पुष्टी गर्न बागलुङ कालीका भगवती र ढोलठानाको जगन्नाथ मन्दिर स्थापनाको प्रसङ्गलाई जोडिएको छ ।

महारानी उपन्यासको सामाजिक तथा सांस्कृतिक परिवेशलाई हेर्दा महारानी उपन्यासको अर्को महत्वपूर्ण पक्ष भनेको तत्कालीन समयको सामाजिक-सांस्कृतिक परिवेशको यथार्थ चित्रण देखिनु पनि हो। मल्ल र ठकुरी राजाहरूमा दाजुभाइ बीचमा हुने ईर्ष्या र झगडा, बुविवाहप्रतिको उदारता र स्थानीय समाज र संस्कृतिप्रतिको चाख निक्कै रमाइलोसित उपन्यासमा वर्णन गरिएको छ। जाडोमा बेंसी (बेनी) झर्ने र गर्मीमा दरबार ( कुरिलाखर्क) बस्ने पुरानो नेपाली परम्पराको निरन्तरता महारानीमा देखिन्छ। हरेलो गर्ने,

माई पुज्ने, डोली ल्याउने-लैजाने जस्ता सांस्कृतिक चाडवाडहरू पर्वत र धौलागिरिको सेरोफेरोमा निक्कै प्रचलित छन् । यस बाहेक मगर, जैशी, सुवेदी, बानियाँ, रेग्मी, कार्की, छन्त्याल, गुरुङ आदि पात्रहरूको सिर्जना गरेर उपन्यासकारले तत्कालीन समयमा पनि पर्वत राज्य समावेशी चरित्रको थियो भन्ने कुरा देखाउन खोजेका छन् । यसमा तत्कालीन समयमा पश्चिम क्षेत्रको बलियो पर्वत राज्यमा राजपरिवार र जनताबीचको सम्बन्ध निक्कै प्रगाढ भएको यस उपन्यासमा भेटिन्छ । महाराज घनश्यामको निर्णय क्षमता र यसले तत्कालीन समाजमा पार्ने प्रभाव निक्कै गहन र भरोसापूर्ण देखिन्छ । यसैले होला, युवराज मलेबमले राजकुमारी विश्वप्रभालाई गुमाउँदा कतै राज्य नै तहसनहस हुने पो हो कि भन्ने चिन्ता तत्कालीन समाजमा प्रजाहरूबीचमा व्यापक थियो जुन कुरा पर्वत राज्यमा भएको सामाजिक-सांस्कृतिक समबन्धको ध्योतकको रूपमा लिन सकिन्छ । दरबारमा एकसाथ प्रवेश गरेका दुई राजकुमारीहरू विश्वप्रभा र महलबसन्तालाई युवराजको साथमा घोडचढी गराएर पर्वत राज्यको अवलोकन तथा जङ्गलमा सिकार खेल्ने परम्परालाई उपन्यासमा निक्कै राम्रोसँग व्याख्या गरिएको छ । म्याग्दी खोलामा पुल निर्माण गरेपछि राजाले उद्घाटन गर्ने र त्यसको उपलक्ष्यमा भोजभतेर गरी रमाइलो गर्ने कुरालाई राजा र प्रजाबीचको गहिरो सम्बन्धको रूपमा लिन सकिन्छ । जुम्लाबाट आएका राजकुमार भद्रिबमलाई सुमन्त बानियाँको जिम्मा लगाएर बाग्लुङ भगवतीको दर्शन गर्ने र अरु स्थानीय पर्व एवं महोत्सवमा रमाइलो गर्ने कुराहरूले महारानी उपन्यासमा त्यो बेलाको सामाजिक-सांस्कृतिक परिवेशको राम्रो व्याख्या भएको देखिन्छ ।

### ५.२.५ देश काल परिस्थिति

देशकालको तात्पर्य वातवारणको कुनै सीमा हो, जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्झाउँछ, आचारविचार, रीतिथिति, चालचलनहरूलाई बुझाउँछ, समाजका असल, खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ (प्रधान, २०५२ : १०)

जुन स्थान र समयमा चरित्रका माध्यमबाट कार्यव्यापार घटित हुन्छ, त्यसलाई नै उपन्यासमा देशकाल भनिन्छ । उपन्यासमा चरित्रका माध्यमबाट कार्य व्यापार घटित हुने प्रमुख स्थान र प्रमुख समय वा सामान्य स्थान र सामान्य समय नै देशकाल हो । अभिधात्मक रूपमा देश भनेको स्थान र काल भनेको समय हो । उपन्यासको देशकालभित्र

कार्यव्यापार, स्थान समयलगायत कथानकसँग मेल खाने रहनसहन प्राकृतिक पूर्वाधार समेत पर्दछन् । देशकालको उपयुक्त संयोजनले उपन्यासको वास्तविकता र विश्वासनीयतामा वृद्धि हुन्छ ।

उपन्यासकारले उपन्यासको थालनी नै नेपालको पश्चिमी क्षेत्र पर्वत राज्यको विषय छ भने परिवेश पर्वत राज्यकै वरिपरि र केही परका राज्यहरूको विषयवस्तु समेटेर तयार पारेको पाइयो । समय यकिन नगरे तापनि २५० वर्षभन्दा अघिको घटना रहेको आधा सत्य र आधा काल्पनिक गरेर सिङ्गो उपन्यासको स्वरूप विभिन्न रसको प्रयोग गरेर त्यो बेलाको जनबोली टपक्कै टिपेर तयार पारेका छन् । बाइसे, चौबिसे राज्यको समय भएको हुनाले एउटा राज्यले अर्को राज्यसँग युद्ध गरी हारजितको माध्यमबाट राज्य थपघट गर्ने परम्परा रहेको कुरा स्पष्ट परिएको छ । कसैले कसैलाई मार्‍यो भने मारेको साटो मारेरै तिर्ने चलन पनि रहेछ । राजाको हुकुम नै संविधान विधान र कानुन बन्ने र कसैले विपक्षमा आवाज उठाउन मिल्दैथ्यो । राजाले चाहेमा आफ्ना छोराहरूलाई राज्य फुटाए भाइ अंश दिने चलन पनि प्रस्तुत गरिएको छ । तन्त्रमन्त्रको बढी विश्वास गर्ने चलनको पनि व्याख्या गरिएको पइन्छ । भाइ अंशकै विषयलाई लिएर भद्रिबमको अकालमा आफ्नो ज्यान गुमाउनु परेको प्रसङ्ग पनि यहाँ प्रस्तुत गरिएको छ । राजकुमारको बिहेका सम्बन्धमा नरिवल प्रस्ताव स्वरूप आउने र राम्ररी विचार गरी ज्योतिष हेरि हेराई राम्ररी ठहराएर डोला प्रथा गर्ने र राजकुमारको उचित लगन हेरी विवाह गर्ने चलन पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ । राजा सञ्चालन गर्न भाइ भारदार, बडाकाजी जस्ता पदहरू रहेको बताइएको छ । डोला भित्र्याउँदा तीनभन्दा बढी कन्याहरूमा साथ राजकुमारको बिहा गर्ने पनि चलन रहेको छ । उपन्यासमा वि.सं १७७० देखि १७७४ सम्मको कथा रहेको छ । यस उपन्यासमा पर्वत राज्य विस्तारमा बानियाँ वंशले बगाएको रगत र पसिनाको गाथा पनि ‘महारानी’ मार्फत नै गाएका छन् ।

### ५.२.६ उद्देश्य

राजकुमारीहरूलाई महारानी र सुसारेमार्फत् उनीहरूको आन्तरिक, बाह्य प्रतिभा र रूपहरूको सूक्ष्म अध्ययन गरेर मात्र दरबारका लागि योग्य मान्ने चलन पर्वत राज्यमा निक्कै बलियो भएको देखिन्छ । राज्य साना भए पनि शक्ति पृथकीकरणको सिद्धान्तअनुसार पाल्पा र देउपुरका राजकुमारीहरूलाई एकैसाथ दरबारमा प्रवेश गराउने कुराले

राजपरिवारमा बहुविवाह सामान्य र सर्वस्वीकार्य थियो भन्ने कुराको ऐतिहासिक तथ्य पनि महारानीमा पाउन सकिन्छ। यो बाहेक पर्वतको महिमा र शक्ति तत्कालीन समयमा जुम्ला, डोटी (पश्चिम) देखि बलियो गोर्खा (पूर्व) सम्म फैलिएको देखिन्छ। उपन्यासको उद्देश्य निष्कण्टक पर्वत राज्यका राजा महाराज घनश्याम प्रजापालक, न्यायमूर्ति, गुनी, ज्ञानी, अति चातुर र कसैमाथि अहिंसावादी किसिमका थिए भन्ने उद्देश्य रहेको छ। उनको शासनकालमा पर्वतले कतै आक्रमण नगरेको र कुनै राज्यबाट पर्वतमाथि धावा नबोलेकाले सबै शासनले त्यस्तै व्यवहार गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ। घनश्याम धीर, गम्भीर स्वभावको उपन्यासभरि चर्चा हुनुले सबै शासकले यस्तै व्यवहार सिक्नु अनिवार्य देखिन्छ। उनका पुर्खा डिम्बबम र प्रतापी नारायण जस्ता उनका पूर्वजहरू भएको र शासक हुनुका लागि राम्रो कुल खानदानमा जन्मिनु पर्ने रहेछ भन्ने उद्देश्य यस उपन्यासको रहेको छ। घनश्यामको समयमा पर्वतमा रामराज्य (राम्रो राजकाज) थियो। त्यही राजकाज देखेर पनि अहिले ३०० वर्ष पछाडिका शासकले पनि सो कुरा सिक्नु अनिवार्य छ भन्ने उद्देश्य महारानीको रहेको छ।

घनश्यामका पालामा राज्यको हरेक निर्णयमा भाइ भारदारहरू वा आफ्ना उत्तराधिकारीहरूलाई पनि जबाफदेही बनाएर गरेको देखिनु, राम्रो  काम गर्ने (पुल बनाउने, बन्दुक बनाउने) लाई पुरस्कृत गर्नु र कसैले गल्ती गरिहाले पनि सामान्य किसिमले समाधान गर्ने गरेको उद्देश्य छ। महत्वपूर्ण निर्णय गर्नका लागि भाइ भारदारले नमानेमा आफैँले मात्र निर्णय गर्नुले घनश्यामको उद्देश्य प्रजा पालक र भाइ भारदारको हितमा रहेको कुरा यस उपन्यासमा देखिएको छ। उपन्यासमा राजनीतिक दाउपेचमा उनले राजपरिवार नै सत्ता टिकाउनका लागि राज्यको भागबन्डा गर्ने उद्देश्य राख्नाले सबै आफूले मात्र सुखसयल गर्ने होइन अरुले पनि बाँडेर खानुपर्छ भन्ने उद्देश्य बोकेको देखिन्छ। उपन्यासमा देशको माया शासकलाई भन्दा जनतालाई बढी हुन्छ भन्ने उद्देश्य यस प्रस्तुत भएको छ। यस उपन्यासको मुख्य उद्देश्य मलेबमप्रति विश्वप्रभाको प्रेमलाई धरौटी राखेर राजकुमारीलाई पर्वत राज्य जोगाउनका लागि बली चढाइ दिए। महारानी उपन्यासको मुख्य उद्देश्य यही नै हो।

### ४.२.७ दृष्टिबिन्दु

पन्यासमा कथा वाचकका स्थानलाई दृष्टिबिन्दु भनिन्छ । कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई खोजेको वा रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थान गर्छ भन्ने कुराको निर्धारण गर्छ ( बराल, एटम, २०६६ : पृ. ३९) । विषयवस्तुको परिकल्पना गरिसकेपछि कथयिताले कथानकका सीमाभित्र बसेर प्रस्तुत गर्ने कि कथानकको सीमाभन्दा बाहिर दर्शकका रूपमा बसेर प्रस्तुत गर्ने भन्ने कुरा उपन्यासकारको रोजाइमा भर पर्दछ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । यस आधारमा दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् : बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु र आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु । दृष्टिबिन्दु मूलतः पात्रको मनको अनुभूति, भाव संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग सम्बद्ध छ ।

चन्द्रप्रकाश बानियाँले महारानी उपन्यासमा समाख्याताले साहित्यिक चेत, चिन्तन र लगनभन्दा आवश्यकताले लेख्न उपन्यास प्रेरित गरेको र यो जिम्मेवारी बोधको प्रतिफल हो यो भनी लेखेका छन् । महारानी उपन्यासले हराएको र नलेखिएको इतिहासको पत्र उधिनिएको छ । पुर्खाको गाथा लेख्ने लालसाले महारानी उपन्यास तयार भएको र यस्तो किसिमको इतिहासको खोजीले पितृऋणबाट ऋणमुक्त भएको भनेका छन् । उपन्यासमा नलेखिएको र समयको गर्भमा पतालिएको इतिहास कोट्याउनुपर्ने जिम्मेवारी बोधले उपन्यास लेख्न अभिप्रेरित गरेको हो भनेका छन् । बानियाँले समाजसँग गरेको प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा उपन्यास लेखेको भनेका छन् । उनले चौबीसी राज्य पर्वत आफ्ना पुर्खाको आर्जन थियो, त्यो आफ्नो जन्मभूमि थियो । त्यही माटोप्रति सम्मान प्रकट गर्न, ऋण चुक्ता गर्न महारानी लेखेको र अब सो इतिहास हराउँदैन भन्नु उपन्यासको बलियो पाटो हो ।

समाख्याता इतिहासभन्दा पर बसेर सम्पूर्ण कथानक आफ्नै नियन्त्रणमा लिएर वर्णन तथा विश्लेषण गरेका छन् । कथालाई औपन्यासिक रूप दिने प्रतिबद्धता गरेको ठिक १२ वर्ष बितेछ भन्दै त्यति बेलैदेखि आफ्नो मन-मस्तिष्कमा महारानीको कथा घुमिरहेको र त्यसलाई वाणी दिने काम (प्रकाशन गर्ने) काम २०७६ वैशाखमा सुरु गरेर भदौ महिनामा सकिएको हो भनेका छन् ।

चन्द्रप्रकाश बानियाँले आफैंले पर्दा बाहिर रही कथानकको विस्तार गरेका छन् । लेख्दा आनन्द आएको रहस्यमय मिथक हो भनी महारानी अलपिएको (बेपत्ता भएको) लोककथन थियो । त्यसलाई पुष्टि गर्न महारानीले सन्यास लिएर राजालाई छोडिन् र भागिन् भन्ने बनाएको भन्दै विषय मोड्दा पनि उत्तम विकल्प दिन सकेकामा त्यो बेला आनन्दित भएको कुरा आएको छ । उपन्यासमा महारानीले जलसमाधि लिएको वा झुन्डिएर मरेको जे गर्दा नि हुने तर खोज्दै जाँदा सन्यास लिएको लेख्दा उपयुक्त सन्दर्भ भेटेजस्तो लाग्यो भनेका छन् । महारानीको लोग्नेका लागि भद्रीबम पात्र बनाएको र उसको खराब चरित्रकै कारण उसको बीभत्स हत्या गराउनु परेकाले अत्यन्तै पीडाबोध भएको र सो पात्रप्रति सहानुभूति जागेको उनको हेराइ छ । पर्वत राज्यको राजधानी बेनी बजारको चल्तीको लोकोक्तिलाई पनि साहित्यमा प्रवेश दिएका छन्, 'आठ हजारका राजा, बाह्र हजारका बानियाँ ।' पर्वत राज्यमा राजनीतिक र सामाजिक प्रभावका दृष्टिले राज्यमा बानियाँहरूको बलियो उपस्थिति थियो उपन्यासकारले उपन्यासमा खोलेका छन् ।

त्यस्तै महारानी' उपन्यासमा समाजको अनुहार झल्किएको छ । इतिहासले पुष्टि गरेका र गर्न नसकेका विषय, सामाजिक 'न्यायपद्धति, कुटनीति, षडयन्त्र, प्रणय सम्बन्ध, राजसी खानपान, विवाह पद्धति, शिष्टाचार, भारदारी बैठक, हैजा, माईपूजा, जार काट्ने प्रथा, मृत्युदण्ड, भ्रातृहत्या, प्रायश्चित्त, सन्यास, बलिदान' जस्ता कुरामा पनि उपन्यासको दृष्टि पुगेको देखिन्छ । उपन्यासमा समाजसँगै जातजाति, पेसा, भेषभूषा, भाषा, संस्कृति र संस्कारहरूमा पनि उपन्यासकारको दृष्टि पुगेको देखिन्छ ।

आन्तरिक दृष्टिबिन्दु

महारानी उपन्यासको दृष्टिबिन्दु आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दु हो । महारानी उपन्यासमा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको हुन्छ । “यसरी चारैतिरबाट किल्लाबन्दी गरिएको पर्वत राज्यको बेनीजस्तो सामाजिक दृष्टिले अति नै संवेदनशील स्थानमा पनि निर्धक्क बस्न सकिने परिस्थिति निर्माण भएको थियो (पृ. २९) । यस प्रसङ्गमा वक्ताले बेनीको विषयलाई लिएर स्रोतासमक्ष प्रस्तुत गरेको हुनाले तृतीय पुरुष बाह्य दृष्टिबिन्दु प्रथम रूपमा रहेको छ । “आफूसँग लिएर आएको पूजा सामग्री निकाले र राजकुमारीहरू पहिले जगन्नाथतिर लागेको देखेर राजकुमारले भने- 'होइन, त्यता होइन । पहिलो पूजा डिम्बको गर्न्या परम्परा छ । डिम्बको पूजा गरिसक्यापछि मात्र जगन्नाथको पूजा गर्नुपर्छ” (

पृ. १४७) । प्रसङ्गवश प्रस्तुत भएको यस वाक्यमा वक्ताले आफ्ना कुरा अरु समक्ष राखेको छ । तसर्थ यहाा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ । “

“हजुर त दुइचार पुस्ता त्यहाँ व्यहोऱ्याको मान्छे । आफ्नै आँखाले देख्नु भयाको होला । आफ्नै कानले सुन्नु भयाको होला । विधिपूर्वक पूजा दिया पनि गाउँमा माइउछेको वा पूजा गर्नाले रोकियाको उदाहरण देख्नु सुन्नु भयोको छ ? सुमन्तले सोधे (पृ. ७१) । यस वाक्यमा सुमन्तले आफ्नो एकल कुरा धम्मेलाई भनेको र उसले सुनेको हुँदा यहाँ प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ ।

‘महारानीको गाथमा आराम छैन कि कसो ?’

‘सञ्चै छ । किन सोधिस्या महाराज ?’

‘मेरी चाँचरीजस्ती महारानी चुप देख्यापछि शंका गर्नु पऱ्यानत ? (पृ. १०८) ।

यी वाक्यमा वक्ता, स्रोता एकआपसमा वार्तालाप गरेर आ-आफ्ना कुरा साटासाट गरेका हुनलो द्वितीय पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ ।

‘लौ यो मेरो तरबारले तिमीले नै मार हान’ (पृ. ५१) । यहाँ प्रथम र द्वितत्तीय पुरुष आन्तरिक दृष्टिबिन्दु रहेका छ । ‘म’ र ‘तिमी’ दुवै पुरुष आएका छन् । ‘सुमन्त उमेर हेरिकन निकै चतुर, व्यवहार कुशल र बफादार छ हगि ?’ महारानीको कुरामा यस राजले सहमति जनाए (पृ. ७९) । यस प्रसङ्गमा सुमन्त तृतीय पुरुष बाह्य दृष्टिबिन्दु हो । महारानीले सुमन्तको बारेमा महाराजलाई भनेको हुनाले महाराज र महारानी द्वितीय पुरुष दृष्टिबिन्दु हुन् । ‘पाहुनाकन भोको कसरी राख्नु भन्यो पिर हो । आफैं बनाइ तुल्याई खान्छौ भन्यादेखिन बस् । एकै रातको लागि भया नि मकन साथी हुन्या भयौ । राम्रै भेग बूढाले मञ्जुरी जनाए’ (१६६) । यस वाक्यमा बूढाको एकल आलाप छ । त्यसैले यहाँ प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ ।

बाह्य दृष्टिबिन्दु

यस महारानी उपन्यासको आद्योपान्त सरसर्ती अध्ययन गर्दा विशेष गरी प्रथम पुरुष र द्वितीय पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पाइयो भने थोरै मात्रामा तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । ‘नयाा हाक, नियास्रो लाग्या होला । सुमन्त पनि आज आयान । ऊ असल साथी बन्याको छ कि छैन कुन्नि ? म कन यो चाहियो भनिकन तिमीले माग्याका पनि छैनौ । मैले सोध्याको पनि छैन (पृ. २२४) । यस वाक्यमा

राजा आफ्नो मध्यम पुत्र भद्रिबमसँग गफ गर्दा सुमन्तको प्रसङ्ग आएको छ। तसर्थ यहाा तृतीय पुरुष बाह्य दृष्टिबिन्दु रहेको पाइन्छ।

## ५.३ निष्कर्ष

महारानी उपन्यासको समग्रमा निष्कर्ष निकाल्दा महारानी उपन्यासमा केही महत्वपूर्ण ऐतिहासिक घटनाहरूलाई केही काल्पनिक पात्रहरूको माध्यमबाट तत्कालीन पर्वत राज्यमा भएका र हुने गरेका क्रियाकलापहरू, प्रचलित लोकोक्तिहरूलाई क्रमबद्ध सङ्कलन र गहिरो विश्लेषण गरेको देखिन्छ। उपन्यासको कथावस्तु, विषय र परिवश निक्कै गहन, रोचक र ऐतिहासिक छ। नेपाली साहित्यमा बेलाबखत देखापर्ने यस्ता कृतिहरूले भविष्यमा पनि अरु धेरै कुराको खोज र अनुसन्धान गर्नेहरूलाई प्रेरणा दिन सक्छन्। महारानी उपन्यास इतिहासकै घटना, इतिहासकै पात्र र ऐतिहासिक तथ्य प्रयोग गरिएकाले इतिहासको नजिक भएको निष्कर्ष निकालिएको छ।

त्यसैगरी महारानी उपन्यासका राजा घनश्यामलाई उदार, न्यायप्रेमी र प्रतापी देखाउनुमा राजनीतिक आदर्श र आमआकांक्षा हो। महारानी उपन्यासमा चन्द्रप्रकाश बानियाँले उपन्यासबाट इतिहासका धेरै कुरा खोजिएको र उपन्यासले कुन राजकुमार राजा हुने भन्ने विषयले खुल्दुली पारेको निष्कर्ष निकालिएको छ। यस उपन्यासमा विक्रम संवत् १७७० को दशकको पर्वत राज्यको इतिहास, तत्कालीन समाज रीतिथिति, भाषा र राज्य व्यवस्थाको वर्णन गरिएको छ।

यस उपन्यासमा प्रगतिवादी चिन्तनका साथै छुवाछुतको समस्या पनि देखाइएको छ। महारानी उपन्यासमा विश्वकर्मालाई सम्मानित पात्र बनाएका छन् भने महिलालाई वस्तुको रूपमा नभएर ठूलो निर्णय गर्दा उनीहरूको राय लिनुपर्ने उपन्यासको भाव छ।

# परिच्छेद : छ

## उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्र चन्द्रप्रकाश बानियाँद्वारा लिखित 'महारानी' उपन्यासको कृतिपरक अध्ययन शीर्षक रहेको छ । यस शोधपत्रलाई परिच्छेद छमा विभाजन गरिएको छ । जसमा परिच्छेद एकमा शोधपत्रको परिचय राखिएको छ भने त्यसमा विभिन्न उपशीर्षकहरू समावेश गरिएका छन् उक्त उपशीर्षकहरूमा शोध शीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, अध्ययनको सीमा, सामाग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

त्यस्तै परिच्छेद दुईमा उपन्यासकार चन्द्रप्रकाश बानियाँको परिचय समावेश गरिएको छ भनेमा त्यसमा पनि विभिन्न उपशीर्षकहरूमा वर्णन गरिएको छ जसमा जीवनी खण्ड अन्तर्गत जन्म र जन्म स्थान, वंश परम्परा र पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, पेसा, जीवनका प्रमुख क्षणहरू, राजनीतिमा प्रवेश, विवाह तथा सन्तान, साहित्य क्षेत्रमा प्रवेश, स्वभाव तथा रुचि, मानसिक आघातका क्षणहरू, मान सम्मान, म्पादक/प्रकाशक, अविस्मरणीय क्षणहरू रहेका छन् । सोही अध्यायमा व्यक्तित्व, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, चन्द्रप्रकाश बानियाँको औपन्यासिक यात्रा, जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध समावेश गरेका छन् ।

त्यस्तै परिच्छेद तीनमा उपन्यासको सैद्धान्तिक अध्ययन रहेको छ । त्यस्तै उपन्यासको परिचय, उपन्यासको परिभाषा, औपन्यासिक तत्त्वहरू रहेका छन् । त्यसमा कथावस्तु/कथानक, चरित्र चित्रण, भाषाशैली, परिवेश, उद्देश्य, देश काल परिस्थिति, दृष्टिबिन्दु रहेका छन् । त्यस्तै उपन्यासको वर्गीकरणमा विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण, कथानकको आधारमा उपन्यासको वर्गीकरण, शैलीका आधारमा उपन्यासको वर्गीकरण रहेका छन् । त्यस्तै आधुनिक नेपाली उपन्यास प्रवृत्ति र प्रयोग र नेपाली उपन्यासको विकासक्रम समावेश गरिएको छ ।

त्यस्तै परिच्छेद चारमा चन्द्रप्रकाश बानियाँको साहित्यिक यात्रा र प्रवृत्ति रहेको छ । यसमा पृष्ठभूमि, चन्द्रप्रकाश बानियाँको चरण विभाजनमा पूर्वार्ध चरण (आभ्यासिक काल)

र उत्तरार्ध चरण (प्रकाशन काल २०६५ देखि हालसम्म) विभाजन गरिएको छ। चन्द्रप्रकाश बानियाँको साहित्यिक प्रवृत्ति रहेको छ जसमा मानवतावाद, सामाजिकता, प्रकृति चित्रण रहेका छन्। त्यस्तै यसमा संस्कार र तिनका विकृत रूप, दरबारिया स्थिति र आर्थिक स्थिति समावेश गरिएको छ।

त्यस्तै परिच्छेद पाँचमा 'महारानी' उपन्यासको कृतिपरक अध्ययन समावेश गरिएको छ। त्यस्तै परिचय, महारानी उपन्यासको संरचना रहेका छन्। जसमा कथानक/विषयवस्तु चरित्रचित्रण, भाषाशैली, परिवेश, देश काल परिस्थिति, उद्देश्य, दृष्टिबिन्दु र निष्कर्ष रहेका छन्। परिच्छेद छमा उपसंहार तथा निष्कर्ष समावेश गरिएको छ भने सन्दर्भ सामग्री समावेश गरिएको छ।

चन्द्रप्रकाश बानियाँको साहित्यिक यात्रा हेर्दा विद्यालयमा साहित्यिक प्रतियोगितामा सधैं प्रथम स्थान ओगट्न सफल चन्द्रप्रकाशका दाजु सोही विद्यालयका प्रधानाध्यापक भएका कारण उनलाई सधैं प्रथम बनाउनु पर्ने बाध्यता र अरुले आफ्नो भाइलाई मात्र सधैं प्रथम बनाउँछ भन्ने आरोप लाग्छ भनेर दाजुले कतिपटक त प्रतियोगितामा भोग नै लिन दिएका थिएनन्। चन्द्रप्रकाशले माओवादी द्वन्द्वकालभन्दा अगाडि २ वटा उपन्यास र १ वटा भाष्य लेख लेखेर प्रकाशकको खोजीमा लागेको समयमा माओवादीलाई समर्थन गरेको आरोपमा प्रशासनले खोसेर लगेको र पछि माओवादीको आक्रमणबाट चौकी ध्वस्त हुँदा आफ्ना पाण्डुलिपिहरू पनि ध्वस्त भएका कारण उनले झण्डै १४-१५ वर्ष लेखनमा हात नलागेको बुझिन्छ। उनले २०६५ सालदेखि फेरि लेखन कार्य सुरु गरेको र २०७६ महारानी उपन्यास लेखेर मदन पुरस्कारमा चार लाख रूपैयाँ हात पारेका छन्। महारानी उपन्यासले चिनाएका चन्द्रप्रकाश पोखरा सिमलचौरमा पत्नी, छोरा र छोरी प्रमिलासँग बस्छन्। छोरा प्रवीण पोखरामै चिकित्सक छन्। चन्द्रप्रकाश बानियाँले लामो समयदेखि साहित्य सिर्जना गर्दै आए पनि साहित्यकार भनेर परिचित भएका थिएनन्। उनलाई नामले चिन्ने, लेखले नचिन्ने स्थिति थियो तर 'महारानी'ले साहित्यकार भनेर चिनायो।

उपन्यासको आधरभूमि पर्वत राज्य हो। गोरखादेखि पश्चिम जुम्लादेखि पूर्वको नेपाल यस उपन्यासमा पाइन्छ तर कथा वर्तमान विशाल नेपाल निर्माण हुनुभन्दा पहिलेकै हो। तीन सय वर्ष अघिको पर्वतराज्यको एउटा ऐतिहासिक कालखण्डलाई महारानी उपन्यासले उधिनेको छ। बाइसे चौबिसे राज्यहरूमा पर्वत राज्य शक्ति सम्पन्न र

प्रभावशाली थियो भन्ने कुरा उपन्यासले अघि सारेको छ। प्रगतिवादी वैचारिकी उपन्यासमा प्रतिविम्बित भएको छ। नत्र पुल बनेको खुसीयालीमा राजाको तरबार समातेर ढल्के पुनले बली मार हान्न पाउँदैन थिए। यस उपन्यासमा दारबारमा राजारानीको भन्दा भाइभारादारको राय प्रबल रहेको छ।

महारानी उपन्यासको निष्कर्षमा भन्नुपर्दा पृथ्वीनारायण शाहको समयभन्दा अगाडि पर्वतमा मलेबम मल्ल राजा भएको र सो राज्यका राजा घनश्याम मल्ल भएको, घनश्यामको निधनपछि मलेबम राजा भएको, छुट्टै राज्यका रूपमा पर्वतको उदय खस साम्राज्य टुक्रिएपछि भएको, त्यस अघि पर्वतमा मगरहरूको राज्य भएको र उनीहरू जुम्ला-अधीनस्थ भएको कुरा उल्लेख छ। बाइसी राज्यहरूमध्येको ठूलो र शक्तिशाली जुम्ला मलयबमपछि विघटन भएको, अंश भागमा रुकुम मलयबमका माहिला छोरा पीताम्बरको हातमा आएको, वंशावलीअनुसार पर्वत, निसीभुजीका मगरहरूले पीताम्बरका नाति आनन्दबमलाई पर्वत ल्याई राजा थापेको, आनन्दबमका नाति दिलीपबम उर्फ डिम्बको समयमा पर्वतको बिस्तार भएर बीस हजार पर्वत निर्माण भएको, डिम्बका नाति प्रतापी नारायणले छोराहरूलाई राज्य भाग लगाइदिएर माहिला छोरा राजबमलाई सोह्र हजार पर्वतको राजा बनाएको र घनश्याम उनै राजबमको वंशका राजा भएको निष्कर्ष निकालिएको छ। तत्कालीन पर्वत राज्य हालको पर्वत जिल्लासहित बेनी र उत्तरपश्चिममा मुस्ताङसम्म फैलिएको, खेती उब्जाउको उर्वराभूमि कम भएको, मुस्ताङ हुँदै भोटसँगको व्यापार गर्ने मार्गका रूपमा पर्वतको महत्व भएको, व्यापारका अलावा पशुपालन पर्वतको अर्को आयस्रोत भएको, तामा र फलाम खानीले पर्वतको समृद्धिमा महत्वपूर्ण सहयोग गरेको, पर्वतको इतिहासमा डिम्बपछिको प्रसिद्ध राजामा मलेबमको नाम भएको मलेबम शासित पर्वतलाई 'मलेबम पर्वत' भन्न थालिएको कुरा उल्लेख छ। मलेबम राजा भए लगत्तै यिनले सौतेला भाइ भद्रीबम (भर्तीबम)को हत्या गरेको कुरा उपन्यासमा राखिएको छ। भद्रीबमको हत्यापछि उनकी रानीले बेनी नजिक कुरिलाखर्कमा झुन्डिएर आत्महत्या गरेको र तिनै रानीकी एक बाहुनी सेविकाले पनि आत्महत्या गरेको भन्ने कुरा उपन्यासमा छ। उपन्यासकारले उपन्यासमा कतै विश्वप्रभा साधुनी भएर वनारस बसेको र कतै भुन्डिएको भन्ने कुराले उपन्यास बुझ्न गाह्रो भएको निष्कर्ष निकालिएको छ। उपन्यासमा अर्को नबुझिने पक्ष मलेबमले भद्रीको हत्या किन गरे, भद्रीबमकी रानी को थिइन् भन्नेबारे कुनै औपचारिक अभिलेख भने पाइएको छैन भनिएको छ। बेनी क्षेत्रमै 'कुरिलाखर्कको

महारानी'लाई धूप दिने, गोठ पूजामा भाग छुट्याउने र देवीका रूपमा पूजा गर्ने प्रचलन पनि विकसित भएको, यो परम्परा सुरु भएको लगभग सय वर्ष जति भएको, पछिल्लो समय कुरिलाखर्कमा महारानीको मन्दिर पनि बनाइएको तर यी महारानी को थिइन्, यिनी किन पुजिइन्, कसरी देवी भइन् जस्ता कुराको कुनै भरपर्दो जवाफ उपन्यासमा पाइँदैन। महारानीको यही रहस्यलाई चन्द्रप्रकाश बानियाँले 'महारानी' उपन्यासमार्फत खोजी गरेका छन्। बानियाँले महारानीलाई राजा घनश्यामको उत्तराधिकारीलाई लिएर पर्वत दरबारमा भएको विवादसँग जोडेका छन्। घनश्यामले जेठी रानी लमजुङे राजकुमारी गुलबदनबाट लामो समयसम्म जायजन्म नभएपछि कान्छी रानीका रूपमा जुम्ली राजकुमारी जयन्तीलाई भित्याएका थिए। कान्छी रानी गर्भवती भएको केही समयपछि जेठी रानी पनि गर्भवती भइन्। गर्भवती कान्छी रानी जुम्लामा थिइन्। यता जेठी रानीले गर्भवती भएको सात महिनामै मेलबमलाई जन्म दिइन्। जुम्लामा रहेकी कान्छी रानीबाट त्यसपछि मात्र भद्रीबमको जन्म भयो। कान्छी पर्वत फर्किनन्, त्यहीँ उनको मृत्यु भयो। यता जन्मको जेठा भएका कारण मलेबमलाई युवराज घोषणा गरियो र विवाह गर्न देउपुर र खाँचीबाट राजकुमारीहरूको डोला पनि झिकाइयो। त्यही समय पर्वत आएका भद्रीबमले आफू गर्भको जेठो भएकाले युवराज हुनुपर्ने दाबी प्रस्तुत गरे। पर्वत दरबारमा उब्जेको गर्भको जेठो र जन्मको जेठोमध्ये जेठो हुने आधार कुन हो भन्ने मुद्दालाई उपन्यासले आधार बनाएको छ।

उपन्यासले आजभन्दा तीन सय वर्ष अघिको पर्वतको समाजलाई प्रस्तुत गरेको छ। कथाको पृष्ठभूमिको रूपमा तत्कालीन जनजीवन, न्यायव्यवस्था, रहनसहन, राजनीति आदिलाई चित्रण गरिएको छ। जन्मको जेठोलाई दरबारले आधार मानेपछि भद्रीले भाइअंश दाबी गरे। राज्य विभाजनलाई पनि दरबारको भारदारी सभाले अस्वीकार गऱ्यो। भद्रीले अन्तिम अस्त्रस्वरूप मलेबमसँग विवाह गर्न झिकाएकी देउपुरकी राजकुमारी विश्वप्रभा र जीविकोपार्जनका लागि राज्यलाई कर तिर्न नपर्ने जागिरको माग गरे। डोला झिकाइएकी दुई राजकुमारीमध्ये विश्वप्रभा मेलबम र सम्पूर्ण दरबारले रुचाइएकी राजकुमारी थिइन्। राज्य विभाजन जोगाउन विश्वप्रभालाई भद्रीसँग विवाह गराइयो र जागिरस्वरूप ज्याम्रिङकोट उपलब्ध पनि गराइयो। तर भद्रीले चित्त बुझाएनन्। जुम्लाका राजा भद्रीलाई पर्वतको उत्तराधिकारी बनाउन चाहन्थ्यो। त्यसैले, भद्रीको आडमा जुम्लाले पर्वतविरुद्ध योजना बनाइरह्यो। करबलले भद्रीसँग विवाह गर्नु परेकी विश्वप्रभाले षड्यन्त्रको नालीबेली मलेबमलाई अवगत गराइन्। पर्वतले भावी युद्धबाट राज्यलाई जोगाउन

षड्यन्त्रकारीहरूलाई बेलैमा सफाया गर्नुपर्ने निष्कर्ष र पर्वते सेनाको कारबाहीमा भद्री र जुम्लाबाट भद्रीलाई सहयोग गर्न खटिएका जुम्लाका कमल जैसीको हत्या भयो। भद्रीको हत्यापछि विश्वप्रभा पर्वतमै बस्न थालिन्। विश्वप्रभालाई पर्वतकी संरक्षक र महारानीको दर्जा दियो। उनी कुरिलाखर्कको पुरानो दरबारमा रहँदै आएकी थिइन्। त्यहीँबाट यिनी कसैलाई थाहै नदिई सन्न्यास ग्रहण गरेर विन्द्रावनतिर लागिन्। विश्वप्रभा बेपत्ता भएपछि गएको ठूलो भुइँचालोमा परी कुरिलाखर्क पहिरोमा भासियो। महारानीसँग सम्बन्धित धेरै कुरा पहिरोसँगै विलीन भयो। तर पर्वतवासीले महारानी विश्वप्रभालाई बिर्सन सकेनन्, पर्वतलाई जोगाउने देवीको कायाकल्प भयो। उपन्यासमा स्थानीय समाजमा देवीका रूपमा प्रचलनमा रहेकी महारानी अरू कोही नभएर तिनै राजकुमारी विश्वप्रभा हुन् उपन्यासको निष्कर्ष छ।

उपन्यासमा तत्कालीन जनजीवन, न्यायव्यवस्था, रहनसहन, राजनीति आदिलाई चित्रण गरिएको छ। घनश्यामले उदार, धार्मिक, प्रजावत्सल र विवेकी राजाको रूपमा पर्वतका जनताको विश्वास आर्जेको देखिन्छ। भारदारहरू पनि आफूभन्दा राज्यको लागि मरिमेट्ने प्रवृत्तिका थिए। दरबार विद्वान्हरूबाट विभूषित थियो। उपन्यासको परिवेशलाई जीवन्त तुल्याउन लेखकले पात्रहरूले बोल्ने भाषालाई प्राचीनता दिने प्रयास पनि गरेका छन्। उपन्यासमा पर्वत राज्य निर्माण र सङ्कचनको वृत्तान्त, छिमेकी राज्यसँगका वस्तुचरन र सीमासम्बन्धका विवाद, ज्यान मुद्दाको फैसला, विफरको महामारीमा गरिएको माई पूजा, जारी बिहे, डिम्बबमको समाधि र जगन्नाथ मन्दिरको किंवदन्ती, उत्तरगङ्गामा लाग्ने पुर्नेको मेला, भद्रिबम र डिल्ली भुजेलको मित्रता लगायतका रोचक उपकथा जोडिएको छ। यस क्रममा गरिएको घटना, चरित्रको नाटकीय प्रस्तुति र तत्कालीन देशकालको पुनर्निर्मित चित्रण रहेको छ।

उपन्यासमा निष्कण्टक पर्वत राज्यका राजा महाराज घनश्याम भएको, प्रजापालक र न्यायमूर्ति त थिए नै गुनीज्ञानी अति चातुर पनि थिए। अहिंसावादी र एक किसिमका अजातशत्रु नै थिए किनभने उनको शासनकालमा पर्वतले न कतै आक्रमण गऱ्यो न कुनै राज्यबाट पर्वतमाथि धावा बोलियो। उनको धीर, गम्भीर स्वभावको उपन्यासभरि चर्चा छ। डिम्बबम र प्रतापीनारायण जस्ता उनका पूर्वजहरूको बारम्बार चर्चाले उनको जन्म चानेचुने कुलमा भएको हैन भन्ने पनि जनाउँछ। उनको समयमा पर्वतमा एक प्रकारको रामराज्य नै भयो। सकेसम्म प्रजाहरूलाई मार्नु पर्ने गरी निर्णय गरेनन्। महारानी उपन्यासमा नागरिकको योगदानको कदर नगर्ने र गुनासो सुनुवाइलाई महत्व नदिने

दरबारको सत्तास्वार्थमा केन्द्रित चरित्रको आलोचना गरिएको छ। सामाजिक र सांस्कृतिक कर्महरूमा सबै जातजातिको जिम्मेवारीपूर्ण उपस्थिति, स्थानीय स्रोत र साधनको उपयोगबाट म्याग्दी नदीमा काठेसाँघु बनाएका ढल्के पुनको राजसभामा सम्मानजनक रहेको पाइन्छ। उपन्यासमा प्यूठाने फलामबाट स्थानीय आरनमा हतियार निर्माण गरेको, खेतीयोग्य जमिन अति कम भए पनि पर्वतको आयस्रोत भनेको बेनीको बढ्दो व्यापार र खानीहरू रहेको, व्यापारिक प्रयोजनका लागि देशी मोहर र तोला बराबरका तामाका टुक्राहरू प्रचलनमा ल्याइएको निष्कर्ष छ।

महारानी उपन्यासमा तत्कालीन सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक वस्तुस्थितिको सूक्ष्मताबोध हुनुका साथै अतीत र वर्तमान समयलाई नियाल्दै स्पष्ट अन्तर्दृष्टि प्राप्त हुन्छ। यसले गर्दा इतिहासको निश्चित कालखण्डका नाटकीय घटना र परिस्थितिअनुसार चल्न सिकाउँछ भन्ने निष्कर्ष निकालिएको छ। 'महारानी'मा विशेषगरी मलेबम र विश्वप्रभाप्रतिको न्यायिक दृष्टिकोणमा आधारित तथ्यहरूले महत्व पाएका छन् भने यी दुई पात्रको प्रेम, रोमान्स, वियोगान्त सम्झौता, राज्यका लागि गरेका त्याग र विश्वप्रभाको महारानी पदवी प्राप्त गराउन महारानी उपन्यास सफल भएको छ। उपन्यासमा कथाले मागेका मुख्य पात्रहरू ऐतिहासिक भए पनि सहायक र गौण पात्रहरू तत्कालीन समाजको प्रतिनिधित्व उपन्यासले गरेको छ। नायिका महारानीको बलिदान र सन्यासीले उपन्यास वियोगान्त देखिएको छ। उपन्यासमा सन्यासिनी महारानीको ऐतिहासिक र सामाजिक आधारभूमिमा आफ्नो काल्पनिक संसार खडा गर्न सफल छन्। उपन्यासमा कोटपूजा, निशानपूजा, दोखपूजा, झाँक्रीपूजा, मौलोपूजा, माईपूजा, समयपूजा, गोठधूप, कुलपूजा, भिउसुनपूजा, देउतीपूजा, वायूपूजा, वालीपूजा, पानीपूजा' जस्ता परम्परित संस्कृतिलाई कोट्याइएको छ। प्राकृतिक सौन्दर्यको वर्णन यस उपन्यासमा गरिएको छ। उपन्यासमा नवीन भाषाशैलीको प्रयोगले भएको देखिन्छ भने तत्कालीन समाजभाषाको प्रतिबिम्ब भने उत्रिएको छैन। महारानी उपन्यासमा इतिहासमा सुनिएका र कतै नसुनिएका बाइसे, चौबिसे र भुरेटाकुरे राज्यहरू ताकम, गलकोट, अर्नाकोट, सर्पकोट, अर्घा, खाँची, देउपुर, गोर्खा, लम्जुङ, तनहुँ, पाल्पा, प्युठान, मुसिकोट, भीरकोट, निसी, रुकुम, जुम्ला लगायतका राज्यहरूसँगको सम्बन्धलाई देखाइएको छ। उपन्यासको अर्को पक्ष दरबारमा सबै ओहदा र थरका मानिसहरूको प्रतिनिधित्व थियो भन्ने देखाउन 'राजगुरु रामेश्वर पन्त, राजज्योतिषी चामु पाध्या, पण्डित शिरोमणि आनन्द रेग्मी, ज्ञानविशारद प्रेमनिधि पन्त,

बडाकाजी मकरध्वज, गाउँबूढा मणिरञ्जन बानियाँ, दिष्याली कृष्ण कार्की, अष्याली चिन्तामणि, काजी कालु थापा, कपर्दार सुमन्त बानियाँ, द्वारे ताराचन जस्ता भारदारहरू र अन्य भान्से, सुसारे, टहलुवा, सयश, पहरेदार, सिपाही जस्ता सबै थरका सहयोगी कारिन्दालाई उपन्यासमा उपन्यासकारले अटाएको पाइन्छ। राज्यको हरेक निर्णयमा भाइभारदारहरूलाई पनि जबाफदेही बनाए। राम्रो काम गर्ने ( पुल बनाउने, बन्दुक बनाउने) लाई पुरस्कृत गरे। उपाय लागेसम्म सन्धिसुलहबाटै समस्या समाधान गरे। राजनीतिक दाउपेचमा उनलाई च्याँखे थापेका छन् तर भारदारहरूले राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्न प्रयत्न गरेका छन्। बरु राजपरिवार नै सत्ता टिकाउनका लागि राज्यको भागबन्डा गर्ने मनसायमा पुगेको देखिन्छ। देशको माया शासकलाई भन्दा जनतालाई हुने रहेछ क्यारे। धेरै हदसम्म महाराज घनश्यामको राज्य व्यवस्था उचित देखिन्छ। तिनै राजा घनश्यामका मलेबम र भद्रिबम नामका छोरा थिए। अरू छोराहरू भए तापनि उपन्यासमा तिनको प्रभाव न्यून छ। लम्जुङ्गे राजकुमारी गुलबदनाबाट सात महिनामा मलेबम जन्मिए। जुम्लाकी राजकुमारीबाट नौ महिनामा भद्रीबम जन्मिए। जन्मका आधारमा मलेबम जेठा र गर्भका आधारमा भद्रीबम जेठा भए। विवाद चर्कँदै जाँदा पर्वतको भारदारी सभाले मलेबमलाई जेष्ठतासहित उत्तराधिकार दियो। मलेबमलाई सत्ताभार सुम्पेर राजा घनश्याम कासीवासतिर लागे। भद्रीबमको राजा हुने आकांक्षा, डिल्ली भुजेलको काजी बन्ने लालसा र जुम्लाको पर्वतलाई कमजोर बनाउने उद्देश्यले पर्वतको राजनीतिलाई कालीगण्डको भुमरीमा हुत्याइदियो। खासमा उपन्यासको आधा भागसम्म पुग्दा पनि गतिलो द्वन्द्वको अभाव खट्किरहन्छ। उपन्यासमा तत्कालीन समाजका वास्तविकताहरूलाई जम्मा गर्न उपन्यासकारले आफ्नो कल्पनाशक्तिलाई सकेसम्म उपयोग गर्न खोजेको निष्कर्ष निकालिएको छ। महारानी उपन्यासले पर्वतको इतिहास कथेपछि काठमाडौं बाहिरका भुरे टाकुरे राज्यका इतिहास पनि कम आकर्षक छैनन् भन्ने निष्कर्ष निकालिएको छ। जात, धर्म, संस्कृति मात्र किनारीकृत नहुँदा रहेछन् इतिहासमा पनि केन्द्रीय प्रभुत्व हाबी हुँदोरहेछ। सबै राज्यमा सत्तामाथि छिनाझपटी हुन्छन्, सौतेनी मामला हुन्छन्, राष्ट्रका नाममा निर्दोषले बली हुनुपर्छ। सबै राज्य एउटा हस्तिनापुर हो, एउटा कुरुक्षेत्र हो र त्यहाँ पनि महाभारत हुन्छ। अर्जुन, कृष्ण, कर्ण, कुन्ती, द्रौपदी, गान्धारीहरू हुँदारहेछन्। पर्वते समाजमा महारानीलाई धुप धुवाँर गर्ने र ध्वजा पताका चढाउने प्रचलनको ऐतिहासिकता महारानी उपन्यासको निष्कर्षका रूपमा रहेको छ।

## सन्दर्भ सामग्री

**अधिकारी, इन्द्रविलाश** (२०६१) पश्चिमी साहित्य सिद्धान्त, **काठमाडौँः साझा प्रकाशन ।**

**अधिकारी, रमा** (२०७७) ***भातृद्वन्द्वको कहरमा महारानी,*** साहित्य पोष्ट, **७ जेष्ठ ।**

**अलङ्कार, रूपक** (२०७७) ***महारानी उपन्यास :पर्वते इतिहास र भुरे टाकुरे राज्यका प्रतिको आकर्षण,*** लोक संवाद पत्रिका, **१५ कार्तिक ।**

**आचार्य, कृष्णप्रसाद र कृष्णबहादुर बस्नेत** (२०६३) आधुनिक नेपाली उपन्यास र कथा, **काठमाडौँः दीक्षान्त पुस्तक प्रकाशन ।**

**गैरे, ईश्वरीप्रसाद** (२०६३) आधुनिक नेपाली आख्यान, **काठमाडौँः क्षितिज प्रकाशन ।**

**गौतम, कृष्णप्रसाद** (२०५९) आधुनिक आलोचना : अनेक रूप अनेक पठन, **काठमाडौँः साझा प्रकाशन ।**

**गौतम, भीमलाल** (२०७७) ***महारानीः खोज र अनुसन्धानमा प्रेरणा भर्ने उपन्यास,*** साहित्य पोष्ट, **८ पुष ।**

**जोशी, केशवराज** (२०७७) **७० वर्षको उमेरमा मदन पुरस्कार पाउँदा गौरव लागेको छ' शिलापत्र अनलाइन, ४ असोज ।**

**त्रिपाठी, वासुदेव** (**२०३५**) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २) **काठमाडौँः साझा प्रकाशन ।**

**थापा, मोहनहिमांशु** (२०५०) साहित्य परिचय (**चौ.सं.**) **काठमाडौँः साझा प्रकाशन ।**

**थापा, दिनबहादुर** (२०७७) ***समाजको अनुहार झल्किने 'महारानी',*** सेतोपाटी, **२ माघ ।**

**दाहाल, खेम** (२०६७) उपन्यासका केही पाता, **विराटनगरः वाणी प्रकाशन ।**

**न्यौपाने, टङ्कप्रसाद** (२०४९) साहित्यको रूपरेखा (**दो.सं.**), **काठमाडौँः साझा प्रकाशन ।**

**पनेरु, राजिन** (२०७१) ***यौन सिकारमा छचल्किएको आँसु,*** **काडमाडौँः** कमाण्डर पोष्ट, **साउन ।**

**परियार, दीपक** (२०७७) ***चर्चामा चन्द्रप्रकाश,*** कान्तिपुर दैनिक, **८ आश्विन ।**

**प्रधान, कृष्णचन्द्र सिंह** (२०५२) नेपाली उपन्यास र उपन्यासकार (ते.सं.) **काठमाडौं: साझा प्रकाशन ।**

**प्रधान, कृष्णप्रसाद सिंह** (२०६१) नेपाली उपन्यास र उपन्यासकार (**चौ.सं.**) **काठमाडौं: साझा प्रकाशन ।**

**प्रधान, प्रतापचन्द्र** (२०४०) नेपाली उपन्यास परम्परा र पृष्ठभूमि, **काठमाडौं: साझा प्रकाशन ।**

**पोखरेल, बालकृष्ण** (२०४०) नेपाली बृहत् शब्दकोश, **काठमाडौं: साझा प्रकाशन ।**

**पौड्याल, कृष्णविलास** (२०५९) नेपाली आख्यान र नाटक, **काठमाडौं: नवीन प्रकाशन ।**

**बस्नेत, कृष्णबहादुर** (२०५९) आधुनिक नेपाली उपन्यास, **काठमाडौं: दीक्षान्त पुस्तक भण्डार ।**

**बराल, ऋषिराज** (२०५६) उपन्यासको सौन्दयशास्त्र, **पुलचोक: रत्न पुस्तक भण्डार ।**

**बराल, कृष्णहरि र नेत्र एटम.** (२०६६) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.). **ललितपुर : साझा प्रकाशन ।**

बानियाँ, राजकुमार (२०७७) **गुमनामलाई मदन पुरस्कार !, साहित्य पोष्ट, ७ आश्विन ।**

भट्टराई, अनिष (२०७७) **किताब बिक्रीको पैसाले एक छाक खाना पनि खाएको छैन, इकागज अनलाइन पत्रिका, १४ पुस ।**

**राई, इन्द्रबहादुर** (२०५८) नेपाली उपन्यासका आधारहरू (ते.सं.), **काठमाडौं: साझा प्रकाशन ।**

**रेग्मी, मुरारीप्रसाद** (२०५०) मनोविश्लेषणात्मक समालोचना (**उपन्यास खण्ड दो.सं.**), **काठमाडौं: साझा प्रकाशन ।**

लोहनी, राम (२०७६) *महारानी नबनेकी महारानी*, अन्नपूर्ण पोष्ट, **४ माघ ।**

**श्रेष्ठ, दयाराम र मोहनराज शर्मा** (२०४०) नेपाली साहित्यको संक्षिप्त इतिहास (**दो.सं.**) **काठमाडौं: साझा प्रकाशन ।**

**शर्मा, तारानाथ** (२०६९) नेपाली साहित्यको इतिहास (**दो.सं.**), **काठमाडौं: सङ्कल्प प्रकाशन ।**

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६१) पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०६१) नेपाली साहित्य र नेपाली साहित्यको संक्षिप्त इतिहास (सातौं संस्करण), काठमाडौँ: साझा प्रकाशन ।

शर्मा, योगेन्द्र (२०६९) उपन्यासकार अमर न्यौपानेको सेतो धरती उपन्यासको अध्ययन, धरानः (अप्रकाशित शोधपत्र) महेन्द्र बहुमुखी क्याम्पस ।

शर्मा, ध्रुवसागर (२०७७) के छ महारानी उपन्यासमा, को हुन् बानियाँ ?, हाम्रा कुरा अनलाइन खबर, ६ असोज ।

शर्मा, बिन्दु (२०७७) *समर्पणको ऐतिहासिक उपन्यास,* कान्तिपुर दैनिक, २४ आश्विन ।

शाही, रामकुमार (२०७७) *मदन पुरस्कार पाउने कल्पनासम्म पनि गरेको थिइनँ* हिमाल खबर, ४ असोज ।

श्रेष्ठ, मनोजकुमार (सन् २०२०) कान्तिपुर दैनिक, २२ अक्टोबर ।

सुवेदी राजेन्द्र (२०६४) नेपाली उपन्यास परम्परा र प्रवृत्ति (दो.सं.), काठमाडौँ: साझा प्रकाशन ।

स्वतन्त्र विश्वकोश, *चन्द्रप्रकाश बानियाँको चर्चा,* नेपाली विकिपिडियाबाट (२०७८।१।१३) ।

परिशिष्ट-१ : लेखक



परिशिष्ट-१ : महारानी उपन्यास

